# सौर्य दैनिक

www.souryaonline.com

वर्ष १५ अंक २९ शुक्रबार, ६ चैत २०८२ | SOURYA NATIONAL DAILY | Friday, 20 March 2026 | पृष्ठ : ८+४ | मूल्य रू. ५


■ आयोगले राष्ट्रपतिसमक्ष बुझायो निर्वाचन प्रतिवेदन

# प्रधानमन्त्री नियुक्ति र मन्त्रिपरिषद् गठनको बाटो खुल्यो

■ कृष्ण उप्रेती



काठमाडौँ । निर्वाचन आयोगले राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष प्रतिनिधिसभा निर्वाचनको प्रतिवेदन पेस गरेको छ । बिहीबार आयोगका कार्यवाहक प्रमुख आयुक्त रामप्रसाद भण्डारीले प्रतिवेदन पेस गरेका हुन् । सो अवसरमा राष्ट्रपति पौडेलले कठिन र जटिल परिस्थितिमा पनि निर्वाचन सफलतापूर्वक सम्पन्न भएकामा खुसी व्यक्त गर्दै निर्वाचन आयोग, राष्ट्रसेवक कर्मचारीसहित सम्बद्ध सबै पक्षलाई धन्यवाद दिए । 'फागुन २१ गते प्रतिनिधिसभा सदस्य निर्वाचन स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गरी आयोगले आफ्नो जिम्मेवारी सफलतापूर्वक पूरा गरेको छ,' राष्ट्रपतिले भने, 'निर्वाचन आयोग र निर्वाचन प्रणालीप्रति आमनागरिकको विश्वास अभिवृद्धि भई लोकतन्त्र अझ मजबुत भएको मैले अनुभूत गरेको छु ।'

यससँगै नयाँ सरकार गठनको प्रक्रिया पनि अघि बढेको छ । संविधानको धारा ७६(८) अनुसार प्रतिनिधिसभा निर्वाचनको अन्तिम परिणाम घोषणा भएको ३५ दिनभित्र प्रधानमन्त्री नियुक्तिसम्बन्धी प्रक्रिया सम्पन्न गर्नुपर्ने हुन्छ । यस पटक संविधान जारी भएपछि पहिलो पटक संविधानको धारा ७६(१) अनुसारको सरकार गठन हुँदै छ । धारा ७६ को उपधारा (१) मा 'राष्ट्रपतिले प्रतिनिधिसभामा बहुमतप्राप्त संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्ने र निजको अध्यक्षतामा मन्त्रिपरिषद्को गठन हुने' व्यवस्था छ ।

रास्वपा एक्लैका तर्फबाट संसद्मा झन्डै दुई तिहाइ सांसद रहेकाले संविधानको धारा ७६(१) अनुसार संसदीय दलको नेता प्रधानमन्त्री नियुक्त हुने छन् । रास्वपाले पार्टीका वरिष्ठ नेता बालेन्द्र शाह (बालेन)लाई प्रधानमन्त्रीका रूपमा अघि सारिसकेकाले यसका लागि पार्टीको संसदीय दलको बैठकमार्फत् बालेनलाई चाँडै दलको नेता चुन्नेछ । प्रत्यक्षतर्फ १६५ र समानुपातिकतर्फ ११० गरी २७५ सिटमध्ये १८२ सांसद रास्वपाबाट विजयी भएका छन् भने कांग्रेसबाट ३८, एमालेबाट २५, नेकपाबाट १७, श्रम संस्कृति पार्टीबाट ७ र राप्रपाबाट ५ तथा १ स्वतन्त्र सांसद निर्वाचित भएका छन् ।

## ■ सांसदहरूको शपथ १२ गते दिउँसो २ बजे



संसद् भवनको सभाकक्ष तयार नहुन्जेलका लागि बहुउद्देश्यीय हलमा तयार गरिएको प्रतिनिधिसभा अस्थायी बैठक कक्ष

संघीय संसद् सचिवालयका अनुसार नवनिर्वाचित सांसदहरूको शपथग्रहण चैत १२ गते दिउँसो २ बजे हुने भएको छ । यसका लागि संसद् सचिवालयले आवश्यक तयारी सुरु गरिसकेको र त्यसअघि ज्येष्ठ सदस्यलाई राष्ट्रपतिमार्फत् शपथग्रहण गराउने तयारी भएको प्रवक्ता एकराम गिरीले बताए । प्रवक्ता गिरीका अनुसार सांसदहरूको शपथग्रहणअघि ज्येष्ठ सदस्यको पहिचान गरी राष्ट्रपतिसमक्ष शपथ गराइनेछ भने त्यसपछि ज्येष्ठ सदस्यले अन्य सांसदहरूलाई शपथ गराउनेछन् । सचिवालयले ज्येष्ठ सदस्यहरूमध्ये शपथग्रहणका लागि ३ जनाको नाम राष्ट्रपति कार्यालय पठाउनेछ र त्यसमध्ये सबैभन्दा ज्येष्ठ १ जनालाई शपथग्रहण गराइनेछ । सचिवालयले प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने ६ वटा राजनीतिक दलहरूलाई बिहीबार बोलाई शपथग्रहण, अभिमुखीकरण कार्यक्रम तथा संसदीय दलको कार्यालय व्यवस्थापनसम्बन्धी विषयमा छलफल गरेको थियो । सचिवालयले बिहीबार नै दलहरूलाई दलको कार्यालयसमेत उपलब्ध गराएको छ ।

## ■ चुनावमा ५ अर्ब ३७ करोड खर्च, प्रतिमतदाता लागत २८४ रुपैयाँ

काठमाडौँ । यस पटकको निर्वाचनका लागि आयोगले सरकारसँग ७ अर्ब ८१ करोड ५ लाख ७६ हजार रुपैयाँ माग गरे पनि अर्थ मन्त्रालयले ६ अर्ब ७६ करोड ६६ लाख ९० हजार रुपैयाँको मात्र स्रोत सहमति दिएको थियो । तर, आयोगले उक्त रकममध्ये पनि हालसम्म करिब ३ अर्ब ५४ करोड २८ लाख मात्र खर्च गरेको छ भने भुक्तानी गर्न बाँकी रकमसमेत जोड्दा निर्वाचनको कुल खर्च ५ अर्ब ३७ करोड रुपैयाँ भएको आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले बताए । यसमा केही दायित्व अझै बाँकी रहेकाले आँकडामा फेरबदल हुनसक्ने उनले जनाए ।

त्यस्तै, एकल चुनाव चिह्न लिई संयुक्त रूपमा निर्वाचनमा भाग लिनका लागि १२ दलले ५ वटा र १०२ राजनीतिक दलले आ-आफ्नो चुनाव चिह्न लिई निर्वाचनमा भाग लिने गरी जम्मा ११४ दलले १०७ वटा चुनाव चिह्नमा चुनाव लड्न दल दर्ता भएकामा प्रत्यक्षतर्फ ६१ वटा चुनाव चिह्नमा ६५ दल र समानुपातिकतर्फ ५७ वटा चिह्नमा ६३ दल निर्वाचनमा सहभागी भएका थिए । निर्वाचनमा प्रत्यक्षतर्फ १ करोड ११ लाख ६८ हजार ३२ मतदाताले मतदान गरेकामा १ करोड ५ लाख ५९ हजार १७ अर्थात् ९४.५५ प्रतिशत मत सदर र ५.४५ प्रतिशत मत बदर भएको आयोगले जनाएको छ । यस्तै समानुपातिकतर्फ १ करोड १२ लाख ८० हजार ८१७ मतदान भएकामा १ करोड ८ लाख ३५ हजार २५ अर्थात् ९६.०५ प्रतिशत मत सदर भएकामा ३.९५ प्रतिशत मत बदर भएको छ । यसरी दुवै निर्वाचन प्रणालीतर्फ गरी औसत बदर मतको प्रतिशत ४.७ रहेको आयोगका प्रवक्ता भट्टराईले बताए ।

## १३ चैतमा लिनेछन् बालेनले प्रधानमन्त्रीको शपथ



शीर्ष नेताहरूको छलफलमा प्रधानमन्त्रीका रूपमा बालेनको शपथ लिने मितिसमेत तय भएको रास्वपाका एक नेताले बताए । उनका अनुसार चैत १३ गते बालेनले प्रधानमन्त्रीको शपथ लिनेछन् । सो दिन रामनवमीसमेत परेकाले बालेनकै चाहनाअनुसार १३ गतेकै दिन प्रधानमन्त्रीको शपथ लिने तय भएको जनाइएको छ । यसका लागि पूर्वसहमतिअनुसार १२ गते सांसदहरूको शपथअघि बस्ने केन्द्रीय समिति बैठकले बालेनलाई दलको नेताका रूपमा सर्वसम्मत गर्ने निर्णय गर्नेछ भने त्यसपछि बस्ने संसदीय दलको बैठकले आवश्यक प्रक्रिया पूरा गर्नेछ । उच्च स्रोतका अनुसार बिहीबार भएको शीर्ष नेताहरूबीचको भेटमा सरकार गठनदेखि मन्त्रिमण्डलको आकार तथा पहिलो मन्त्रिपरिषद् बैठकको एजेन्डालगायत विषयमा छलफल भएको थियो । केही दिन अझै शीर्ष नेताहरूबीच नियमित छलफल हुने जनाइएको छ ।

सरकार गठनको औपचारिक प्रक्रिया सुरु भएसँगै रास्वपाका शीर्ष नेताहरू सरकार गठन तथा मन्त्री चयनका विषयमा छलफलमा जुटेका छन् । निर्वाचन परिणामपछि बिहीबार दिउँसो रास्वपाका शीर्ष नेताहरू पहिलो पटक सरकार गठनबारे छलफल गर्न एक ठाउँमा भेला भएका थिए । पार्टी सभापति रवि लामिछाने, वरिष्ठ नेता बालेन र उपसभापतिहरू डिपी अर्याल र डा. स्वर्णिम वाग्लेबीच करिब २ घन्टा यस विषयमा छलफल भएको थियो । डा. वाग्लेले यसबारे सार्वजनिक गर्दै ४ नेताहरूबीच भएको भेटघाटको तस्बिर सामाजिक सञ्जालमा समेत राखेका छन् ।

## रविको मुद्दा अल्झिएको अल्झियै

### ४ दिनको सुनुवाइपछि महान्यायाधिवक्ताको पछिल्लो निर्णय झिकाउन आदेश

■ सौर्य समाचार



काठमाडौँ । सर्वोच्च अदालतले राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेविरुद्धको अभियोगपत्र संशोधन गर्ने निर्णयविरुद्धको रिटमा महान्यायाधिवक्ताको संशोधित निर्णयको सक्कल प्रति पेस गर्न आदेश दिएको छ । बिहीबार न्यायाधीशद्वय शारंगा सुवेदी र सुनिलकुमार पोखरेलको संयुक्त इजलासले लामिछानेमाथिको सम्पत्ति शुद्धीकरण र संगठित अपराधसम्बन्धी अभियोगपत्र संशोधन गर्ने महान्यायाधिवक्ता कार्यालयको पछिल्लो निर्णयसम्बन्धी सक्कल कागजात पेस गर्न आदेश दिएको हो ।

सो रिटमाथि न्यायाधीशद्वय सुवेदी र पोखरेलको इजलासमा ४ दिन निरन्तर सुनुवाइ भएको थियो । ४ दिन दुवै पक्षबाट बहस भएकामा बिहीबार रिट निवेदकको तर्फबाट जबाफी बहस सकिएपछि आदेश आउने अनुमान गरिएकामा कागजात मगाउँदै ९ चैतका लागि पेसी तोक्न आदेश दिएको हो । यससँगै उक्त जुनसुकै इजलासमा पनि सुनुवाइ हुन सक्ने भएको छ भने पुनः सुरुबाटै सुनुवाइ थाल्नुपर्ने अवस्थामा पनि पुगेको छ ।

महान्यायाधिवक्ता सविता भण्डारीले लामिछानेको मुद्दामा अभियोगपत्र संशोधन गर्ने निर्णय गरेकी थिइन् । सो निर्णयविरुद्ध वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीलगायतले सर्वोच्चमा रिट दायर गरेका थिए । सुरुमा लामिछानेको मात्रै अभियोगपत्र संशोधन गरेर संगठित अपराध र सम्पत्ति शुद्धीकरणको कसुर हटाउने निर्णय गरेको महान्यायाधिवक्ता कार्यालयले २ माघमा उनीसँग जोडिएका सहकारीका सबै प्रतिवादीविरुद्ध सहकारी ठगीबाहेक अन्य कसुरका अभियोग हटाउने निर्णय गरेको थियो । सोही निर्णय मिसिलमा नदेखिएको भन्दै इजलासले कागजात झिकाउन आदेश गरेको हो ।

आदेशमा महान्यायाधिवक्ताको कार्यालयले मातहतका जिल्ला सरकारी वकिल कार्यालयलाई अभियोगपत्र संशोधनका लागि २०८२ पुस ३० गते दिएको निकास र सोही सम्बन्धमा २०८२ माघ २ मा भएको 'त्रुटि सच्याउने' निर्णयको प्रतिलिपि मगाइएको छ । 'सम्पत्ति शुद्धीकरण र संगठित अपराधतर्फको अभियोग संशोधन गर्ने गरी निकास दिइएको भनी जिल्ला सरकारी वकिल कार्यालय रुपन्देहीको लिखित जबाफमा उल्लेख भएकोमा सो व्यहोरा महान्यायाधिवक्ताको लिखित जबाफसाथ पेस भएको नदेखिँदा सो त्रुटि सच्याइएको भनिएको टिप्पणी आदेशको प्रतिलिपी र सम्बद्ध अन्य प्रमाण भए सोसमेत झिकाई नियमानुसार पेश गर्नू,' आदेशमा भनिएको छ ।

# चुनावी पराजयको जिम्मेवारी लिँदै गगनले दिए राजीनामा

■ केन्द्रीय समितिबाट अस्वीकृत गर्ने तयारी



● **गगन थापा**, *सभापति*

विशेष महाधिवेशन नगरी चुनावमा गएको भए परिस्थिति र परिणाम अझ प्रतिकूल हुन्थ्यो । तर, वर्तमान परिणामप्रतिको जबाफदेहिता मेरो हो भन्नेमा म स्पष्ट छु । मैले सभापति पदबाट राजीनामा दिने निर्णय गरेको हुँ, तर पार्टी सुधार र पुनर्निर्माणको यात्राबाट अलग भएको छैन ।



● **विश्वप्रकाश शर्मा**, *उपसभापति*

नैतिक जिम्मा लिन्छु भन्नु सकारात्मक हो । तर, त्योभन्दा ठूलो नैतिक दायित्व अहिलेको स्थिति सम्हाल्नु हो । बैठकमा प्रारम्भिक समीक्षा, राजीनामा र राजीनामा अस्वीकृत गर्ने प्रस्ताव पेस हुन्छ । डढेलो निभाउन पुगेको व्यक्तिलाई आगलागीकै दोष बोकाउनु न्यायसंगत हुँदैन ।

**विधानमा के छ ?**

केन्द्रीय सभापतिले राजीनामा दिन चाहेमा उपसभापतिमार्फत् केन्द्रीय कार्यसमितिमा प्रस्तुत गर्नुपर्नेछ । केन्द्रीय कार्यसमितिले राजीनामा स्वीकृत गरेमा उपसभापतिले कार्यवाहक सभापति भई कार्यभार सम्हाल्नेछ र ६ महिनाभित्र विशेष केन्द्रीय महाधिवेशन बोलाई केन्द्रीय सभापतिको निर्वाचन गरिनेछ ।

■ विक्रम रत्न

काठमाडौँ । २१ फागुनको प्रतिनिधिसभा चुनावमा पार्टीले बेहोरेको लज्जास्पद पराजयको जिम्मेवारी लिँदै नेपाली कांग्रेसका सभापति गगन थापाले पदबाट राजीनामा दिएसँगै पार्टीको आगामी बाटो तय गर्न नेताहरू परामर्शमा जुटेका छन् । सभापति थापाले बुधबार उपसभापति विश्वप्रकाश शर्मासमक्ष पार्टी हारको नैतिक जिम्मेवारी लिँदै राजीनामा बुझाएका थिए । उनले राजीनामा बुझाएसँगै नवनिर्वाचित केन्द्रीय कार्यसमितिभित्र अन्योल सिर्जना भएको छ । पार्टीको आगामी बाटो तय गर्न आज (शुक्रबार) दिउँसो केन्द्रीय कार्यसमितिको बैठक बोलाइएको छ । बैठकले उनको राजीनामा अस्वीकृत गरेर जिम्मेवारीमा फर्काउने गरी छलफल सुरु भए पनि राजीनामा दिइसकेका थापाले पुनः जिम्मेवारी लिन्छन् या लिँदैनन् भन्ने विषय भने आमचासो बनेको छ ।

सभापति थापाले चुनावमा पार्टीले भोगेको पराजयको जिम्मेवारी लिएका छन् । चुनावको मुखमा गत १ माघमा सभापति चुनिएका उनले २ महिना व्यतित हुनासाथ राजीनामा बुझाएका हुन् । राजीनामा दिँदै उनले 'बदलिएको कांग्रेस' को सन्देश प्रभावकारी रूपमा मतदाताकहाँ पुऱ्याउन समय पर्याप्त नभएको बताएका छन् । विशेष महाधिवेशन नगरी चुनावमा गएको भए परिणाम अझ प्रतिकूल हुने भन्दै उनले आफ्नो नेतृत्वमा चुनावमा सहभागी भएकाले आफूले कति समय जिम्मेवारी सम्हालेको हो भन्ने कुरा गौण भएको उल्लेख गरेका छन् ।

'मैले कति समय जिम्मेवारी सम्हालेँ वा कुन अवस्थामा सम्हालेँ वा नसम्हालेको भए के हुन्थ्यो भन्ने विषय गौण हो । वर्तमान परिणामप्रतिको जबाफदेहिता मेरो हो भन्नेमा म पूर्णतः स्पष्ट छु,' उनले भनेका छन्, 'मैले पार्टीको सभापति पदबाट राजीनामा दिने निर्णय गरेको हुँ, तर पार्टी सुधार र पुनर्निर्माणको यात्राबाट अलग भएको छैन । यो नेपाली कांग्रेसको आत्मसमीक्षा, जबाफदेहिता र पुनर्जागरणतर्फको एउटा प्रारम्भिक कदम हो ।' १ माघमा सभापति निर्वाचित थापालाई २ माघमै निर्वाचन आयोगले मान्यता दिएको थियो । विशेष महाधिवेशनलाई मान्यता नदिन शेरबहादुर देउवा पक्षधरले ४ माघमा सर्वोच्च अदालतमा रिट दर्ता गरेको छ । सो रिट अझै विचाराधीन छ ।

कांग्रेस २०७९ को चुनावमा तत्कालीन माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीसँग गठबन्धन गरेर चुनावमा गएको थियो । प्रत्यक्षतर्फ ५७ र समानुपातिकतर्फ ३२ गरी ८९ सिटसहित प्रतिनिधिसभामा पहिलो दल बनेको थियो । तर, २१ फागुनमा भएको चुनावमा भने प्रत्यक्ष र समानुपातिक गरी रास्वपा १८२ सिटसहित पहिलो दल बन्दा कांग्रेस प्रत्यक्षतर्फ १८ र समानुपातिकतर्फ २० गरी जम्मा ३८ सिटमा खुम्चियो । यसर्थ सभापति थापालाई पार्टी हारको जिम्मेवारी लिने दबाब बढेको थियो । अघिल्लो चुनावमा कांग्रेस २७ लाख १५ हजार २२५ मतका साथ समानुपातिकतर्फ दोस्रो भएको थियो । यस पटक कांग्रेसले समानुपातिकतर्फ १७ लाख ५९ हजार १७२ मतमात्रै प्राप्त गऱ्यो । कांग्रेसले यस चुनावमा ९ लाख ५६ हजार ५३ मत गुमाएको छ ।

सभापति थापा स्वयं सर्लाही-४ मा रास्वपाका डा. अमरेशकुमार सिंहसँग पराजित भए । सिंह ३५ हजार ६८८ मतका साथ विजयी हुँदा थापाले जम्मा २२ हजार ८३१ मत मात्रै प्राप्त गरे । २०७० सालयता निरन्तर काठमाडौँ-४ बाट संसदीय चुनाव जित्दै आएका थापाको संसदीय चुनावमा यो पहिलो हार हो । विशेष महाधिवेशनकै कारण पार्टीले हार बेहोरेको भन्दै देउवा समूहबाट थापामाथि जिम्मेवारी लिन दबाब आइरहेको थियो ।

## ■ केन्द्रीय समिति बैठक आज

कांग्रेसले सभापति थापाको राजीनामाको सन्दर्भमा छलफल गर्न आज शुक्रबार दिउँसो १ बजे केन्द्रीय कार्यसमितिको बैठक बोलाएको कार्यवाहक मुख्यसचिव कृष्णप्रसाद दुलालले बताए । बैठकमा सभापति थापाको राजीनामालगायत समसामयिक राजनीतिक विषयमा कुराकानी हुने नेताहरूले जनाएका छन् । चुनावपछि गत १ चैतमा बसेको केन्द्रीय कार्यसम्पादन समिति बैठकले समानुपातिक सांसद छनोट गरेको थियो । पार्टीले चुनावमा ल्याएको परिणामको सन्दर्भमा छलफल भएको थिएन । आजको बैठक उपसभापति विश्वप्रकाश शर्माको अध्यक्षतामा बस्ने र पार्टीले भोग्नुपरेको पराजयको सम्बन्धमा छलफल गर्ने बताइएको छ । उपसभापति शर्माले सभापतिको राजीनामा अस्वीकृत गर्ने सार्वजनिक रूपमै बताइसकेका छन् । उनले सभापतिले नैतिक जिम्मेवारी लिन्छु भन्ने सकारात्मक भए पनि पार्टी हारको दोष बोकाउनु न्यायसंगत नहुने बताएका छन् ।

बालेन सरकारसँग निजी क्षेत्रको अपेक्षा

# 'नीतिगत सुधार र लगानीमैत्री वातावरण भए समृद्धिको संवाहक बन्न तयार छौँ'



● **चन्द्र ढकाल**, *अध्यक्ष*
नेपाल उद्योग वाणिज्य महासंघ

निजी क्षेत्र पूर्ण रूपमा निराश हुनुपर्ने अवस्था छैन । हामीले दिएका सुझाव कार्यान्वयन होस् । विगतमा राजनीतिक अस्थिरताका कारण कतिपय काम हुन नसके पनि अब स्थिर सरकारसँगै ती समस्या समाधान हुने विश्वास छ ।



● **विप्लव अधिकारी**, *अध्यक्ष*
नेपाल औषधि उत्पादक संघ

नेपाली औषधि उद्योग प्रविधिमा अगाडि बढिसकेको छ । हामीसँग प्रविधि पनि छ, विज्ञ पनि छन् । अब चाहिने भनेको नीतिगत सुधार हो । नेपाली औषधिको उत्पादन, उपभोग र निर्यात बढाउन नीतिगत व्यवस्था होओस् ।



● **गणेश कार्की**, *अध्यक्ष*
इप्पान

हामीले ऊर्जा उत्पादन गरेर निर्यात गर्ने यो उपयुक्त समय हो । रास्वपाले लिएको लक्ष्य ऊर्जा उत्पादनसँग जोडिँदा मात्रै पूरा हुन्छन् । सरकारले लगानीको वातावरण बनाइदिए ऊर्जा क्षेत्रले लाखौँलाई रोजगारी दिँदै विद्युत् निर्यात गर्न सक्षम हुनेछ ।



● **रवि सिंह**, *अध्यक्ष*
नेपाल निर्माण व्यवसायी महासंघ

ऐनकानुन कार्यान्वयनयोग्य नहुँदा भ्रष्टाचार मौलाएको छ । कानुनअनुसार काम गर्ने वातावरण सरकारले बनाइदिनुपर्छ । पूर्वाधार निर्माणसम्बन्धी एकत्रित ऐन बनाएर सहज बनाइदिए हामी सरकारसँग सहकार्य गर्दै समृद्धिको संवाहक बन्न तयार छौँ।

■ केशव भट्ट

काठमाडौँ । भ्रष्टाचार र सरकारी ढिलासुस्तीविरुद्ध भएको जेनजी आन्दोलपछि सम्पन्न प्रतिनिधिसभा चुनावमार्फत् नयाँ म्यान्डेटसहित नयाँ सरकार बन्ने तयारीमा छ । निर्वाचनमा दुईतिहाइ नजिकको मत पाएको रास्वपाले एकल सरकार बनाउने तयारीमा लागेको छ । संकटमा परेको अर्थतन्त्र र निराश बनेको निजी क्षेत्रमा उत्साह ल्याउँदै अर्थतन्त्र चलायमान बनाउनु नै आगामी सरकारको मुख्य चुनौतीका रूपमा छ । नेपाली अर्थतन्त्रका ३ खम्बा सार्वजनिक (सरकारी), निजी र सहकारीमध्ये सहकारी क्षेत्र समस्यामा छ भने निजी क्षेत्र निराश छ । सार्वजनिक क्षेत्रमा पनि उत्साह नरहेको अवस्थामा बन्न लागेको नयाँ सरकारले ठुलो चुनौतीसँग लड्नुपर्ने देखिन्छ । नेपालमा स्थिर सरकार बन्न लागेको भन्दै निजी क्षेत्र पनि उत्साही छ । आगामी सरकारसँगका अपेक्षाबारे नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले निजी क्षेत्रलाई अर्थतन्त्रको इन्जिनका रूपमा स्वीकार गरिनु सकारात्मक भएको बताउँछन् । ▸▸▸ बाँकी पृष्ठ १०

## निजी क्षेत्र सम्बन्धित रास्वपाको घोषणा

- सीमित समय, पुँजी र साधन-स्रोतको अधिकतम उपयोग गर्दै उच्च गुणस्तरीय, प्रतिस्पर्धी र दिगो उत्पादन हासिल गर्ने ।
- उत्पादकत्व वृद्धि, सीप विकास, पुँजी निर्माण र प्रविधि-आधारित औद्योगिकीकरणलाई राष्ट्रिय प्राथमिकतामा राख्ने ।
- आर्थिक प्रगतिमा बाधक रहेका वा असान्दर्भिक करिब २ दर्जन ऐन खारेज गर्ने ।
- झन्झटिला ऐन र तजबिजी प्रक्रियाहरू शृंखलाबद्ध रूपमा खारेज वा सुधारसहित उत्पादन लागत घटाउने, व्यावसायिक वातावरण सुधार्ने र आर्थिक वृद्धिका प्राथमिकता क्षेत्रमा स्वदेशी एवं प्रवासी लगानी आकर्षित गर्ने ।
- स्वतन्त्र विश्लेषण, उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगको प्रतिवेदन २०८१, एवं नेपाल उद्योग परिसंघ र उद्योग वाणिज्य महासंघका सुझाव लिने ।
- सामाजिक न्यायसहितको उदार अर्थनीति अवलम्बन गर्ने, निजी क्षेत्रसँगको समझदारीमा राजस्व नघट्ने प्रत्याभूतिसहित करको बोझ घटाउने ।
- स्वदेशी तथा विदेशी लगानी प्रवर्द्धन र सहजीकरणका लागि वान-स्टप सेवा केन्द्रको कार्यान्वयन गर्ने ।
- राष्ट्रिय गौरवका आयोजनाहरूलाई आगामी २ वर्षभित्र अनिवार्य सम्पन्न गर्ने गरी समयबद्ध कार्ययोजना लागू गर्ने ।
- सूचना प्रविधि क्षेत्रलाई 'राष्ट्रिय रणनीतिक उद्योग' घोषणा गर्ने, स्वायत्त आइटी प्रवर्द्धन बोर्ड गठन गर्ने ।
- कृषिमा आवश्यक नीति तथा कार्यक्रम, निजी क्षेत्रमैत्री लगानी नीति, आवश्यक पूर्वाधार निर्माण गर्ने ।
- आगामी दशकमा ३० हजार मेगावाट विद्युत् जडित क्षमता हासिल गर्ने, ऊर्जा विकासलाई तीव्रता दिन भूमि, वन तथा वातावरणसम्बन्धी विद्यमान कानुन परिमार्जन गर्ने, एकलद्वार सेवाको अवधारणा कार्यान्वयन गर्ने ।

# शनिबारसम्म भारी वर्षा र हावाहुरीको सम्भावना



काठमाडौँ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले भारी वर्षा र हावाहुरीको सम्भावना रहेकाले सचेत रहन आग्रह गरेको छ । प्राधिकरणले बिहीबार विज्ञप्ति जारी गर्दै जोखिम न्यूनीकरणका लागि सचेत रहन आग्रह गरको हो । जल तथा मौसम विज्ञान विभागले अबको ३ दिन कर्णाली र सुदूरपश्चिम प्रदेशका पहाडी तथा हिमाली क्षेत्रमा भारी वर्षा र हिमपात हुने सम्भावना रहेको उल्लेख गरेको छ । साथै, दाङ, नेपालगन्ज र लुम्बिनी प्रदेशका तराई क्षेत्रमा तीव्र गतिमा हुरी चल्ने पनि अनुमान गरिएको छ । विभागले शनिबारसम्म विराटनगर, धनकुटा र धरान आसपासका जिल्लामा ११९ किलोमिटर प्रतिघन्टासम्मको तीव्र हुरी चल्ने सम्भावना रहेको जनाएको छ । हुरीका कारण रूख ढल्ने, कमजोर संरचना क्षतिग्रस्त हुने तथा विद्युत् र सञ्चार सेवा प्रभावित हुने जोखिम रहेको बताइएको छ । प्राधिकरणका उपसचिव रामबहादुर केसीले प्रभावित क्षेत्रका बासिन्दा र यात्रुलाई अनावश्यक यात्रा नगर्न, घरको इन्धन बन्द गर्न, सुरक्षित स्थानमा बस्न र सवारीसाधन सञ्चालन नगर्न विशेष सतर्कता अपनाउन आग्रह गरेका छन् । साथै, कमजोर संरचना र विद्युत् तारहरूमा जोखिम हुन सक्ने भएकाले विद्युत् उपकरण नचलाउनसमेत उनको अनुरोध छ । विभागले मौसमसम्बन्धी नियमित पूर्वानुमान र सतर्कता जारी गर्दै जाने र आवश्यक सावधानी अपनाउन सबैसमक्ष अनुरोध गरेको छ ।

# पर्सामा १ महिनाभित्र आमाको नामबाट ३३ जनालाई नागरिकता

वीरगन्ज । जिल्ला प्रशासन कार्यालयले ५ फागुनदेखि बिहीबारसम्म आमाको नामबाट ३३ नागरिकता जारी गरेको छ । कार्यालयले नेपाल नागरिकता (चौथो संशोधन) नियमावली, २०८२ मन्त्रिपरिषद्बाट स्वीकृत भएर राजपत्रमा प्रकाशन भएसँगै बुबाको पहिचान नखुलेकाको हकमा आमाको नामबाट नागरिकता प्रदान गर्ने नागरिकता ऐन, २०६३ को प्रावधान कार्यान्वयनमा आएसँगै वितरण गर्न थालिएको हो । कार्यालयले नागरिकता ऐन र नागरिकता नियमावली, २०८२ को मापदण्ड पुगेका नागरिकताविहीन नागरिकलाई नागरिकता प्रदान गरेको हो । कार्यालयले गत ५ फागुनदेखि तोकिएको कागजात र मापदण्ड पुगेका नागरिकलाई आमाको नामबाट नागरिकता दिन थालेको हो ।

पर्साको वीरगञ्ज महानगर-११ का विजयकुमार साहले आमाको नामबाट नागरिकता पाएपछि आफूलाई धेरै सहज भएको बताए । 'नागरिकता बनाउनका लागि धेरै वर्ष भौंतारिँदै हिँड्नुपर्‍यो,' उहाँले भने, 'आमाको नामबाट नागरिकता पाएसँगै अब विभिन्न खालका प्रशासनिक झन्झटबाट मुक्त भएका छौं ।' वीरगन्ज महानगर-१३ का जुबैर अन्सारी पनि लामो संघर्षपछि नागरिकता प्राप्त गर्दा पनि ठुलै उपलब्धि हासिल गरेको अनुभव गरेको बताए । 'नागरिकताविहीन हुनुको पीडा निकै सकस लाग्दो हुनेरैछ,' उनले भने, 'आमाकै नामबाट नागरिकता पाएपछि अहिले निकै हर्षित भएको छु ।' (सौस)

# ट्राभल एजेन्सीको नाममा २ करोड ७२ लाख ठगी, ६ भारतीय र १ नेपाली पक्राउ

**सौर्य समाचार**

काठमाडौं । काठमाडौंमा ट्राभल एजेन्सीको नाममा सर्वसाधारणलाई ठगी गरेको आरोपमा प्रहरीले ६ भारतीय र १ नेपाली नागरिकलाई पक्राउ गरेको छ । काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका अनुसार सिटल होलिडेज नामक एजेन्सी सञ्चालन गरी ३२८ जना नेपालीबाट करिब २ करोड ७२ लाख रुपैयाँ ठगी गरिएको पाइएको छ । प्रहरीका अनुसार उक्त एजेन्सीले युरोप, एसिया र अफ्रिकाका विभिन्न १७५ देशमा भ्रमण गराइने भन्दै फोनमार्फत 'ट्राभल लट्री परेको' भनी भुक्याउने गर्थ्यो । त्यसपछि सेवाग्राहीलाई कार्यालयमा बोलाई सीमित समयको अफर भएको दबाब दिँदै रकम जम्मा गराउन लगाइन्थ्यो । तर पैसा बुझाएपछि न त भ्रमणको व्यवस्था गरिन्थ्यो, न त रकम फिर्ता दिइन्थ्यो ।

यस प्रकरणमा सप्तरी घर भई भक्तपुर बस्ने २६ वर्षीय विवेक रेग्मी पक्राउ परेका छन्, जसको नाममा कम्पनी दर्ता गरिएको थियो । साथै भारत हैदरावाद घर भएका अन्य ६ जना पनि पक्राउ परेका छन् । उनीहरू ललितपुरको बालकुमारी क्षेत्रमा बस्दै आएको खुलेको छ । प्रहरीले आरोपितहरूबाट नगद ७ लाख रुपैयाँ, कम्प्युटर, विभिन्न कागजात तथा छापसमेत बरामद गरेको जनाएको छ । प्रारम्भिक अनुसन्धानअनुसार कम्पनी गत पुस महिनामा मात्रै दर्ता गरिएको थियो र करिब ३० जना नेपाली कर्मचारी राखेर सञ्चालन गरिएको थियो । सर्वसाधारणलाई आकर्षित गर्न भाटभटेनी, लविम मल र सिभिल मलजस्ता भीडभाड हुने स्थानमा फारम भराउने व्यवस्था गरिएको थियो । फारम भर्ने सबैलाई लट्री परेको भन्दै सम्पर्क गरी ठगी गर्ने गरिएको प्रहरीको भनाइ छ । घटनाबारे थप अनुसन्धान जारी रहेको प्रहरीले जनाएको छ ।

**२८ हजार ९०० अमेरिकी डलरसहित विमानस्थलबाट ३ जना पक्राउ**

यस्तै प्रहरीले त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलबाट अमेरिकी डलर २८ हजार ९०० सहित ३ जना नेपाली नागरिकलाई बिहीबार पक्राउ गरेको छ । पक्राउपर्नेमा काठमाडौंको नागार्जुन नगरपालिका-१ की ४५ वर्षीया अनिता लामा, सिन्धुपाल्चोक सुनकोसी गाउँपालिका-६ की ३८ वर्षीया संगीता लामा तथा सिन्धुपाल्चोक लिशंखुपाखर गाउँपालिका-७ का ४७ वर्षीय विनोद लामा रहेको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल सुरक्षा कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक राजकुमार सिलवालले जानकारी दिए । उनले भने, 'बिहीबार चाइना साउथेनको उडान नम्बर सिजेड ६०६८ द्वारा काठमाडौंबाट चीनको ग्वाङझाउ जान लागेका निज यात्रुलाई विमानस्थलको अन्तरराष्ट्रिय प्रस्थान ह्यान्ड ब्यागेज चेकिङ एरियामा शरीर खानतलासी एवं ब्यागेज स्क्रिनिङ गर्ने क्रममा उनीहरूले अमेरिकी डलरहरू बाह्य मुलुकतर्फ लैजान लागेको अवस्थामा फेलापरी पक्राउ गरिएको हो ।'

प्रहरीले अनिताका साथबाट अमेरिकी डलर १०० दरको १०० थान गरी १० हजार, संगीताको साथबाट अमेरिकी डलर १०० दरको १०० थान गरी १० हजार तथा विनोद लामाका साथबाट अमेरिकी डलर १०० दरको ८९ थान ८ हजार ९०० गरी कुल अमेरिकी डलर २८ हजार ९०० बरामद गरिएको जनाएको छ । पक्राउ परेका तीनै जनालाई आवश्यक अनुसन्धान एवं कानुनी कारबाहीका लागि राजस्व अनुसन्धान विभाग, हरिहरभवन पुल्चोक, ललितपुर बुझाइएको प्रवक्ता सिलवालले बताए ।


## राक्सिराङ्ग गाउँपालिका
### गाउँकार्यपालिकाको कार्यालय
चैनपुर, मकवानपुर
बागमती प्रदेश, नेपाल

**सिलबन्दी दरभाउ पत्र पुनःआह्वानको**

**प्रथम पटक प्रकाशित मितिः २०८२/१०/२१**
**दोस्रो पटक प्रकाशित मिति :२०८२/१२/०६**

यस कार्यालयको आ.व. २०८२/०८३ को स्विकृत कार्यक्रम अनुसार «Procurement and Delivery of Medicine» खरिद कार्यका लागि तपसिल बमोजिमको सिलबन्दी दरभाउपत्र आह्वान गरिएकाले इच्छुक फर्म तथा सप्लायर्सले मिति २०८२/१२/२२ गतेका दिन दिउँसो १२:०० बजे भित्र सार्वजनिक खरिद अनुगमनको कार्यालयको विद्युतीय प्रणाली (https://www.bolpatra.gov.np/egp/) मार्फत सिलबन्दी दरभाउ पत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिलः**

| सि. नं. | ठेक्का विवरण | अनुमानित लागत रकम (भ्याट सहित) | दरभाउ पत्र जमानत | दरभाउ पत्र दस्तुर (फिर्ता नहुने गरी) |
|---|---|---|---|---|
| 1. | PRO/ RAK/SQ/1-2082/83/Re-1 «Procurement and Delivery of Medicine» | रु.१७,७९,५९९.९९ | रु.४५,०००.०० | रु. १,०००.०० |

थप जानकारीको लागि यस कार्यालय एवं सार्वजनिक खरिद अनुगमनको कार्यालय (https://www.bolpatra.gov.np/egp/) मा सम्पर्क राख्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

## Lungri Rural Municipality
### Office Of Rural Municipal Executive
Badachaur, Rolpa
(Lumbini Province Nepal)

**Invitation For E-Bid**

**Date of First publication: 19-03-2026**

1. The Lungri Rural Municipality, Rolpa invites following e-bid. Eligible Suppliers may obtain further information and inspect the forms at the office of Badachaur, Rolpa OR [may visit PPMO website www.bolpatra.gov.np.]

| SN | Contract ID | Project Name | Amount Including VAT | Bid Security Rs. | Bid Fee Rs | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | LRM/ROL/G/NCB/22/2082/083 | Procurement and Supply of Water Supply And Sanitation Items For Tallo Gumchal DamahaDhunga Water Supply Project.. | 3733037.95/- | 94000/- | 3000/- | |
| 2 | LRM/ROL/G/NCB/23/2082/083 | Procurement and Supply of Water Supply And Sanitation Items For Aaipey Sorpakha Water Supply Project. | 3427980.43/- | 86000/- | 3000/- | |
| 3 | LRM/ROL/G/SQ/24/2082/083 | Procurement and Supply of Water Supply And Sanitation Items for Jaja Khola Water Supply project. | 1380214.05/- | 35000/- | 1000/- | |

**Chief Administrative Officer**

## सुन्दरहरैँचा नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
विराटचौक, मोरङ

**अत्यन्त जरुरी सूचना !**

**मिति : २०८२/१२/०५**

यस सुन्दरहरैँचा नगरपालिका वडा नम्बर ४ स्थित एक लेर्यस कुखुरा फार्ममा बर्ड फ्लू रोग पुष्टी भएको र उक्त फार्म आसपासका कुखुराहरुमा समेत सोही किसिमको लक्षण देखाई कुखुराहरुको मृत्यु समेत हुने गरेको हुदाँ यस घातक रोगको संक्रामक तथा थप फैलावटबाट बच्न देहाय बमोजिमको निर्देशनहरु पालना गर्नु हुन सम्बन्धित सवैमा अनुरोध छ ।

१. प्रभावित क्षेत्रबाट कुखुरा,कुखुराजन्य पदार्थ (अण्डा र मासु), दाना,उपकरण आदिको ओसारपसार अर्को सूचना जारी नभएसम्म पुर्ण रुपमा बन्द गरिएको छ ।
२. कुखुरा असामान्य बिरामी र अचानक मृत्यु भएमा तुरुन्त वडा कार्यालय वा पशुपन्छी विकास शाखामा जानकारी गराउनु पर्नेछ ।
३. कुखुरा पालकहरुले फार्ममा अनावश्यक व्यक्तिको प्रवेशमा रोक लगाउने साथै प्रवेश तथा निस्कने स्थानमा डिस्ईन्फेक्टेन्ट( चुना, फिनेल, सेनिटाईजर,फर्मालिन, साबुन पानी आदि) को प्रयोग गर्ने ।
४. सर्वसाधारणलाई मृत वा बिरामी कुखुरा नछुन तथा व्यक्तिगत सरसफाईमा बिशेष ध्यान दिन अनुरोध छ ।
५. संक्रमित तथा संकास्पद एवं मृत कुखुराहरुको नष्ट तथा सुरक्षित व्यवस्थापन सम्बन्धित मापदण्ड अनुसार गरिनेछ ।
६. स्थानिय बजार तथा कुखुरा पसलहरुले सम्बन्धित निकायबाट गरिने अनुगमन तथा निर्देशनहरु पालना गर्नु पर्नेछ ।
७. यस संक्रमणको नियन्त्रण तथा रोकथाम गर्न सम्पूर्ण नगरबासि माहानुभावहरुको सहयोगको अपेक्षा गरिएको छ ।

थप जानकारीको लागि पशुपन्छी विकास शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ ।

## गरिमा विकास बैंक लिमिटेड
Garima Bikas Bank Limited
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था

**केन्द्रीय कार्यालयः** काठमाण्डौ-२, लाजिम्पाट
**फोन :** ०१-४५४५४२४/२५/२६
**वेभसाइटः** www.garimabank.com.np

**गरिमा विकास बैंक लिमिटेडको गैर बैंकिङ्ग सम्पत्ति लिलाम बिक्री सम्बन्धी ७ (सात) दिने सूचना**

**(सूचना प्रकाशित मितिः २०८२/१२/०६)**

गरिमा विकास बैंक लिमिटेडको स्वामित्वमा रहेको तपसिल बमोजिमको गैर बैंकिङ्ग सम्पत्तिहरु जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्री गरिने भएको हुँदा खरिद गर्न इच्छुक व्यक्ति तथा संस्थाहरुले विकास बैंकबाट उपलब्ध गराईने बोलपत्र फाराममा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ **(सात) दिनभित्र** कार्यालय समयमा विकास बैंकको केन्द्रीय कार्यालय, लाजिम्पाट काठमाण्डौ, क्षेत्रीय कार्यालयहरु वा आफूलाई पायक पर्ने शाखा कार्यालयमा गोप्य शिलबन्दी बोलपत्र फाराम रितपूर्वक भरी पेश गर्नुहुन आव्हान गरिन्छ । विकास बैंक समक्ष प्राप्त हुन आएका बोलपत्रहरु तपसिलमा उल्लेखित मिति, समय र स्थानमा खोलिने हुँदा सोही स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलकबोलकर्ता वा निजको आधिकारीक प्रतिनिधिहरुलाई यसै सूचनाद्वारा सूचित गरिएको छ । थप जानकारीको लागि कार्यालय समयभित्र विकास बैंकको केन्द्रीय कार्यालय, लाजिम्पाट काठमाण्डौमा सम्पर्क गर्न सकिनेछ ।

**तपसिल**

**गरिमा विकास बैंक लिमिटेडको नाममा दर्ता श्रेस्ता कायम रहेका गैर बैंकिङ्ग सम्पत्तिहरुको विवरण**

| क्र.सं. | शाखा कार्यालय | सम्पत्तिको विवरण | सम्पत्तिको प्रकार |
|---|---|---|---|
| १ | बुटवल शाखा, रुपन्देही | मालपोत कार्यालय बुटवल, रुपन्देहीमा गरिमा विकास बैंक लिमिटेडको नाममा दर्ता श्रेस्ता कायम रहेको रुपन्देही जिल्ला आनन्दवन गा.वि.स. वडा नं. ७/क स्थित कि.नं. १९४०, १९१४, ४६३ र १९३८ को क्षेत्रफल क्रमशः ०-१६-९-०, ०-०-१२-०, ०-०-११-० र ०-३-४-० (बिघा) भएको जग्गा/घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | जग्गा |
| | | मालपोत कार्यालय बुटवल, रुपन्देहीमा गरिमा विकास बैंक लिमिटेडको नाममा दर्ता श्रेस्ता कायम रहेको रुपन्देही जिल्ला आनन्दवन गा.वि.स. वडा नं. ७/ख स्थित कि.नं. ११८५, ११८६ र ११८९ को क्षेत्रफल क्रमशः १८२.०२, २५८.२१ र ३०४.७८ (ब.मि.) भएको जग्गा/घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | जग्गा |
| २. | लेकसाईड, पोखरा, कास्की | मालपोत कार्यालय लेखनाथ, कास्कीमा गरिमा विकास बैंक लिमिटेडको नाममा दर्ता श्रेस्ता कायम रहेको कास्की जिल्ला भोटेपोखरी गा.वि.स.-९ नक्सा सिट नं. ०९४११६५ स्थित कि.नं. ५३७५ को क्षेत्रफल ०-१०-०-० (रोपनी) भएको घर/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | घर/जग्गा |

**शर्त बन्देजहरु :**

१. गोप्य शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ दिन (मितिः २०८२/१२/१२) भित्र विकास बैंकका शाखा कार्यालयहरु वा क्षेत्रीय कार्यालयहरु वा प्रधान कार्यालयमा आइपुग्ने गरी पेश गर्नु पर्नेछ ।
२. प्राप्त बोलपत्रहरु मिति २०८२/१२/१६ गते सोमबार दिनको ५:०० बजे विकास बैंकको शाखा/क्षेत्रीय कार्यालय/केन्द्रीय कार्यालयमा उपस्थित प्रतिनिधि, बोलपत्रदाता वा निजहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाइएका सबै प्रतिनिधि, बोलपत्रदाता वा निजको प्रतिनिधि अनुपस्थित भएपनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्नेछैन ।
३. बोलपत्र बुझाउने/बोलपत्र खोल्ने अन्तिम दिन बिदा परेमा लगत्तै विकास बैंक खुलेको दिनमा बोलपत्र बुझाउन/खोल्न सकिनेछ ।
४. उल्लेखित सम्पत्ति जे-जस्तो अवस्था र परिमाणमा रहेको छ बोलपत्रदाताले सोही अवस्था र परिमाणमा खरिद गरी लिने गरी बोलपत्र पेश गर्नु पर्नेछ ।
५. बोलपत्रदाताले आफुले खरिद गर्न चाहेको सम्पत्तिको बोलपत्रमा कबोल गरेको अंकको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत बैंकमा बुझाएको सक्कल रसिद, भौचर वा सो रकम बराबरको विकास बैंकको नाममा खिचिएको Good for payment cheque/manager cheque शिलबन्दी बोलपत्र साथ संलग्न गरी पेश गर्नुपर्नेछ ।
६. बोलपत्रमा आफुले कुन-कुन सम्पत्ति के-कति दर र रकममा खरिद गरी लिन चाहेको हो सो को विवरण अंक र अक्षरमा स्पष्ट खुलाउनु पर्नेछ । बोलपत्र पेश गर्दा फरक फरक सम्पत्तिका लागि फरक फरक बोलकबोल रकम उल्लेख गर्नु पर्नेछ ।
७. बोलपत्र स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार विकास बैंकमा निहित रहनेछ ।
८. म्याद नाघी, रीत नपुगी वा अमान्य शर्त राखि पेश गरिएका बोलपत्र उपर कुनै कार्यवाही गरिने छैन ।
९. बोलपत्रदाताले आफ्नो नेपाली नागरिकताको प्रमाण–पत्र वा कानुन बमोजिम दर्ता भएको संस्था फर्म वा कम्पनी भए सो को दर्ता प्रमाण–पत्र र स्थायी लेखा नम्बर प्रमाण पत्रको फोटोकपी संलग्न गरेको हुनुपर्नेछ ।
१०. बोलपत्र स्वीकृत भएको जानकारी पाएको पत्रको मितिले एक्काईस (२१) दिनभित्र धरौटी राखेको बाहेकको बाँकी रकम यस बैंकमा जम्मा गर्नु पर्नेछ । तोकिएको अवधिमा रकम जम्मा नगरेमा धरौटी वापत जम्मा गरेको रकम जफत हुनेछ । बोलपत्र अस्वीकृत भएमा धरौटी रकम फिर्ता गरिनेछ र यस रकममा कुनै ब्याज दिइने छैन ।
११. स्वीकृत भएको बोलपत्रदाताले स्वीकृत बोलपत्र बमोजिमको सम्पत्ति आफ्नो नाममा नामसारी गरि लिनु पर्नेछ र सो गर्दा कानुन बमोजिम लाग्ने नामसारी दै-दस्तुर लगायतका अन्य खर्चहरु आदि बोलपत्रदाताले नै बेहोर्नु पर्नेछ ।
१२. बोलपत्र फाराम बैंकको केन्द्रीय कार्यालय वा सम्बन्धित शाखा कार्यालयहरुबाट रु.१,००० तिरी प्राप्त गर्न सकिनेछ उक्त धरौटी रकम फिर्ता हुने छैन ।
१३. बोलपत्र बमोजिम बिक्री गरिने सम्पत्ति हेर्न, निरीक्षण गर्न र सो बारे अन्य थप कुरा बुझ्न परेमा कार्यालय समय भित्र बैंकको केन्द्रीय कार्यालय, क्षेत्रीय कार्यालयहरु वा सम्बन्धित शाखा कार्यालयहरुमा सम्पर्क राख्न सकिनेछ ।

## Nepal Electricity Authority

**Notice Regarding Intent to Award the Contract**

**Notice Publication Date : 2082/12/06**

| Name & Address of Office | IFB and Type of Bidding | Name & Address of Lowest Evaluated Substantially Responsive Bidder | Total Accepted Bid Price (With VAT) |
|---|---|---|---|
| Project Development Department (Tel No : 01-4153037) | NEA-ESD-PDD-SQ-2082/083-01 | M/S Diyalo Technologies Pvt.Ltd., New Baneshwor, Kathmandu. | NRs. 3,61,600.00 |
| Gandak Hydropower Station (Contact : 9857081787) | NEA-GHPS-2082/83-MST-02 | M/s Malhotra Enterprises, Teku, Kathmandu. | NRs. 16,75,750.45 |
| | NEA-GHPS-2082/83-ESQ-02 | M/s Creative Business Enterprises, Kathmandu | NRs. 14,82,892.22 |
| Marsyangdi Hydropower Station, Aanboo Khairani, Tanahun (Tel No :065-540066) | NEA-MHPS-2082/83-MT-01 | M/s Malhotra Enterprises, Teku, Machali, Kathmandu | 91,19,100.00 |
| | NEA-MHPS-2082/83-CT-01 | M/s Shubha Sahil Construction Pvt. Ltd., Anbukhaireni-2, Tanahu | 23,72,098.3 |
| | NEA-MHPS-2082/83-CT-02 | M/s Aashna Construction Pvt. Ltd., Anbukhaireni-3, Tanahu | 40,80,336.47 |
| | NEA-MHPS-2082/83-CT-03 | M/s Shubha Sahil Construction Pvt. Ltd., Anbukhaireni-2, Tanahu | 53,27,218.78 |
| Birgunj Distribution Centre (Tel No :051-521050) | NEA/BDC-2082/083-SQ-01(Re) | M/s Perfect Enterprises Bigunj, Parsa. | NRs. 6,94,582.75 |
| | NEA/BDC-2082/083-SQ-02 | M/s Manish Construction, Pokhariya, Parsa. | NRs. 7,28,345.45 |
| Taulihawa Distribution Centre (Tel No :076-5610273) | NEA/TDC/SQ/2082/083-LM–03(Re) | M/s J.D. International Pvt. Ltd. Kathmandu. | NRs. 17,57,879.98 |
| | NEA/TDC/SQ/2082/083–RE–04(Re) | M/s B.B.B. Construction Kathmandu. | NRs. 5,67,282.60 |
| Belbari Distribution Centre (Tel No. 9852046086) | NEA-BELBARIDC-2082/083-SQ-03 | M/s Shree Billing Centre, Balaju, Kathmandu | NRs. 9,20,695.75 |

प्रदेशसभामा प्रवेश गऱ्यो इनिशा विक प्रकरण

# सांसदहरूले सोधे– शव कहिले उठ्छ ?



मुख्यमन्त्री यामलाल कँडेल, नेकपा सांसद रणसिंह परियार र उर्मिला विक ।

■ खगेन्द्र भट्टराई

सुर्खेत । फागुन २३ गते वीरेन्द्रनगरको जंगलमा मृत भेटिएकी १६ वर्षीया इनिशा विकको घटनाले कर्णाली प्रदेशसभामा प्रवेश पाएको छ । बिहीबार बसेको प्रदेशसभा बैठकमा भाग लिने अधिकांश सांसदहरूले इनिशाको घटनामा प्रदेश सरकारको धारणा मागेका छन् । बैठकमा भाग लिएका कर्णालीका मुख्यमन्त्री यामलाल कँडेलले इनिशा प्रकरणमा आफूलाई जोडिएको घटनाप्रति ध्यानाकर्षण भएको बताए । इनिशाको घटना दुःखद् भएको बताउँदै उनले उक्त घटनामा संलग्नलाई कानुनअनुसार कारबाही हुनुपर्छ भन्ने विषयमा सरकार गम्भीर भएको बताए । ‘ इनिशाको घटना दुःखद् हो, यसको निन्दा र भर्त्सना गर्नुपर्ने हुन्छ,’ उनले भने, ‘घटनामा संलग्नलाई कानुनले भ्याएसम्म दण्डित गर्नुपर्छ ।’

यसका लागि सरकारले गर्नुपर्ने पहल र प्रयास भइरहेको उनले संसद्लाई जानकारी गराए । घटनाका विषयमा प्रहरीले अनुसन्धान गरिरहेको र विभिन्न प्रमाणहरूको पुष्टिका लागि सम्बन्धित पक्ष लागिरहेको उनको भनाइ थियो । प्रदेशसभा बैठकमा आफ्नो नाम जोडेर आएका टिप्पणीप्रति मुख्यमन्त्रीले दुःख व्यक्त गरे । आफूले घटनापछि इनिशाकी आमालाई भेटेको र दोषी पहिचान गरी छोरीलाई न्याय दिलाउने विषयमा कुरा गरेको भए पनि बाहिर अरू नै विषय आएको भन्दै दुःखेसो पोखे । ‘घटनाको विषयमा थाहा पाएपछि आफ्नो कर्तव्य ठानेर मृतकको परिवारलाई भेट्न गएको थिएँ,’ मुख्यमन्त्री कँडेलले भने, ‘ इनिशाकी आमासँगको कुरामा घटनामा संलग्नहरूलाई तथ्य प्रमाणका आधारबाट कानुनी कारबाही हुने र प्रदेश सरकारका तर्फबाट आवश्यक पहलकदमी र सहजीकरण गर्ने बताएको थिएँ ।’

प्रदेशसभा बैठकमा भाग लिँदै नेकपाका सांसद रणसिंह परियार र उर्मिला विकले पनि इनिशा हत्या प्रकरणमा संलग्नलाई कारबाही प्रक्रिया कहाँ पुग्यो भनी सरकारलाई प्रश्न गरे । कर्णालीको राजधानी, प्रदेशकै मुटु वीरेन्द्रनगरमा छोरीहरू दिनदहाडै मारिन्छन्, यसले प्रदेशभित्र शान्ति सुरक्षाको अवस्था कस्तो छ भन्ने देखाउँदैन र ? रणसिंह परियारले प्रश्न गरे, ‘छोरीहरू बलात्कृत भएर मारिन्छन्, मृतकका परिवार न्याय पाउने विषयमा विश्वस्त छैनन् । २ साता बित्न लाग्दा पनि शव अस्पतालमै छ, यसको जिम्मा कसले लिने हो ?’ प्रदेशसभा सदस्य उर्मिला विकले सरकार विभेदकारी भएको भन्दै आलोचना गरिन् ।

कर्णाली सरकारले नै जातीय विभेद गरिरहेको उनको दुःखेसो छ । ‘कर्णालीमा २९ प्रतिशत दलितको भोटबाट तपाईं त्यो कुर्सीमा विराजमान हुनुहुन्छ,’ उनले भनिन्, ‘अनि तपाईंहरूले बनाउने नीति र कार्यक्रम कति दलितमैत्री छन् ?’ २ साता बित्न लाग्दा पनि इनिशाको शव उठाउनतर्फ सरकार गम्भीर नभएको उनको आरोप छ ।

सुर्खेत गुर्भाकोट बडाखाली घर भएकी १६ वर्षीया इनिशा वीरेन्द्रनगरमा बस्दै आएकी थिइन् । सुर्खेतको उषा बालवाटिका विद्यालयमा कक्षा ११ मा अध्ययनरत इनिशाका घरपरिवार र आफन्तले हत्यामा संलग्नलाई कारबाहीको विश्वासिलो वातावरण नभएसम्म शव नबुझ्ने अडान राख्दै आएका छन् । घटनाको २ साता बित्न लाग्दा पनि इनिशाको शव आफन्तले बुझ्का छैनन् । घटनाको अनुसन्धान अन्तिम चरणमा पुगेको र फरेन्सिक रिपोर्टहरू आउन बाँकी रहेकाले निष्कर्षमा पुग्न नसकिएको प्रहरीको दाबी छ ।

## २०५ गोही राप्तीमा छाडियो

■ सौर्य समाचार

चितवन । चितवन राष्टिय निकुञ्जमा हुर्काइएका घडियाल गोहीमध्ये २५० गोहीलाई राप्ती नदीमा छाडिएको छ । चालु आर्थिक वर्षमा राप्ती नदीका विभिन्न स्थानमा ती गोही छाडिएका हुन् । गत आवमा गोही प्रजनन केन्द्रमा हुर्काइएका १३३ गोही नदीमा छाडिएका थिए । केन्द्रमा हुर्काइएका गोहीमध्ये हालसम्म २ हजार २८० गोही विभिन्न नदीमा छाडिएका छन् । कार्यालयका सूचना अधिकारी अविनाश थापा मगरका अनुसार नारायणी नदीमा ४१९, राप्ती नदीमा १ हजार ५२५, कालीगण्डकी नदीमा ३५, सप्तकोसीमा १०५ र कर्णालीमा ४१ वटा गोही छाडिएका छन् ।

त्यसैगरी बबइ नदीमा ११०, चौधर नदीमा २५ र बाँकेको पश्चिम राप्ती नदीमा १० वटा गोही छाडिएको उनले जानकारी दिए । हाल निकुञ्जको प्रजनन केन्द्रमा ५९८ वटा गोही छन् । झन्डै ५ वर्ष उमेरका गोहीलाई नदीमा छाडिन्छ । सन् १९७८ मा केन्द्र स्थापना भएपछि गोहीको बच्चा हुर्काएर सन् १९८१ बाट नदीमा छाड्न थालिएको हो । हालसम्म सबैभन्दा बढी राप्ती नदीमा छाडिएको छ ।

नेपालमा धेरै गोही पाइने नदीमा राप्ती पर्दछ । गोही छाडिएका नदी किनारमा अण्डा संकलन गरी प्रजनन केन्द्रमा ह्याचिङ गरेर चल्ला निकाल्ने गरिन्छ ।

## मदन केसीले लुम्बिनीबाट थाले ५ बर्से ‘महान् नेपाल’ पदयात्रा

■ सौर्य समाचार




लुम्बिनी । बुद्ध जन्मस्थल लुम्बिनीबाट ‘महान् नेपाल ५ बर्से राष्ट्रिय पदयात्रा’ को औपचारिक शुभारम्भ भएको छ । सल्यानको दार्मा गाउँपालिका-५ का २६ वर्षीय युवा अभियन्ता मदन केसीले ‘नेपाल चिनौं, नेपाल जगाऔं, नेपाल बनाऔं’ भन्ने मूल नाराका साथ बिहीबार मायादेवी मन्दिर परिसरबाट पदयात्राको थालनी गरेका हुन् । पदयात्राको शुभारम्भमा अभियन्ता केसीलाई उनका बुबा तेजु र आमा लक्ष्मीले खादा तथा टीका लगाइदिएर सफलताको कामनासहित बिदाइ गरे । सोही अवसरमा केसीले ५ बर्से पैदलयात्राका क्रममा गरिने कार्ययोजना र लक्ष्यसहितको घोषणापत्रसमेत सार्वजनिक गरेका छन् ।

विप्लव नेतृत्वको नेकपामा सक्रिय राजनीति गरेका केसीले राजनीतिबाट मात्रै देश रूपान्तरण सम्भव नहुने निष्कर्ष निकाल्दै यस अभियानमा लागेको बताए । उनले भने, ‘आज पनि नेपालका धेरै गाउँबस्तीहरू राज्यको नजरबाट टाढा र विकासको अवसरबाट वञ्चित छन् । नेपाललाई नक्साले मात्र होइन, पैदल हिँडेरै नेपाली ‘नेपालको माटो र नेपालीको आवाज’ बुझ्न चाहन्छु ।’ हिमाल, पहाड र तराईका साथै पूर्व मेचीदेखी पश्चिम महाकालीसम्मका दुर्गम गाउँबस्ती पुगेर नागरिकका समस्या, सम्भावना र सपनाहरूको संकलन गर्ने तथा भिडियो, फोटो र लेखनमार्फत् दस्तावेज बनाउँदै स्थानीय इतिहास, भाषा, परम्परा र जीवनशैलीको संरक्षण एवं प्रवर्द्धन गर्ने, विविधतायुक्त नेपाली समुदाय र संस्कृतिलाई भावनात्मक रूपमा जोड्दै युवाहरूमा देशप्रतिको जिम्मेवारीबोध गराउने यस पदयात्राको मुख्य उद्देश्य रहेको अभियन्ता केसीले बताए ।

केसीले भने, ‘यस अभियानमा ‘महान् रिसर्च प्रालि’ ले अनुसन्धान, डाटा संकलन तथा डकुमेन्टेसनमा सहकार्य गर्नेछ ।’ केसीका अनुसार यो पदयात्रा आगामी २०८७ साल चैत ४ गतेसम्म निरन्तर सञ्चालन हुनेछ । उनले दैनिक १५ देखि २५ किलोमिटरसम्मा हिँड्ने र बेलुका स्थानीय समुदायसँगै बसेर संवाद गर्ने लक्ष्य राखेका छन् । यो अभियान मुख्यतया सत्य, अनुशासन, साहस, अनुसन्धान र राष्ट्रप्रेम गरी ५ आधारभूत सिद्धान्तमा केन्द्रित रहने उनले बताए । मायादेवी मन्दिर परिसरमा बिहीबार आयोजित पदयात्रा शुभारम्भमा संयोजक केसीले यस बृहत् राष्ट्रिय संकल्पलाई सफल बनाउन सम्पूर्ण सञ्चारकर्मी, सरोकारवाला र आमनागरिकलाई नैतिक समर्थन, साथ र सहयोगका लागि अपिलसमेत गरे ।


**Jagadulla Rural Municipality**

**Office Of Rural Municipal Executive**

**Karnali Province**

**Jagadulla, Dolpa**

**Letter of Intent**

**Date of Publication: 2082/12/06 (20th March 2026)**

This is notify (as per section 27(2) of Public Procurement Act 2063) to all concerned bidders that ,we are going to award following contracts as per, IFB No: 9-2082/83 published on Madhyanha National Daily published on 2082/10/20, to following bidders selected as substantially responsive lowest evaluated bid fulfilling the qualification criterion.

| S.N | Contract ID No. | Name Of Project | Substantially Responsive Lowest Evaluated Bidders | Bid Amount With VAT & PS (NRs.) |
|---|---|---|---|---|
| 1 | JRM/NCB/W-6/2082-83 | Ragamachila jane sadak marmat (Chainage 0+300m to 0+472m) Jagadulla 4 Dolpa | Karnali Nirman Sewa , Dolpa | 49,49,536.50 |

**Acting Chief Officer**



**नबिल बैंक लिमिटेड, भैरहवा शाखा, रुपन्देहीको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना**

**(प्रकाशित मितिः : २०८२/१२/०६)**

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

**तपसिल**

**ऋणी फर्म र फर्मको प्रोपाईटरको नाम र ठेगानाको विवरण**

प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग, वाणिज्य कार्यालय भैंरहवा, रुपन्देहीमा मिति २०७१/०५/११ मा प्राइभेट फर्म दर्ता नं. ३३६०६/०७१/०७२, भारत अयात अन्तर्गत दर्ता भएको **श्री योगेश ट्रेडर्स** ।

ठेगानाः रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ०४, उद्योगपुरी, रुपन्देही ।

**ऋणी फर्मका प्रोपाईटरको नाम र ठेगानाको विवरणः**

हिरालाल कलवारको नाति, राम दिहल जैसवालको छोरा रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं ०४ बस्ने, ना.प्र.नं. ३७३०२३/२५४ (जारी मितिः २०६३/१०/२६, स्थानः रुपन्देही) भएको **श्री चन्द्र जैसवाल (कलवार)** ।

**ब्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण**

राम दिहल जैसवालकी बुहारी, श्री चन्द्र जैसवाल (कलवार) की श्रीमती, रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं. ०४, बस्ने, ना.प्र.नं. ३७३०२३/५१ (जारी मितिः २०६३/१०/२८, स्थानः रुपन्देही) भएकी **सुचित्रा देवी जैसवाल** ।

**धितोको विवरण**

**धितोमा रहेको घर/जग्गाको विवरणः**

रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं. ०४, बस्ने, **सुचित्रा देवी जैसवाल** को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं ०४ नक्सा सिट नं ४घ मा अवस्थित कि.नं. ११४० क्षेत्रफल २७५.१४ वर्ग मिटर जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

NABIL BANK®

प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-४९७२४५२, ९८०५६७३४७४



**Government of Nepal**

**Ministry of Energy, Water Resources and Irrigation**

**Department of Water Resources and Irrigation**

**Irrigation and Water Resources Management Project**

**Harkapur, Okhaldhunga**

**NOTICE FOR LETTER OF INTENT**

**Date of Publication: 2082-12-06 (20th March, 2026)**

Pursuant to section 27(2) and 27(3) of Public Procurement Act 2063, this is to notify all Bidders who submitted their bids published on 2082/11/01 in Nepal Samacharpatra National Daily for the contract mentioned below, that the following Lowest Evaluated Substantially Responsive bidder is intended to be awarded the Contract.

| Contract ID | Lowest evaluated substantially responsive bidder | Bid Amount (Including VAT & PS) in NRs. |
|---|---|---|
| IWRMP-Okhaldhunga/ Works/ LapseCanal-Khotang/NCB/05/2082/83 | M/S D.R. Infrastructure Pvt. Ltd., Kathmandu | 70,11,792.87 |
| IWRMP-Okhaldhunga/Works/DudhkoshiRTW/NCB /06/2082/83 | M/S Samali Devi Nirman Sewa, Bhimeshwor-6, Dolakha | 97,16,054.30 |
| IWRMP-Okhaldhunga/Works/Likhu RTW/Champadevi/NCB/07/2082/83 | M/S R.K.S. Engineering Solutions Private Limited. Manthali-1, Ramechhap | 1,03,74,221.69 |
| IWRMP-Okhaldhunga/Works/LikhuRTW/Likhu/NCB /08/2082/83 | M/S New Saraswati Construction, Manthali-1, Ramechhap | 68,92,881.03 |

*Project Chief*



**कमलबजार नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**कमलबजार, अछाम**

**सुदुरपश्चिम प्रदेश, नेपाल**

**भूलसुधार गरिएको सूचना**

प्रस्तुत विषयमा यस नगरपालिकाको मिति २०८२/१२/०२ गते सौर्य राष्ट्रिय दैनिक पत्रिकाको पृष्ठ नं. ६ मा प्रकाशित ठेक्का नं. IFBNO:KBM/ACHHAM/MED/NCB/G/05/082-083 Procurement Of Supply And Delivery Of Medicine को आशय सम्बन्धि सूचनामा बोलपत्र छनौट गरिएको फर्मको नाम र ठेगाना यूनिग्लोब ड्रग सप्लायर्स धनगढी नगरपालिका वडा नं. १ कैलाली हुनुपर्नेमा अन्यथा भएकोले यसै सूचनाद्वारा भूलसुधार गरिएको छ ।

**लोक बहादुर शाही**

**नि.प्रमुख प्रशसकिय अधिकृत**



**कमलबजार नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**कमलबजार, अछाम**

**सुदुरपश्चिम प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशय सम्बन्धी सूचना**

**(प्रकाशित मितिः २०८२।१२।०६)**

यस नगरपालिकाबाट तपसिलको कार्यका लागि राष्ट्रिय दैनिकमा मिति २०८२/१०/०४ गते प्रकाशित ई विड-E–Bid) वोलपत्र सूचना बमोजिम प्राप्त भएका सम्पूर्ण बोलपत्रहरु मध्ये तपसिलको सफल बोलपत्रदाताले पेश गरेको वोलपत्र न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही देखिन आएकोले स्वीकृतिको लागि छनोट भई आएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा १ को प्रयोजनार्थ सम्पूर्ण सम्बन्धित सरोकार वालाहरुलाई जानकारीका लागि यो ७ दिने आशयको सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ ।

**तपसिलः**

| सि.नं. | ठेक्का नं.-योजनाको नाम | बोलपत्र छनौट गरिएको फर्मको नाम र ठेगाना | कबोल अंक |
|---|---|---|---|
| 1 | IFBNO:KBM/ACHHAM/MED/NCB/G/05/082-083 procurement of Supply and Delivery of Medicine | Uniglobe drug supplier dhangadi kailali | 14,99,289.68 |

**लोक बहादुर शाही**

**नि. प्रमुख प्रशसकिय अधिकृत**

## सम्पादकीय

# संसद्मा शक्ति सन्तुलन र रास्वपाको अग्निपरीक्षा

भर्खर सम्पन्न आमनिर्वाचनबाट गठित प्रतिनिधिसभाको अंकगणितले सत्ता पक्षलाई इतिहासकै सबैभन्दा बलियो र प्रतिपक्षलाई सबैभन्दा कमजोर देखाएको छ। त्यसैले अबको संसद्मा शक्ति सन्तुलन के-कसरी अघि बढ्ला ? भन्ने सर्वत्र चासो देखिनु स्वाभाविकै हो। संसद्भित्र सत्ता पक्षको संख्या बढी हुनु बहुदलीय संसदीय व्यवस्थाको अनिवार्य सर्त हो। सत्ता पक्ष संसद्मा सधैँ बलियो हुन्छ, र हुनु पनि पर्छ। सरकारले प्रस्ताव गरेका विधिहरू संसद्बाट सजिलै अनुमोदन होऊन् भनेरै बहुमतको सत्ता पक्ष र अल्पमतको प्रतिपक्षको व्यवस्था गरिएको हो। अल्पमत भएका कारण प्रतिपक्षको आवाज निर्णायकभन्दा पनि खबरदारीमा केन्द्रित हुने गर्छ। प्रतिपक्ष संख्यात्मक रूपमा जति बलियो भयो, उसको खबरदारी पनि त्यत्तिकै प्रभावकारी हुन्छ। तर यसपटक प्रतिपक्षको उपस्थिति संख्यात्मक रूपमा निकै कमजोर देखिएका कारण सरकारमाथि खबरदारी पुग्दैन कि ? वा सरकार थप निरंकुश बन्छ कि ? भन्ने आशंका गरिनु स्वाभाविकै हो। किनकि संसद्को पूर्ण बैठकमा सत्ता पक्षका सांसदहरूले सरकारका काम कारबाहीको आलोचना गर्ने सम्भावना हुँदैन। २७५ सांसदमध्ये १८२ जनाले सरकारको पक्षमा बोल्दै गर्दा जम्मा ९३ जना प्रतिपक्षीको आवाज कमजोर देखिनु स्वाभाविकै हुन्छ। त्यसो त सरकारका काम कारबाहीको निगरानी राख्ने मुख्य दायित्व प्रतिपक्षका सांसदहरूको हो। त्यसैले प्रतिपक्षका सांसदहरूको संख्या जति बढी भयो, निगरानी पनि त्यति नै बढी हुन्छ, सरकारका कामकारबाहीको सूचना पनि त्यति नै धेरै आउँछ। तर संख्या कम हुँदा निगरानी पनि कमजोर हुन्छ र सूचना संकलन पनि कमजोर हुन्छ। त्यसैले करिब दुई-तिहाइ बहुमतको बलियो सरकार बन्दै गरेकोमा जनतामा आशा जाग्दै गर्दा प्रतिपक्षको भूमिका कमजोर हुन गई सरकारमाथि खबरदारी नपुग्ने त होइन भन्ने चिन्ता उत्पन्न हुनुलाई स्वाभाविक मान्नुपर्छ।

संसद्को भूमिकालाई कसरी प्रभावकारी र रचनात्मक बनाउने भन्ने मामिलामा करिब दुई-तिहाइ बहुमतका साथ सरकार गठन गर्न लागेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को भूमिका सर्वोपरि देखिन्छ। किनकि सभामुख तथा उपसभामुखको चयन रास्वपाले नै गर्ने हो। संसद्को पूर्ण बैठकमा प्रतिपक्षी दलहरूलाई के-कति भूमिका दिने भन्ने कुरा सभामुखको विवेकमा पनि निर्भर गर्छ। 'प्रतिपक्षका लागि भूमिका निर्वाह गर्न संसद्बाहेक अर्को ठाउँ हुँदैन, संसद्मा खबरदारीको भूमिका निर्वाह गर्न नपाए सडकमा जानु प्रतिपक्षको संवैधानिक अधिकार हो' भन्ने यथार्थ बुझेको व्यक्तिलाई रास्वपाले सभामुखका रूपमा अघि सार्न सक्यो भने धेरै आशंका स्वतः निवारण हुन्छन्। बहुदलीय संसदीय व्यवस्था पुनर्स्थापनापछि बनेको २०४८ सालको संसद्का सभामुख दमननाथ ढुंगानाको भूमिकालाई तत्कालीन प्रतिपक्षी दलहरूले प्रशंसा गरेको इतिहासबाट रास्वपाले पाठ सिक्ने अपेक्षा सभापति रवि लामिछानेको गत बुधबारको अभिव्यक्तिपछि गरिनु स्वाभाविकै हो। समुन्नत लोकतन्त्र भएका देशहरूमा प्रतिपक्षको सांसदलाई उपसभामुखका रूपमा अघि सार्ने प्रचलन छ। हाम्रो देशको संविधानको मर्म पनि यही हो। तर अहिलेसम्म पुराना दलहरूले यो मर्मको अभ्यासलाई घृणित बनाएका छन्। यो घृणित अभ्यासलाई रास्वपाले अवसर ठान्दै निरन्तरता दिन्छ वा ठुलो छाती देखाउँछ भन्ने प्रश्न पनि अनुत्तरित छ। त्यसो त प्रतिपक्षले स्वतः पाउने गरेको सार्वजनिक लेखा समितिको सभापति पदमा पनि अनेक बहानामा सत्ता पक्षकै सांसदलाई छिराउने घृणित अभ्यास अब दोहोरिएन भने त्यसको जस पाउने भनेको पनि रास्वपाले नै हो। तर सभापति लामिछानेको भनाइ र गराइमा के-कति एकरूपता देखिन्छ, त्यो हेर्न बाँकी छ।

संसद्मा प्रभावकारी भूमिका निर्वाह गर्ने मामिलामा संख्यात्मक गणित महत्त्वपूर्ण भए पनि सबैथोक भने होइन। खबरदारीका लागि एउटै सांसद काफी हुन्छ भन्ने कुरा विगतमा प्रदीप गिरि, डा.प्रकाशचन्द्र लोहनी, नारायणमान बिजुक्छे, प्रेम सुवाल, चित्रबहादुर केसी, ज्ञानेन्द्र शाही लगायतका कैयौँ सांसदहरूले सिद्ध गरिसकेका उदाहरण छन्। सरकारका कामकारबाहीका सूचना मिहिनेत गरेर तथ्यपरक रूपमा संकलन गर्ने र त्यसलाई प्रभावकारी रूपमा प्रस्तुत गर्ने हो भने प्रतिपक्षी दलका ९३ जना सांसद काफी हुन्छन्। तर 'हुन्छ' वा 'हुन्न' भन्ने भूमिकामा मात्रै सीमित रहने हो भने बहुमतको नजिकको संख्या रहे पनि खासै अर्थ हुँदैन। जसरी बहुमत प्राप्त रास्वपाले आफ्ना सांसदहरूलाई शपथ ग्रहणअगावै अभिमुखीकरण तालिम दियो, त्यसरी नै आफ्ना सांसदहरूलाई बेला-मौकामा यस्तै तालिम दिएर धारिलो बनाउन प्रतिपक्षी दलहरू नचुकून्। किनकि यसपटक प्रतिपक्षी ९३ सांसदमध्ये पनि धेरैजसो नयाँ छन् भन्ने हेक्का प्रतिपक्षी दलहरूले राखून्। संसद्को बैठकका कामकारबाही पारदर्शी हुने भएकोले जनताले हरहमेशा हेरिरहेका हुन्छन्। त्यसैले सरकारलाई खबरदारी गर्ने नाममा विरोधका लागि विरोध नभएर रचनात्मक आलोचनामा केन्द्रित हुनु प्रतिपक्षीहरूको हितमा छ र मुलुकको पनि हितमा छ। यसैगरी जननिर्वाचित सांसदहरूलाई सत्ता पक्षले संवैधानिक भूमिका निर्वाह गर्न अंकुश लगाएको सन्देश जनतामा नजाओस् भन्नेतर्फ रास्वपा हरहमेशा चनाखो बनोस्।

# सत्तालोलुपता र विचलन : मधेसवादी दलको राजनीति 'समापन'को संकेत



श्रीमन नारायण

" अहिले मधेसी दलका कतिपय नेताहरू काठमाडौँका मेयर बालेन शाहको लोकप्रियता र जितमा सन्तोष प्रकट गर्दै 'मधेसीको छोरो' भन्दै गर्व गरिरहेका छन् । तर, यो उनीहरूको राजनीतिक टाटपल्टाइ मात्र हो । यदि बालेनको सफलतामा मात्र रमाउने हो भने मधेसका नाममा खोलिएका 'राजनीतिक पसलहरू' बन्द गरिदिए हुन्छ ।

हालै सम्पन्न आमनिर्वाचनको परिणाम देशका पुराना एवं स्थापित राजनीतिक दलहरूका निम्ति अप्रत्याशित र दुःखद् सावित भएको छ। विशेषगरी तराई-मधेसका जनताको अधिकार प्राप्ति तथा प्राप्त अधिकारको सुरक्षाका लागि जन्मिएका मधेसी दलहरूको अस्तित्व नै संकटमा परेको देखिन्छ। आगामी ५ वर्षका लागि देशको तल्लो सदन (प्रतिनिधिसभा) मा मधेस केन्द्रित राजनीतिक शक्तिहरूको उपस्थिति शून्य हुनुले ठुलो राजनीतिक रिक्तताको संकेत गरेको छ।

मधेसी दलहरूको यो दुःखद् पराजयमाथि अहिले विभिन्न टीका-टिप्पणी भइरहेका छन्। कतिपयले यसलाई उनीहरूको 'औचित्य समाप्त भएको' रूपमा व्याख्या गरेका छन् भने सामाजिक सञ्जाल र समाचार माध्यमहरूमा उनीहरूको कार्यशैलीमाथि गम्भीर प्रश्न उठाइएका छन्। विगत साढे ३ दशकदेखि संसद्मा निरन्तर उपस्थित रहँदै आएका यी शक्तिहरू पहिलोपटक राजकीय भूमिकाबाट बाहिरिनुले के स्पष्ट पार्छ भने, जनता केवल नारामा होइन, परिणाम र इमानदारीमा विश्वास गर्छन्।

मधेसी दलहरू मात्र होइन, आफ्नै मौलिक सिद्धान्तमा अडिग मानिएको र कहिल्यै 'पद र सत्ता' को फोहोरी राजनीति नगरेको भनिने नेपाल मजदुर किसान पार्टी (नेमकिपा) समेत आगामी ५ वर्षका लागि संघीय संसद्मा आफ्नो प्रतिनिधिविहीन हुनुले नेपाली राजनीतिको नयाँ र कठोर मोडलाई उजागर गरेको छ। जसरी विगतमा मधेसका मुद्दा छोडेर केवल सरकार टिकाउन वा भत्काउन मधेसी दलहरू प्रयोग भए, त्यसले आममतदातामा 'आफ्नै एजेन्डा बिर्सिएको' भान पर्‍यो। मधेसमा पुराना दलको विकल्पमा जनमत पार्टी वा नागरिक उन्मुक्ति पार्टी जस्ता नयाँ शक्तिहरूको उदय हुनु नै पुराना दलहरूको 'सत्तालोलुपता'प्रतिको जनआक्रोशको प्रतिविम्ब हो।

### निर्वाचन परिणाम र सान्दर्भिकता

एउटा निर्वाचन हार्दैमा कुनै पनि राजनीतिक दलको सान्दर्भिकता पूर्ण रूपमा समाप्त हुँदैन। लोकतन्त्रमा जनमत सधैँ स्थिर रहँदैन, यसले कहिले दलहरूलाई सत्ताको शिखरमा पुर्‍याउँछ त कहिले भुइँमा पछारिदिन्छ। यसको ज्वलन्त उदाहरण नेकपा (माओवादी) लाई लिन सकिन्छ। २०६४ सालको पहिलो संविधानसभा निर्वाचनमा माओवादीले प्राप्त गरेको सफलता ऐतिहासिक र अभूतपूर्व थियो। तर, करिब १८ वर्षको अन्तरालमा जनताको अपेक्षा पूरा गर्न नसक्दा र सत्ता संघर्षमा अल्झिँदा आज त्यही पार्टी खुम्चिएर देशको चौथो शक्तिमा पुगेको छ। यसले के पुष्टि गर्छ भने जनताको चाहना र आवश्यकतालाई उपेक्षा गर्ने दललाई समयले किनारा लगाइदिन्छ।

मधेस केन्द्रित दलहरूको हकमा पनि यही नियम लागू हुन्छ। संघीय संसद्मा कमजोर देखिए पनि मधेस प्रदेशमा अहिले पनि उनीहरू ठुलो राजनीतिक शक्तिका रूपमा छन्। कोसी र लुम्बिनी प्रदेशसभामा उनीहरूको उपस्थिति कायमै छ। साथै, राष्ट्रियसभामा पनि उनीहरूको प्रतिनिधित्व छ। त्यसैले, करिब डेढ वर्षपछि हुने प्रदेशसभा निर्वाचनमा पुनः जनताको विश्वास जितेर राष्ट्रिय राजनीतिमा बलियो शक्तिका रूपमा उदाउने सम्भावना अझै जीवितै छ।

तर, पुनरागमनका लागि मधेसी दलका नेताहरूले आफूभित्रका गम्भीर कमजोरीहरूलाई त्याग्नै पर्छ। जनताका मुद्दाभन्दा सत्ताको भागबण्डालाई प्राथमिकता दिने प्रवृत्ति, संगठनमा योग्यताभन्दा नातावाद र जातिवाद हाबी हुने प्रवृत्ति त्याग्नै पर्छ। काठमाडौँका महलमा बस्दा ठुला दलको 'चाकडी' गर्ने र मधेस ओर्लिएपछि तिनै दलको 'आलोचना' गरेर जनतालाई भ्रममा पार्ने शैलीलाई मतदाताले चिनिसकेका छन्। समय परिवर्तन भइसक्दा पनि केवल भावनात्मक नारा र झुटा आश्वासन बाँड्ने परम्परागत शैली अब काम लाग्ने छैन। मधेसका जनताले 'हामीले किन यी दललाई नै भोट दिने ?' भनी सोधिरहेको प्रश्नको जबाफ नेताहरूले भाषणमा होइन, आफ्नो आचरण र व्यवहारमा खोज्नुपर्छ।

### नयाँ सन्देश र तथ्यांक

मधेसको राजनीति अब पुराना दलहरूको पेवा रहेन भन्ने कुरा पछिल्लो चुनावी नतिजाले स्पष्ट पारेको छ। अनौठो त के छ भने, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) जस्तो नयाँ शक्तिले मधेस प्रदेशमा समेत उल्लेख्य समानुपातिक मत प्राप्त गरी स्थापित दलहरूलाई कडा चुनौती दिएको छ। मधेसका कुना-काप्चासम्म पुगेको यो 'घण्टी' को आवाजले के संकेत गर्छ भने, मधेसी मतदाता अब पहिचानको भावनात्मक नारामा मात्र होइन, सुशासन र विकल्पको खोजीमा छन्।

राष्ट्रिय स्वतन्त्र पार्टीले सबैभन्दा बढी समानुपातिकको मत प्रदेशमै हात पारेको छ। यस पार्टीले मधेस प्रदेशमा १२ लाख ६२ हजार ६५६ मत प्राप्त गरेको छ। अहिले मधेसी दलका कतिपय नेताहरू काठमाडौँका मेयर बालेन शाहको लोकप्रियता र जितमा सन्तोष प्रकट गर्दै 'मधेसीको छोरो' भन्दै गर्व गरिरहेका छन्। तर, यो उनीहरूको राजनीतिक टाटपल्टाइ मात्र हो। यदि बालेनको सफलतामा मात्र रमाउने हो भने मधेसका नाममा खोलिएका 'राजनीतिक पसलहरू' बन्द गरिदिए हुन्छ।

उदाहरणका लागि बालेन शाहले आफूलाई कहिल्यै साँघुरो मधेसी घेरामा सीमित राखेनन्, बरु एक नेपाली पहिचानका साथ अघि बढे। उनले 'सिंगो आकाश नै हाम्रो हो' भन्ने सोच राखे, जहाँ कुनै एउटा तारालाई मात्र चम्किन दिने संकुचित सोच हुँदैन। पुरै देशले उनलाई आफ्नो नेता मान्नुको कारण उनको काम र स्पष्ट दृष्टिकोण हो, न कि उनको जातीय पृष्ठभूमि।

स्वर्गीय गजेन्द्रनारायण सिंहको निष्ठावान राजनीतिपछि मधेसमा जति पनि दल र नेताहरू उदाए, तीमध्ये अधिकांश घोर जातिवादी, अवसरवादी र सत्तालोलुप चरित्रका देखिए। गजेन्द्र बाबुले मधेसको सम्मान र अधिकारका लागि संघर्ष गरे, तर पछिल्लो १८ वर्षमा मधेसी राजनीतिका नाममा केवल सत्ताको मोलमोलाइ मात्र भयो।

यसैको एउटा कुरूप उदाहरणका रूपमा जनमत पार्टीलाई लिन सकिन्छ। २०७९ सालको निर्वाचनमा 'उल्कापात' झैँ चम्किएर आएको यो शक्ति २०८१ सालको उपनिर्वाचन र आन्तरिक कलहका कारण बिस्तारै ओरालो लाग्दै छ। यदि यसले पनि पुराना दलहरूकै 'सत्तामुखी'बाटो पछ्याउने हो भने, २०८७ सालको निर्वाचनसम्म पुग्दा यो शक्ति पनि इतिहासमा विलीन हुने खतरा प्रबल छ।

### पतनको सुरुआत र 'वृद्धतन्त्र'को जिद्दी

जसपा नेपाल र मधेस केन्द्रित दलहरूको पराजयको कथा कुनै एकदिनको आकस्मिक घटना होइन। यसको आधार त त्यही दिन तय भइसकेको थियो, जब ८६ वर्ष पुगिसकेका महन्थ ठाकुरले आफूलाई पुनः राष्ट्रियसभामा ल्याउने ढिपी गरे। राजनीतिमा त्याग र मार्गदर्शनको सट्टा पदकै लागि मरिहत्ते गर्ने प्रवृत्तिले कार्यकर्तामा चरम निराशा पैदा गर्‍यो।

जेनजी आन्दोलनको मुख्य मर्म नै राजनीतिबाट परिवारवादको अन्त्य, भ्रष्टाचारको समूल नष्ट र सुशासनको स्थापना हो। तर, महन्थ ठाकुर जस्ता पाका नेताहरूले २६-२७ वर्षका ऊर्जावान् ३ युवाहरूको राजनीतिक भविष्यलाई कुल्चिएर आफूलाई मात्र योग्य ठाने। यति मात्र होइन, आफ्नै सुपुत्रीलाई महोत्तरी-३ बाट उम्मेदवार बनाएर परिवारवादको नांगो नमुना प्रस्तुत गरे। यसले जनतामा के सन्देश दियो भने, मधेसी दलहरू मधेसका लागि होइन, आफ्ना नातागोताका लागि मात्र हुन्।

पार्टी एकीकरणपछि महन्थ ठाकुरकै विशेष आशीर्वादमा केन्द्रीय समितिमा पुगेका आधा दर्जन सदस्यहरूले चुनावकै मुखमा पार्टी परित्याग गर्नुले संगठनको जग कति कमजोर थियो भन्ने छर्लंग पार्छ। निर्णायक तहमा कस्ता व्यक्तिलाई राख्ने भन्नेमा मधेसी दलहरू सधैँ अलमलमा देखिए। योग्यता र क्षमताभन्दा पनि 'नेतृत्वको चाकडी' र अन्ध-बफादारी गर्नेहरूलाई मात्र अवसर दिने परिपाटीले गर्दा इमानदार कार्यकर्ताहरू किनारा लागे।

यसपटकको निर्वाचन परिणामले के स्पष्ट पारेको छ भने - अब २०-२५ वर्षका युवाहरू मात्र होइन, ४०-५० वर्षका परिपक्व नागरिक पनि आमूल परिवर्तनको पक्षमा छन्। जनतालाई अब पुराना नेताहरूको 'इतिहास' र ती घिसिपिटी 'वाद' हरूमा कुनै चासो छैन। उनीहरूलाई त आफ्नो र देशको सुरक्षित भविष्य चाहिएको छ। विडम्बना ! मधेसी दलहरू बरु राजनीतिबाट 'सफाया' हुन तयार देखिएका छन्, तर आफूलाई सच्याउन तयार छैनन्। जसपा नेपाल र जनमत पार्टीको यो पराजय सामान्य हार मात्र होइन, यो त परम्परागत र व्यक्तिवादी राजनीतिको अन्त्यको जनाउ घण्टी हो।

### मधेसी राजनीतिको ३ दशक

मधेसी दलहरूको साढे ३ दशकको चुनावी इतिहासलाई हेर्ने हो भने यसको ग्राफ निकै उतारचढावपूर्ण देखिन्छ। नेपाल सद्भावना पार्टीले २०४८ सालको आमनिर्वाचनमा ६ सिट, २०५१ सालमा ३ र २०५६ सालमा ५ सिट जितेर मधेसको आवाजलाई संसद्मा स्थापित गरेको थियो। तर, २०६२/०६३ सालको जनआन्दोलन र त्यसपछिको मधेस आन्दोलनले मधेसी राजनीतिको स्वरूप नै बदलिदियो।

२०६४ सालको पहिलो संविधानसभा निर्वाचनमा मधेसी दलहरूले अभूतपूर्व सफलता प्राप्त गरे। उपेन्द्र यादव नेतृत्वको मधेसी जनअधिकार फोरम ५२ सिट (प्रत्यक्ष ३०, समानुपातिक २२) सहित चौथो ठुलो शक्तिका रूपमा उदायो। यस्तै, महन्थ ठाकुर नेतृत्वको तराई मधेस लोकतान्त्रिक पार्टी (तमलोपा) ले २१ सिट र राजेन्द्र महतोको सद्भावना पार्टी ले ९ सिट जितेर मधेसको बलियो उपस्थिति जनाएका थिए।

संविधान निर्माण र मधेसी अधिकार सुनिश्चित गर्ने घोषित उद्देश्यका साथ संसद् छिरेका यी दलहरू चाँडै नै मन्त्री पद र सत्ताको होडबाजीमा रूमल्लिए। सत्ताको यही खिचातानीले गर्दा मधेसी दलहरूमा विभाजनको लहर चल्यो। फोरमबाट फोरम (लोकतान्त्रिक), फोरम (गणतान्त्रिक), राष्ट्रिय मधेस समाजवादी पार्टी (रामसपा) आदि जन्मिए। सद्भावनाबाट संघीय सद्भावना र राष्ट्रिय सद्भावना पार्टी बने। तमलोपाबाट तराई मधेस सद्भावना पार्टी (तमसपा) को उदय भयो।

विभाजनको असर २०७० सालको दोस्रो संविधानसभा निर्वाचनमा स्पष्ट देखियो। एकीकृत शक्ति छिन्नभिन्न हुँदा सिट संख्या उल्लेख्य रूपमा घट्यो। फोरम नेपाल : १० सिट (प्रत्यक्ष २, समानुपातिक ८), फोरम (लोकतान्त्रिक): १४ सिट (प्रत्यक्ष ४, समानुपातिक १०), तमलोपा : ११ सिट (प्रत्यक्ष ४, समानुपातिक ७), सद्भावना पार्टी : ६ सिट (प्रत्यक्ष १, समानुपातिक ५) मा सीमित भए।

यो अवधिमा मधेसी दलहरूले अर्को एउटा ठुलो गल्ती गरे। त्यो हो, समानुपातिक प्रणालीको दुरुपयोग। संविधान निर्माणजस्तो गम्भीर कामका लागि पठाइने ठाउँमा नेताहरूले आफ्नी श्रीमती, छोरी, अतिप्रिय पात्र र पहुँचवाला उद्योगपति-व्यापारीहरूलाई मनोनीत गरे। यसले एकातिर इमानदार कार्यकर्ताको मनोबल गिराइदियो भने अर्कोतिर जनतामा 'मधेस आन्दोलन केवल केही व्यक्तिको समृद्धिका लागि रहेछ' भन्ने नकारात्मक सन्देश गयो।

२०७४ सालको आमनिर्वाचनमा मधेसी दलहरूले गठबन्धन गरेर चुनाव त लडे, तर उनीहरूभित्रको 'पुरानो रोग' को उपचार भएन। सत्ताको स्वाद पाएपछि नेताहरूले पुनः आफ्ना श्रीमती, नातेदार र परिवारका सदस्यहरूलाई नै संघीय र प्रादेशिक संसदमा भर्ती गरे। मधेस प्रदेश सरकारको नेतृत्व हातमा आउँदा विकासका योजनाभन्दा 'मिस्टर २०-परसेन्ट' हरूको चर्चा बढी भयो। कमिसनबिना फाइल अघि नबढ्ने र भ्रष्टाचार संस्थागत हुने अवस्थाले आमजनतामा चरम निराशा पैदा गर्‍यो।

२०८२ सालको निर्वाचन मधेसी दलहरूका लागि एउटा गम्भीर 'वेकअप कल' (चेतावनी) थियो, तर नेतृत्वले त्यसलाई सुन्ने चेष्टा गरेन। परिणामस्वरूप, 'बालेन लहर' र नयाँ राजनीतिक सोचका अगाडि पुराना किल्लाहरू तासको महलझैँ ढले। जसपा नेपाल, जनमत, राष्ट्रिय मुक्ति पार्टी र नागरिक उन्मुक्ति पार्टी जस्ता शक्तिहरू एकैसाथ संघीय संसद्मा प्रतिनिधित्वविहीन हुनु सामान्य कुरा होइन, यो त मधेसी जनताले दिएको कडा 'सफाया' को आदेश हो।

### हर्क साम्पाङको सन्देश

यही समयमा पूर्वी पहाडमा हर्क साम्पाङ राईको दलले प्राप्त गरेको सफलता निकै अर्थपूर्ण छ। यसले के प्रमाणित गर्छ भने, जनता अब ठुला कुरा र 'वाद' होइन, भुइँमान्छेका समस्या समाधान गर्ने इमानदार नेतृत्व चाहन्छन्। मधेसी दलहरूले अब केवल संविधान संशोधनको अमूर्त गीत गाएर मात्र पुग्दैन। कुन-कुन विषयमा र किन संशोधन चाहिने हो ? त्यसको प्रष्ट र साझा धारणा ल्याउन ढिला भइसकेको छ।

आगामी ५ वर्ष मधेसी दलहरूका लागि धैर्य, संयम र त्यागको वर्ष हुनुपर्छ। पुराना र असफल भइसकेका नेताहरूले अब विश्राम लिएर नयाँ पुस्तालाई नेतृत्व सुम्पिनु नै बुद्धिमानी हुनेछ। तर, नयाँ अनुहारका नाममा 'भ्रष्ट' र 'चाकरीबाज'हरूलाई अगाडि सार्नुको कुनै औचित्य छैन। मधेसी दलहरूको यो असफलता एउटा ठुलो 'सबक' हो। यदि उनीहरूले आफूभित्रको अहंकार, परिवारवाद र कमिसन मोहलाई त्यागेर जनताको सेवामा समर्पित हुने प्रण गरेनन् भने, २०८७ पछि उनीहरूको अस्तित्व इतिहासका पानामा मात्र सीमित हुने निश्चित छ। सत्तालोलुपताले विनाश निम्त्याउँछ भन्ने सत्यलाई स्वीकार्दै अब 'मधेस'को होइन, 'मधेसी जनता' को उत्थानका लागि राजनीति गर्नु अनिवार्य छ।

# बोक्न सक्लान् त बालेनले जिम्मेवारीको भारी ?



माधवी पौडेल

बिल्कुलै नयाँ शक्तिको रूपमा उदाएको पार्टीले ३ करोड नेपालीका करोडौँ आशा र अपेक्षाहरू कसरी पूरा गर्ला भन्ने आमचासो छ। यसै सन्दर्भमा, अबको प्रधानमन्त्री बालेन शाह हुँदा उनले देशको वर्तमान अवस्थालाई सुधार्दै महत्त्वपूर्ण जिम्मेवारी बहन गर्नुपर्ने देखिन्छ

भर्खरै सम्पन्न निर्वाचनले नयाँ शक्तिलाई झन्डै दुई-तिहाइ बहुमत दिई देशलाई 'रास्वपामय' बनाएको छ भने पुराना दलहरूलाई किनारा लगाइदिएको छ। परिवर्तनको यो लहरमा कतिपय अवाञ्छित व्यक्तिहरू विजयी भएका छन् भने कतिपय देशका लागि आवश्यक र योग्य व्यक्तिहरू पाखा लागेका छन्। बिल्कुलै नयाँ शक्तिको रूपमा उदाएको पार्टीले ३ करोड नेपालीका करोडौँ आशा र अपेक्षाहरू कसरी पूरा गर्ला भन्ने आमचासो छ। यसै सन्दर्भमा, अबको प्रधानमन्त्री बालेन शाह हुँदा उनले देशको वर्तमान अवस्थालाई सुधार्दै महत्त्वपूर्ण जिम्मेवारी बहन गर्नुपर्ने देखिन्छ। तर, प्रश्न उठ्छ, के बालेनले यो गहन जिम्मेवारीको भारी बोक्न सक्लान् त ?

नेपाल अहिले अन्तर्राष्ट्रिय क्षेत्रमा विभिन्न चुनौतीले घेरिएको छ। युरोपेली युनियनको हवाई प्रतिबन्धदेखि सम्पत्ति शुद्धीकरणको 'ग्रे लिस्ट' (खैरो सूची) को जोखिमसम्म हामीले सामना गरिरहेका छौँ। भ्रष्टाचारको विश्वव्यापी सूचकांकमा नेपाल १०९औँ स्थानमा छ भने बहुविपदको जोखिममा विश्वकै २०औँ स्थानमा पर्दछ। विडम्बना, प्राकृतिक स्रोतले धनी भएर पनि हामी विश्वका अति गरिब मुलुकहरूको सूचीमै छौँ।

मुलुकको अर्थतन्त्रका परिसूचकहरू विरोधाभासपूर्ण देखिन्छन्। कोही कुपोषणले ग्रस्त छन् त कोही अस्वाभाविक रूपमा मोटाएका छन्। ७ महिनाको आयात धान्न पुग्ने विदेशी विनिमय सञ्चिति भए पुग्नेमा अहिले १८ महिनालाई पुग्ने गरी थुप्रिएको छ। बैंकहरूमा करिब ७ खर्ब रुपैयाँ लगानीयोग्य रकम थुप्रिएर बसेको छ। चालु आर्थिक वर्षको ७ महिनामा करिब १२ खर्ब विप्रेषण (रेमिट्यान्स) भित्रिएर अर्थतन्त्र धानेको छ, तर मध्यपूर्वमा देखिएको बढ्दो संकटले यसलाई जुनसुकै बेला पनि धराशयी बनाउन सक्ने डर छ।

अर्थतन्त्रका प्रमुख आधारहरूको अवस्था झन् दयनीय छ। कृषिप्रधान देश 'कुर्सीप्रधान' बन्दा ५० वर्षअघि धान निर्यात गर्ने मुलुक अहिले वार्षिक ५० अर्बको धान आयात गर्ने अवस्थामा पुगेको छ। किसानहरू रोइरहेका छन् भने खेतीयोग्य जमिन बाँझो र झाडीमा परिणत हुँदै छन्। अब भूमि बैंकको अवधारणा कार्यान्वयन गर्दै सामूहिक र करार खेतीमार्फत व्यावसायिक कृषिको विकास गर्नु अपरिहार्य छ। ६० प्रतिशतभन्दा बढी उद्योगहरू चल्न सकेका छैनन्। चलेकाहरू पनि पूर्ण क्षमतामा छैनन् र कुन बेला बन्द हुने हुन् भन्ने अन्योल छ। लगानीमैत्री वातावरण निर्माण गरी युवा उद्यमीलाई प्रोत्साहन र रुग्ण उद्योगहरूलाई पुनर्जीवन दिनु आजको आवश्यकता हो।अर्थतन्त्रको मेरुदण्ड मानिएको पर्यटन क्षेत्रमा वार्षिक ११ लाखभन्दा बढी पर्यटक भित्र्याउन सकिएको छैन। जबकि ५ लाख जनसंख्या भएको छिमेकी माल्दिभ्सले वार्षिक १८ लाख पर्यटक भित्र्याउँछ। झन्डै ३ अर्ब जनसंख्या भएका शक्तिशाली छिमेकी चीन र भारतको बीचमा रहेर पनि हामीले चीनका १ प्रतिशतलाई 'साहसिक' र भारतका १ प्रतिशतलाई 'धार्मिक' पर्यटकका रूपमा मात्र भित्र्याउन सके पर्यटनमा ठुलो क्रान्ति हुने देखिन्छ।

वैदेशिक लगानी र उत्पादन बढे पनि प्रसारण लाइनको अभावमा वर्षायाममा उत्पादित विद्युत् खेर गइरहेको छ भने हिउँदमा आयात गर्नुपर्ने बाध्यता छ। अब विद्युत् प्रसारण लाइनको विस्तार, विद्युतीय सवारी र विद्युतीय चुल्होको प्रयोग बढाई पेट्रोलियम पदार्थको आयात कटौती र व्यापार घाटा न्यूनीकरणमा जोड दिनु आवश्यक छ। निजी क्षेत्रको एकल प्रयासबाटै वार्षिक करिब ६५ अर्ब रुपैयाँ बराबरको सेवा निर्यात भइरहेको सूचना प्रविधिको क्षेत्रमा पूर्वाधार र दक्ष जनशक्तिको अभाव छ। सूचना प्रविधिको विकास गरी युवाहरूलाई स्वदेशमै अवसर प्रदान गरेर वैदेशिक पलायन रोक्न सकिने ठुलो सम्भावना छ।

अर्थतन्त्रमा ८० प्रतिशत योगदान पुर्‍याउने निजी क्षेत्र अहिले चरम निराशा र उत्साहका बीच छ। जेनजी पुस्ताका युवाहरूको बढ्दो पलायन र बजारको शिथिलताले यो क्षेत्र कमजोर बनेको छ। निजी क्षेत्रलाई सबलीकरण गर्दै रोजगारी सिर्जना, उत्पादन वृद्धि र निर्यात प्रवर्द्धनमा केन्द्रित गर्नु आजको कार्यभार हो। बेरोजगार उत्पादन गर्ने हालको शिक्षा प्रणालीलाई रूपान्तरण गरी उत्पादनमूलक र रोजगारमूलक बनाउनु पर्छ। युवाहरूलाई रोजगारीका लागि विदेशिनुपर्ने बाध्यतालाई शिक्षाको माध्यमबाटै जरैदेखि उखेल्नु आवश्यक छ।

गरिब र विपन्नलाई राहत दिइरहेको स्वास्थ्य बिमा कार्यक्रमलाई थप प्रभावकारी बनाई देशका दूरदराजसम्म यसको पहुँच पुर्‍याउनु र उपचार पद्धतिमा सुधार गर्नु जरुरी छ। 'बचत' गर्ने भन्दा पनि 'स्वाहा' गर्ने माध्यम बनेका सहकारीहरूमा संस्थागत सुशासन कायम गरी पीडितहरूको बचत फिर्ता गराई न्याय दिलाउनु पर्छ। कुल बजेटको २० प्रतिशत मात्र रहेको पुँजीगत बजेट पनि वार्षिक ६० प्रतिशतभन्दा बढी खर्च हुन सकेको छैन। चालु आर्थिक वर्षको ८ महिनामा करिब २० प्रतिशत मात्र भएको पुँजीगत खर्चलाई बढाई विकास आयोजनाहरूमा तीव्रता दिनु अपरिहार्य छ।

सेटिङ र मिलेमतोमा जेलिएको वर्तमान खरिद प्रणालीलाई पूर्णतः 'ई-बिडिङ' मार्फत अनिवार्य र प्रतिस्पर्धी बनाउनु पर्छ। आवश्यकताभन्दा पनि बजेट सक्नकै लागि अन्धाधुन्ध खर्च गर्ने प्रवृत्ति रोक्न 'खर्चको प्रभावकारिता परीक्षण' गर्ने व्यवस्था तत्काल लागू गर्नु आवश्यक छ। दशकौँसम्म सम्पन्न हुन नसकेका, लागत र समय लम्बिँदै जाँदा रुग्ण बनेका विकास आयोजनाहरूलाई आगामी ५ वर्षभित्र अनिवार्य सम्पन्न गर्ने गरी रूपान्तरणकारी कार्ययोजना अघि सार्नु छ।

राजनीतिक हस्तक्षेप र उच्च ऋणले थलिएका हाम्रा सार्वजनिक संस्थानहरू सेतो हात्ती बनेका छन्। निजी क्षेत्रमा ४०० जनाले गर्ने काम सरकारीमा २ हजार ४०० जनाले गरिरहेको अवस्था छ। यस्तो संस्थागत कुशासन अन्त्य गर्न सक्षम र व्यावसायिक नेतृत्व चयन गरी संस्थानहरूमा व्यापक सुधार ल्याउनु पर्छ। नीतिगत भूमिकामा रहनुपर्ने संघीय सरकारमा कर्मचारीको थुप्रो लागेर 'बरन्डा' मा बस्नुपर्ने स्थिति छ, जबकि सेवा प्रवाहको मुख्य थलो स्थानीय तहमा कर्मचारीको चरम अभाव छ। त्यसैले, संघमा छरितो र स्थानीय तहमा भरिलो संगठन संरचना बनाउनु पर्छ। कार्यकर्ता भर्ती केन्द्रका रूपमा खोलिएका अनावश्यक समिति, कोष, प्रतिष्ठान र बोर्डहरूलाई एकआपसमा गाभी छरितो र प्रभावकारी बनाउनु पर्छ।

शासन सञ्चालनका २ पांग्रा राजनीति र प्रशासनबीच कार्यक्षेत्र र भूमिकाको स्पष्ट लक्ष्मण रेखा कोर्नु जरुरी छ। सरुवा-बढुवामा हुने राजनीतिक हस्तक्षेपलाई प्रणालीगत सुधारमार्फत सदाका लागि अन्त्य गरी यी दुईबीच सुमधुर र परिपूरक सम्बन्ध स्थापित गर्नु छ। सेवाग्राहीले सेवा पाउन भोकै, प्यासै र जाग्रै बस्नुपर्ने तथा सास्ती बेहोर्नुपर्ने वर्तमान अवस्थाको अन्त्य गर्नुपर्छ। प्रविधिको उच्चतम प्रयोग गरी 'डिजिटल सेवा प्रवाह' मार्फत सम्पूर्ण प्रक्रियालाई स्वचालित बनाउनु आजको आवश्यकता हो। कार्यालय सहयोगीदेखि मुख्यसचिवसम्म व्याप्त कुण्ठा र निराशालाई चिर्नु जरुरी छ। न्यून तलब-भत्ता, काम गर्दा गल्ती हुने र सजाय भोग्नुपर्ने डर, एवं १५ वर्षसम्म एउटै पदमा खुम्चिनुपर्ने बाध्यताले गर्दा हाम्रा 'उच्च दक्ष' कर्मचारीहरूको कार्यसम्पादन खस्किएको छ। निजामती सेवालाई व्यावसायिक, सदाचारी र जवाफदेही बनाई उनीहरूको मनोबल उच्च राख्नुपर्छ। हाम्रो न्याय निरुपण प्रणाली यति ढिलो र झन्झटिलो छ कि धेरैले त स्वर्ग पुगेपछि मात्रै न्यायको फैसला सुन्न पाउने उखान चरितार्थ भएको छ। दशकौँसम्म न्याय कुरेर बस्नुपर्ने विडम्बनापूर्ण स्थितिको अन्त्य गरी द्रुत मार्गबाट न्याय दिने प्रणाली स्थापना गर्नु छ।

संवैधानिक र कूटनीतिक निकायहरूमा दलीय आधारमा नियुक्ति दिने प्रवृत्तिले लोकतन्त्रलाई नै धरापमा पारेको छ। नियुक्त हुनेहरू राष्ट्रभन्दा पनि दलप्रति बढी निष्ठावान् हुने गरेका छन्। त्यसैले, यस्ता नियुक्तिहरूलाई प्रतिस्पर्धी र पारदर्शी बनाई योग्य व्यक्तिलाई स्थान दिनु नै लोकतन्त्रलाई मजबुत बनाउने सही बाटो हो। मुलुकमा विकासको लहर आउनुपर्नेमा दल खोलेर 'शासन गर्ने' लहर चलेको छ। उद्योग खोल्ने, व्यापार-व्यवसाय गर्ने र नयाँ सिर्जना गर्ने ऊर्जा हुनुपर्नेमा सयौँ दल खोलेर राजनीतिलाई नै पेसा बनाउने प्रवृत्ति हाबी भएको छ।

अब बन्ने सरकार ३ करोड नेपालीको आशा र भरोसाको बलियो केन्द्र बन्नुपर्छ। 'स्वदेशमा सानोतिनो काम गर्नुभन्दा विदेशिनु नै निकै बेस' भन्ने सोच पालेर बसेका युवाहरूलाई स्वदेशमै अवसर र सम्मान दिएर पलायन हुनबाट रोक्नु छ। दुई शक्तिशाली छिमेकी राष्ट्र चीन र भारतको बीचमा रहेको हाम्रो मुलुकले दुवैसँग सुमधुर र सन्तुलित सम्बन्ध कायम राख्नुपर्छ। कूटनीतिक कुशलता प्रदर्शन गर्दै अन्तर्राष्ट्रिय जगतमा नेपालको छवि र सम्बन्धलाई थप मजबुत बनाउनु आजको आवश्यकता हो। जनताका यी अथाह आशा र अपेक्षाहरू, अनि मुलुकले खोजिरहेको असल, सक्षम र इमानदार नेतृत्वको ठुलो जिम्मेवारी बालेन शाहको काँधमा आउँदै छ। तर, प्रश्न यथावत् छ, के बालेनले यी चुनौतीका पहाडहरू पन्छाउँदै जनअपेक्षाको यो भारी सफलतापूर्वक बोक्न सक्लान् त ?

## आजको राशिफल

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| मेष | खिन्नता बढने । | मिथुन | सिद्धि प्राप्त । | सिंह | अपच । | तुला | खर्च बढने । | धनु | बाधा । | कुम्भ | पीडा । |
| वृष | सुख । | कर्कट | परेशानी । | कन्या | लाभ । | वृश्चिक | अशान्ति । | मकर | वृद्धि । | मीन | उमङ्ग बढने । |

ज्यो. दुर्गा प्रसाद उपाध्याय
फो नं. ९८४१-३७१८९७,
कोटेश्वर, काठमाडौं
ईमेल : durga.np@gmail.com
facebook
Durga Prasad Upadhayaya



# कम्बोडियाबाट २० नेपालीको उद्धार

■ सौर्य समाचार

काठमाडौँ । कम्बोडियामा अनलाइन ठगीलगायत गैरकानुनी काममा लगाइएका र बिना भिसा बसिरहेका २० नेपालीलाई उद्धार गरी स्वेदश फर्काइएको छ । थाइल्यान्डस्थित नेपाली दूतावासको पहल र कम्बोडिया सरकारको सहयोगमा उद्धार गरी उनीहरूलाई बिहीबार स्वदेश फर्काइएको हो । विभिन्न व्यक्तिको प्रलोभनमा परी विभिन्न माध्यमबाट कम्बोडिया पुगेका र त्यहाँ अवैधरूपमा सञ्चालन गरिएका 'अनलाइन स्क्यामिङ' केन्द्र र क्यासिनोहरूमा अनलाइन ठगीमा परेका उनीहरूलाई अन्य गैरकानुनी काममासमेत लगाइएको थियो ।

कम्बोडियामा नेपाली नागरिकहरू अनलाइन ठगीलगायत गैरकानुनी काममा लगाइएको र बिना भिसा वा भिसा-अवधिभन्दा बढी समय बसिरहेको जानकारी प्राप्त भएको दूतावासले जनाएको छ । स्क्यामिङ केन्द्रहरूमा काम लगाइएकाको राहदानी कम्पनीले जफत गर्ने गरेको वा स्क्यामिङ केन्द्रबाट ट्रान्सफर हुँदा राहदानी हराएको भनी धेरैको गुनासो आएको दूतावासले जनाएको छ । त्यस्तो अवस्थामा नेपाल फर्किनलाई नेपाली राजदूतावास बैंककले उद्धार गर्न बिना शुल्क एकतर्फी यात्रा अनुमतिपत्र जारी गरिदिने गरेको छ ।

कम्बोडियाको पर्यटनसम्बन्धी तथ्यांकअनुसार पछिल्लो समय सन् २०२१ मा १०१ जना नेपाली भ्रमण भिसामा कम्बोडिया गएकोमा सन् २०२२ मा १ हजार ९७७, सन् २०२३ मा २ हजार ९४०, सन् २०२४ मा ६ हजार ४०४ तथा सन् २०२५ मा ९ हजार ६७६ जना नेपाली कम्बोडिया गएको देखिन्छ ।

नेपाल सरकारले तोकेका मापदण्डबमोजिम श्रम स्वीकृति लिएर मात्र वैदेशिक रोजगारीमा जान तथा कसैको प्रलोभनमा परी छिटो र धेरै पैसा कमाउने लोभमा कम्बोडिया, लाओस, म्यानमार, थाइल्यान्डलगायत मुलुकमा भ्रमणको बहानामा वैदेशिक रोजगारीमा नआउन पनि राजदूतावासले सबैमा अनुरोध गरेको छ ।

## कारागारबाट फरार कैदी पक्राउ

काठमाडौँ । प्रहरीले जेनजी आन्दोलनमा केन्द्रीय कारागारबाट फरार १ कैदीलाई पक्राउ गरेको छ । प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)को टोलीले उनलाई बिहीबार पक्राउ गरेको हो । बाघको छाला बिक्रीको अभियोगमा केन्द्रीय कारागारमा जेल जीवन विताइरहेका तनहुँको देवघाटका ५६ वर्षीय विष्णुबहादुर गुरुङ जेनजी आन्दोलनमा कारागारबाट फरार रहेका थिए । (सौस)


Karnali Province Government

Ministry of Water Resources and Energy Development

Directorate of Water Supply, Irrigation & Energy Development

**Water Supply, Irrigation and Energy Development Office**

Dailekh

**Invitation for Electronic Bids**

First Date of Publication :- 20th March, 2026

Last Date of Bid Submission :- 20th April, 2026

1. The Water Supply, Irrigation and Energy Development Office Dailekh invites electronic bids from Nepalese eligible bidders for the following works under National Competetive bidding procedures specified in public procurement act and regulations. The name and identification of the contracts are as follows.

| S. N. | Contract ID No. | Description of Works | Estimated Amount (Without VAT & Contingencies) | Bid Security Amount Nrs. | Bid Document fee. Nrs. |
|---|---|---|---|---|---|
| 1 | WIEDO/DL 1 K/W/NCB/0 5/2082-083 | Construction of Intake, Pipe Line, RCC Resevoir Tank, Stand Post, Supply and Installation of Solar Water Pumping System and other Water Supply Structures of Hudikhola Jumlasim Baleshwor Lift Water Supply Project Dullu Municipality-8, Dailekh. | 1,44,07,787.77 | 3,85,000.00 | 3000.00 |

2. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of Water Supply, Irrigation and Energy Development Office Dailekh, Telephone no.: 089-410106, Email: wridd.dailekh@gmail.com of office or may visit PPMO website www.bolpatra.gov.np/egp.

**Office Chief**



Madesh Province Government

Ministry of Physical Infrastructure Development

**Infrastructure Development Directorate**

**Infrastructure Development Office (IDO)**

Dhanusha

**Invitation for Bids**

(IFB No: 03-082/83)

Date of First Publication: 20th March 2026 (2082/12/06)

1. Infrastructure Development Office (IDO), Dhanushainvites Electronic bids from the eligible bidders for the followings works.

| S. N. | Contract ID | Name of Project | Bid Document Fee (NRs.) | Bid Security Amount (NRs.) | Bid validity/ Bid Security Validity Period |
|---|---|---|---|---|---|
| 1. | IDO/Dhanusha/ W/NCB/16-082/83 | Kanchanwan Starunnati ka Bibhinna karya, Laxminiya ga. pa. 3, Dhanusha | 3,000 | 90000 | 90 Days/120 Days from Bid Opening Date |
| 2. | IDO/Dhanusha/ /NCB/17-082/83 | Banigamma dekhi Nikal Than samma Sadak Starunnati, Laxminiya ga. pa. 3, Dhanusha | 3,000 | 100000 | |
| 3. | IDO/Dhanusha/ W/NCB/18-082/83 | Sadak Starunnati karya, Laxminiya ga. pa. -3, Dhanusha | 3,000 | 100000 | |
| 4. | IDO/Dhanusha/ W/NCB/25-082/83 | sadak starunnati ,Laxminiya ga. pa.-1, Dhanusha | 3,000 | 100000 | |
| 5. | IDO/Dhanusha/ W/NCB/26-082/83 | Sadk Starunnati ,Laxminiya ga.pa 2, Dhanusha | 3,000 | 90000 | |
| 6. | IDO/Dhanusha/ W/NCB/27-082/83 | Sadak Starunnati karya, Laxminiya ga pa 5 , Dhanusha | 3,000 | 90000 | |
| 7. | IDO/Dhanusha/ W/NCB/28-082/83 | Nathuniyadavko Gharko aagadi Samudayik Bhawan Nirman | 3,000 | 100000 | |
| 8. | IDO/Dhanusha/ W/NCB/40-082/83 | Dhanusha mithila-2 nakataghij Baburam yadavko ghar dekhi Mithila chowk hundai vishwakarma chowk samma pakki nala nirman | 3000 | 100000 | |
| 9. | IDO/Dhanusha/ W/NCB/41-082/83 | Kamala na pa 3 karyalaya dekhi parsa hundai Mangraha-Dubarkot Harine Sammako sadak. | 3000 | 110000 | |
| 10. | IDO/Dhanusha/ W/NCB/42-082/83 | Nikal Tole Sadak Starunnati, Laxminiya ga. pa.-6 | 3,000 | 90000 | |

Bank account Details for purchasing Bid document and Bid Security cash deposit

| Employer's Bank Account for Purchasing Bid document | Employer's Bank Account for Bid security Cash deposit |
|---|---|
| Rastriya Banijya Bank Ltd.Office Code no. : 3370117022Account no.: 1000100200010000 | Rastriya Banijya Bank Ltd.Office Code no. : 3370117022 Account no.: 1220100202030000 |

2. A complete of Bidding document can be downloaded from PPMO's wedsite www.bolptra.gov.np/egp. For detail information eligible bidders may visit the IDO , Janakpurdham, Dhanusha
3. All the rights to accept or reject the bids are reserved to IDO ,Janakpurdham, Dhanusha without specifying any reasons if any.
4. All process should be carried out in accordance with the public procurement Regulations.

**Office Chief**



**शुभखबर बचत तथा ऋण सहकारी संस्था लिमिटेड**

का.म.न.पा. ३२, जडिबुटी काठमाण्डौ, फोन नं. ०१-५१०४१०१

**ऋण चुक्ता गर्ने सम्बन्धी १५ दिने (दोस्रो पटक) सार्वजनिक सूचना**

**दोस्रो पटक प्रकाशित मिति २०८२।१२।०६**

यस संस्थाबाट तपशिलमा उल्लेखित व्यक्तिहरुले आफ्नो व्यवसाय सञ्चालन गर्न विभिन्न शिर्षक अन्तर्गत ऋण लिएकोमा भाखा भित्र साँवा व्याज रकम चुक्ता गर्न नआएकोले पटक पटक सम्बन्धित व्यक्तिहरुलाई मौखिक, लिखित पत्र तथा राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने सूचना प्रकाशित गरि ऋण चुक्ता गर्न अनुरोध सहित ताकेता गर्दा समेत बेवास्ता गरी यस संस्थासँग लिएको ऋणको सॉबा व्याज तिर्न बुझाउन नआएको हुँदा यस संस्थाको विनियमावली, सहकारी ऐन २०७४ र सहकारी नियमावली २०७५ ले दिएको अधिकार प्रयोग गरि सम्वन्धीत ऋणीले वा व्यक्तिगत धन जमानत दिने व्यक्तिहरुले यस संस्थालाई तिर्न बुझाउनु पर्ने ऋणको साँवा व्याज तथा हर्जना दोस्रो पटक प्रकाशित मितिले १५ दिन भित्र बुझाउनु हुन यो सूचना प्रकाशित गरिएको छ । उक्त समय भित्र संस्थालाई बुझाउनु पर्ने साँवा, व्याज असुल उपर नभएमा सम्वन्धित ऋणीहरुले धितो राखेको तथा निजको जमानी बस्ने ब्यक्ति तथा निजको परिवारका अन्य व्यक्तिहरुको नाउँमा रहेको जायजेथाबाट प्रचलित कानून बमोजिम असुल उपर गरिने छ । उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋण तथा जमानतकर्ताहरुलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा राख्न सकिने व्यहोरा जानकारी गराईन्छ । साथै तोकिएको समयमा ऋण चुक्ता नभएमा ऋण असुलिका निमित्त आवश्यक कानूनी प्रकिया समेत अघि बढाईने छ ।

**ऋणी तथा व्यक्तिगत धनजमानी दिने व्यक्तिहरुको तिनपुस्ते विवरण**

| क्र.सं. | ऋणीको नाम थर ठेगाना तथा तिन पुस्ते विवरण | फोटो | व्यक्तिगत जमानी दिनेको नाम तथा ठेगाना |
|---|---|---|---|
| १ | नामः- लेखनाथ पौड्याल जैसी<br>बाबुः- इश्वरी प्रसाद पौड्याल<br>बाजेः- तुलशीराम पौड्याल<br>ना.प्र.प. नं.:- ९०७७/१३०८/०३६<br>स्थायी ठेगानाः शितगंगा गा.पा. वडा नं. ५ अर्घाखाची । |  | नामः- स्नेहा पौड्याल<br>बाबुः- लेखनाथ पौड्याल जैसी<br>बाजेः- इश्वरी प्रसाद पौड्याल<br>ना.प्र.प. नं.:-४०-०१-७८-००३८७<br>स्थायी ठेगानाः शितगंगा गा.पा. वडा नं. ५ अर्घाखाची । |
| २ | नामः- निल प्रसाद घिमिरे<br>बाबुः- नरनाथ घिमिरे<br>बाजेः- रामनाथ घिमिरे<br>ना.प्र.प.नं. : ३०६५४<br>स्थायी ठेगानाः गोकुलगंगा-४ रामेछाप |  | नामः- श्री गिता घिमिरे, पोखरेल<br>बाबु :- श्री डिल्लीराम पोखरेल<br>बाजेः- श्री भवानी प्रसाद पोखरेल<br>ना. प्र.प.नं.:- ५८२२४<br>ठेगानाः गोकुलगंगा ४ रामेछाप |
| ३ | नाम- परशुराम चौलागाई<br>बाबुः- तारानाथ चौलागाई<br>बाजेः- चन्दलाल चौलागाई<br>ना प्र प नं.:- ८७८३/१४२७<br>स्थायी ठेगानाः- भीमेश्वर न.पा. वडा नं. ५ दोलखा |  | नाम- किरण चौलागाई<br>बाबुः- परशुराम चौलागाई<br>बाजेः- तारानाथ चौलागाई<br>ना प्र प नं.:- २२१०१४-८३३<br>स्थायी ठेगानाः- भीमेश्वर न.पा. वडा नं. ५ दोलखा |
| ४ | नाम- किरण चौलागाई<br>बाबुः- परशुराम चौलागाई<br>बाजेः- तारानाथ चौलागाई<br>ना प्र प नं.:- २२१०१४-८३३<br>स्थायी ठेगानाः- भीमेश्वर न.पा. वडा नं. ५ दोलखा |  | नाम- परशुराम चौलागाई<br>बाबुः- तारानाथ चौलागाई<br>बाजेः- चन्दलाल चौलागाई<br>ना प्र प नं.:- ८७८३/१४२७<br>स्थायी ठेगानाः- भीमेश्वर न.पा. वडा नं. ५ दोलखा |

**अन्य थप जानकारीका लागि यस संस्थाको कार्यालयमा सम्पर्क राख्नहुन अनुरोध गरिन्छ ।**



**नबिल बैंक लिमिटेड, पोखरा(मालेपाटन) शाखा, कास्कीको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी**

**(प्रकाशित मितिः २०८२/१२/०६)**

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणीले तथा सो को धितो जमानतकर्ताले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्वन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति **२०८१/०८/२४ को आर्थिक अभियान दैनिक पत्रिका**मा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित सघं सस्थाले यो सूचना प्रकाशित भएको **पन्ध्र (१५) दिन** (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको **पोखरा(मालेपाटन) शाखा, कास्की**मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने ब्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा अवगत गराईन्छ । साथै, सवारी साधनको हकमा उक्त सवारी साधन बैंकको नाममा दर्ता रहेको र सो सवारी साधनको स्वामित्व बैंकमा रहेको ले कसैले अनधिकृत रुपमा प्रयोग गरिरहनुभएको छ भने यथासिघ्र बैंकमा बुझाउनु होला । अन्यथा अनधिकृत रुपमा बैंकको सवारी प्रयोग गर्नु भए उपर प्रचलित कानून बमोजिम कारवाही गर्न बैंक बाध्य हुने समेत जानकारी गराईन्छ ।

**तपसिल**

**ऋणीको नाम र ठेगानाको विवरण**

छोरा, कास्की जिल्ला, लेखनाथ न.पा. वडा नं. १३ स्थायी घर भई हाल कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ३२ बस्ने, ना.प्र.न १२९३८२ (जारी मितिः २०५९/०६/०७, स्थान कास्की), भएको **चन्द्र भुपाल तिवारी** ।

**व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण**

विष्णु हरी तिवारीकी छोरी, इमनाथ तिवारीकी बुहारी, चन्द्र भुपाल तिवारीकी श्रीमती, कास्की जिल्ला, लेखनाथ न.पा. वडा नं. १३ स्थायी घर भई हाल कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ३२ बस्ने, ना.प्र.न ४६/३/००२/२२५६ (जारी मितिः २०६३/११/२२, स्थान कास्की), भएकी **कल्पना तिवारी** ।

**धितोको विवरण**

धितोमा रहेको घर/जग्गाको विवरणः

१. कास्की जिल्ला, लेखनाथ न.पा. वडा नं. १३ स्थायी घर भई हाल कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ३२ बस्ने, **कल्पना तिवारी**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको कास्की जिल्ला रुपकोट गा.वि.स. वडा नं. ०१ नक्सा सिट नं ०९४१२४८ मा अवस्थित कि.नं. १३३७३ र १३३७४ क्षेत्रफल ०-६-३-० र ०-९-३-२ रोपनी जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
२. कास्की जिल्ला, लेखनाथ न.पा. वडा नं. १३ स्थायी घर भई हाल कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ३२ बस्ने, **चन्द्र भुपाल तिवारी** को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको कास्की जिल्ला रुपकोट गा.वि.स. वडा नं. ०१ नक्सा सिट नं ०९४१२४८ मा अवस्थित कि.नं. ४९५ क्षेत्रफल १-११-०$^{3/4}$ रोपनी जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

**लिलामबिक्री सम्बन्धी अन्य शर्तहरु :**

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्रफाराम रु १०००।०० दस्तुर (पछि फिर्ता नहुने गरी) तिरी बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं वा पोखरा(मालेपाटन) शाखा, कास्की**बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८२/१२/२० गते १:०० बजे भित्र यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं वा पोखरा(मालेपाटन) शाखा, कास्की**मा बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०८२/१२/२२ गते ३:०० बजे बैंकको **पोखरा(मालेपाटन) शाखा, कास्की**मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलामगर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुलगर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिनचाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कबोल गरेको रकमको कम्तिमा १० (दश) प्रतिशत रकम बैंकमा नगदै जम्मा गरेको सक्कल भौचर वा बैंकको नाममा खिचिएको "गुड फर पेमेण्ट" अर्थात् "भुक्तानी योग्य चेक" (Good for Payment Cheque) वा ड्राफ्ट वा मेनेजर/बैंकर्स चेक वा बैंक जमानत संलग्न गरी तोकिएको म्याद भित्रैमा बैंकमा पेश गर्नु पर्नेछ । धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ । स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुऱ्याई दर्ता हुनआएको बोलपत्रउपर कुनै कारवाही हुने छैन ।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठ**माडौं वा पोखरा(मालेपाटन) शाखा, कास्कीमा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

NABIL BANK®

प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-४९७२४५२, ९८०५६७३४७४

Government of Nepal
Ministry of physical infrastructures & Transport
Department of Roads
Pushpalal (Midhill) Highway Project Directorate

## Pushpalal (Midhill) Highway Project Office

Sitkha, Ramechhap

### Notice for Opening of Price Bids

**Date of Publication: 2082-12-06 (20th March, 2026)**

1. Pursuant of Clause 31(Ja), Sub Clause 5 of Public Procurement Regulation 2064 (including amendments), this is to notify all the concerned bidders, participated in the bidding of contracts invited through Notice No. 01/2082/83 published on B.S. 2081-10-25 (A.D. 2026-02-08) in "Aarthik National Daily", the technical bids of following listed bidders for respective contracts are qualified.
2. All the qualified bidders are notified to participate in opening of Price Bids scheduled on 2082-12-15 (29th March, 2026) 13:00 hours at the office of Pushpalal (Midhill) Highway Project Office Sitkha, Ramechhap.

| S.No. | Contract Identification No. | Descriptions of Works | Qualified Bidders |
|---|---|---|---|
| 1 | MIDHLPR/ 337011144/082/83-01 | Road Rehabilitation Works at Khurkot-Ghurmi Road Section (Ch: 0+000 to 55+000) of Midhill Highway, Sindhuli | 1. M/S Sanjay Nirman Sewa, Hetauda-05, Makawanpur |
| | | | 2. M/S Nabodita/Subodita J/V, Panauti, Kavre |
| | | | 3. M/S Tamakoshi-Jayakrishna-Krishal JV, Manthali-1, Ramechhap |
| | | | 4. M/S Kishan-Priskila J/V, Kathmandu |
| | | | 5. M/S Srijana Nirman Sewa,Bhimsthan-2,Sindhuli |
| | | | 6. M/S Purnabinayak/Aashreeya/Mahavir JV, Gothatar-07, Kathmandu |
| | | | 7. M/S. Shailendra-Sudip Joint Venture,Jorpati-02,Kathmandu |
| | | | 8. M/S Kailash –Thokar-UKB J/V, Manthali-01, Ramechhap |
| | | | 9. M/S Bhujel - Om J.V., Okhaldhunga |
| | | | 10. M/S Siddhikali/ Easy/ Erika JV, Kamalamai-05, Sindhuli |
| | | | 11. M/S Manichud-Raktakali-P & D.K J.V., Shankharapur- 02, Kathmandu |
| | | | 12. M/S Joshi G. Construction Pvt. Ltd,Panauti,Kavrepalanchowk |
| | | | 13. M/s M.K.S-Bhadrakali-Jagat Maiya J.V. Golanj0r-7, Sindhuli |
| | | | 14. M/s Kali Mata-Gaura-Mingma J.V.Mahankal-6, Kathmandu |
| | | | 15. M/s Abhiyan-C.S.Construction J.V.,Kamalamai-8, Sindhuli |

Project Manager

# शिक्षा नियमावली उल्लंघन गर्दै निजी विद्यालय
# वार्षिक परीक्षा नसकिँदै भर्नाको हतारो

■ प्रकाश सिलवाल

काठमाडौं । 'सीमित सिटका लागि भर्ना खुलेको छ, विद्यालयबाट फारम वितरण भइरहेकाले लिन सक्नुहुनेछ ।' यस्ता सूचना र विज्ञापन आजभोलि निजी विद्यालयका वेबसाइट र सूचनापाटीमा देख्न सकिन्छ । वार्षिक परीक्षा सम्पन्न नहुँदै काठमाडौं उपत्यकालगायत विभिन्न क्षेत्रका अधिकांश निजी विद्यालयले शिक्षा नियमावली विपरीत नयाँ शैक्षिकसत्र, २०८३ का लागि भर्ना प्रक्रिया सुरु गरेका हुन् । नियमविपरीत भर्ना सुरु गर्ने क्रम यसअघिका वर्षमा पनि हुँदै आएका थिए । संघीय र स्थानीय सरकारले नियमावलीलाई पालना गरेर हरेक वैशाखमा मात्रै भर्ना खोल्न आग्रह गर्दै आए पनि निजी (संस्थागत) विद्यालयले यसको निरन्तर उल्लंघन गर्दै आएका छन् ।

उदाहरणका लागि काठमाडौंको ज्ञानेश्वरस्थित ग्यालेक्सी पब्लिक स्कुल र ललितपुरको हात्तीवनस्थित लिटिल एन्जल्स स्कुलले चैत महिनाभरि कक्षा १ देखि ८ सम्मका लागि भर्ना प्रक्रिया सुरु हुनेबारे सूचना जारी गरेका छन् । काठमाडौंको बुद्धनगरस्थित रोजबर्ड स्कुलले कक्षा १ देखि ६ सम्मका लागि भर्ना फारम वितरण गरेको छ । भक्तपुरको माउन्ट एभरेस्ट स्कुलले पनि भर्ना खुल्ला भइसकेको सूचना राखेको छ । यस्ता उदाहरण बर्गेल्ती भेटिन्छन् । खासगरी नयाँ भर्ना गर्ने विद्यार्थीका लागि फारम भराउने र प्रवेश परीक्षा लिने काम अधिकांश निजी विद्यालयले चैतको तेस्रो साताभित्र सकाउने गरी आन्तरिक कार्यतालिका बनाएका छन् ।

शिक्षा नियमावली (१०औं संशोधन), २०७७ को दफा ७८ (ग) मा वार्षिक परीक्षाको लब्धांकपत्र र स्थानान्तरण प्रमाणपत्र प्राप्त भएपछि मात्रै भर्ना प्रक्रिया सुरु गर्नुपर्ने प्रबन्ध गरिएको छ । काठमाडौं महानगरका विद्यालय शिक्षा व्यवस्थापन नियमावली, २०७४ ले पनि संघीय ऐन, नियमबमोजिम विद्यार्थी भर्ना, शुल्क, वार्षिक परीक्षालगायत विषयमा स्पष्ट पारेको छ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका प्रवक्ता शिवकुमार सापकोटाले विद्यालय तहको सञ्चालन र व्यवस्थापन स्थानीय तहको अधिकार क्षेत्र रहेको सन्दर्भमा ऐन, नियमको पालनाका लागि कुनै जटिलता आएमा केन्द्र सरकारले चासो राख्ने बताए ।

काठमाडौं महानगरपालिकाको शिक्षा विभागका प्रमुख नमराज ढकालले नयाँ शैक्षिकसत्रको भर्नाका लागि कानुनी रूपमा वैशाखमा समय निर्धारण गरिएको जनाउँदै त्यसअघि औपचारिक रूपमा विद्यार्थीलाई भर्ना लिन नमिल्ने बताए । 'नियमले वार्षिक परीक्षा र परीक्षाफल प्रकाशन नगरी भर्ना लिन भन्दैन । परीक्षा र परीक्षाफल प्रकाशन चैतभरि हुन्छ । त्यसपछि भर्ना प्रक्रिया सुरु हुन्छ,' उनले भने । प्रमुख ढकालले औपचारिक रूपमा नमिल्ने भर्ना प्रक्रिया सञ्चालन गर्ने निजी विद्यालय र अभिभावक दुवै पक्षको समझदारी देखिएको बताए । नियमविपरीत भर्ना गरिएको भन्ने औपचारिक गुनासो आएमा अनुगमन गरी कारबाही गरिने उनले जानकारी दिए ।

हाल काठमाडौं महानगरपालिकामा ६७४ संस्थागत (निजी) र ८७ सामुदायिक (सरकारी) विद्यालय सञ्चालित छन् । आधारभूत शिक्षा (कक्षा ८) को नगरस्तरीय परीक्षा सञ्चालन हुन थालेकाले आफूले भर्नाका विषयमा सबै विद्यालयमा अनुगमन गर्न भने नभ्याउने महानगरपालिकाको भनाइ छ ।

महानगर अन्तर्गतका सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीको शैक्षिकसत्र, २०८२ को आधारभूत शिक्षा (कक्षा ८) को परीक्षा तोकिएका ५७ विद्यालयमा ६ चैत बिहीबारदेखि सुरु भई यही १२ चैतसम्म सञ्चालन हुँदै छ । निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन (प्याब्सन) का महासचिव आरबी कटवालले केही विद्यालयले आन्तरिक रूपमा त्यस्ता गतिविधि सञ्चालन गरेको हुनसक्ने सम्भावना नकार्न नसकिने भन्दै यसबारे औपचारिक वा प्रमाणिक जानकारी आफूहरूसँग आइनपुगेको बताए ।

'प्याब्सनको स्पष्ट धारणा भनेको सधैं जस्तै, शैक्षिक सत्र औपचारिक रूपमा समाप्त भई अन्तिम नतिजा प्रकाशन भएपछि मात्र नयाँ भर्ना प्रक्रिया सुरु गर्ने भन्ने हो । यससम्बन्धमा आवश्यक कार्यक्रम तथा कार्यतालिका पनि सोही अनुसार तय गरिन्छ,' महासचिव कटवालले भने, 'यसले शिक्षा नियमावली र पालिकाहरूले जारी गरेका निर्देशनलाई पूर्ण रूपमा समेट्ने र सम्मान गर्ने हाम्रो प्रतिबद्धतालाई पनि प्रतिविम्बित गर्दछ ।'

राष्ट्रिय निजी तथा आवासीय विद्यालय एसोसिएसन (नेसनल प्याब्सन) का अध्यक्ष गीता राणा क्षेत्रीले भर्ना प्रक्रिया सुरु भए पनि पूर्ण भर्ना भने वार्षिक परीक्षा सकिएर लब्धांकपत्र दिएपछि मात्रै हुने जानकारी दिइन् । उनले सामुदायिक विद्यालयमा वैशाखभरि भर्ना गर्ने प्रक्रिया रहने भन्दै निजी विद्यालयका विद्यार्थी र अभिभावकको चाहनाबमोजिम वैशाखाको पहिलो सातादेखि कक्षा सञ्चालन गरिँदै आइएको जनाइन् । सो एसोसिएसनले नयाँ शैक्षिकसत्र हरेक वैशाखमा आरम्भ भई चैतमा सम्पन्न हुने विद्यमान व्यवस्था अनुसार नियमित पठनपाठन र पाठ्यक्रम पूरा गर्न सहज नहुने विषयमा महानगरको ध्यानाकर्षण गराएको थियो ।

नयाँ शैक्षिकसत्र लागेपछि मात्रै भर्ना गराउने भन्ने पालिकाको सूचनाले शैक्षिककसत्रको व्यवस्थापनमा असहजता हुने भएकाले वैशाख अगावैदेखि भर्ना प्रक्रिया सुरु गर्न सहजीकरण गरियोस् भन्ने नेसनल प्याब्सनको माग रहेको छ । नेपाल अभिभावक महासंघका अध्यक्ष सुप्रभात भण्डारीले सामुदायिक र निजी विद्यालयमा फरकफरक मितिमा भर्ना हुने खालको अवस्था अन्त्य हुन नसकेको बताउँदै एकरूपताका लागि केन्द्र र स्थानीय सरकारको प्रभावकारी नीति र अनुगमन हुनुपर्नेमा जोड दिए । 'निजी विद्यालयमा चैतमा भर्ना सुरु भइसक्यो । सरकारीमा २ वैशाखदेखि भर्ना अभियान सुरु हुन्छ । वैशाखदेखि भनेर शैक्षिकसत्र तोकिएपछि त्यसको पालना हुनुपर्ने हो । यसलाई पालिका अनुसार वा विद्यालयको प्रकार अनुसार खुल्ला छोड्ने वा के गर्ने अब आउने सरकारले स्पष्ट नीति ल्याउँला कि भन्ने आशा गरेका छौं,' उनले भने ।

रोजबर्ड स्कुलका प्रिन्सिपल दामोदर ढुंगानाले विगतमा फागुनदेखि भर्ना प्रक्रिया खुल्ने गरेकामा स्थानीय तहको समन्वयमा अहिले चैतदेखि सुरु गरिएको बताउँदै आफूहरूले ऐन, नियम र सरकारका निर्देशनलाई पालना गर्ने स्पष्ट गरे । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका अनुसार हाल मुलुकभर २६ हजार ६०६ सामुदायिक, ७ हजार ८८६ संस्थागत र १ हजार ३८४ धार्मिक विद्यालय छन् ।

कोशी प्रदेश सरकार

## भौतिक पूर्वाधार विकास मन्त्रालय

विराटनगर, नेपाल

### वोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति: २०८२/१२/०६**

यस मन्त्रालयबाट मिति २०८२/०९/२१ गते सौर्य दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वान सम्बन्धि सूचना अनुसार निर्धारित समयमा विधुतीय खरिद प्रणाली (e-GP) मार्फत दाखिला हुन आएका बोलपत्रदाताहरुको प्राविधिक तथा आर्थिक प्रस्तावको मूल्यांकन पश्चात निम्न उल्लेखित वोलपत्रदाताले पेश गरेको वोलपत्र न्यूनतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही वोलपत्र ठहरिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (१) वमोजिम छनौट गरिएको र सोहि ऐनको दफा २७ को उपदफा (२) र (३) तथा दफा ४७ को प्रयोजनार्थ सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल:

| क्र. स. | ठेक्का नं. | खरिद कार्यको विवरण | छनौट गरिएको फर्मको नाम र ठेगाना (न्यूनतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही वोलपत्र) | कबोल गरेको अंक (भ्याट र पि.एस. सहित) |
|---|---|---|---|---|
| 1 | MoPID/NCB/ Goods/01-082/83 | Fabrication, Supply and Delivery of Two sets of Single Span (51.81m) Bailey Bridge | M/S Jalap Nepal Pvt. Ltd., Bhratpur-08, Chitwan | NRs. 5,74,04,000.00 |

प्रदेश सचिव

## ताँजाकोट गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

चाँखुरे, हुम्ला
कर्णाली प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना र आशयको सूचना संशोधन गर्ने सूचना ।

**प्रकाशन मिति : २०८२/१२/०६**

१. यस ताँजाकोट गाँउपालिकाको कार्यालयले निम्नानुसारको कार्यका लागि निर्धारित मिति भित्र विद्युतीय खरिद प्रक्रियामा दर्ता भएका बोलपत्रहरुको मुल्यांकन पछि न्युनतम मुल्यांकित सारभुत रुपमा प्रभावग्राहि रहेका तपशिल बमोजिमका बोलपत्रदाताहरुको बोलपत्र स्वीकृतिको लागि छनौट भएको व्यहोरा सम्बन्धित सबैमा जानकारीका लागि बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशन गरिएको छ ।

| ठेक्का नं. | कबोल रकम (मु.अ.क सहित) | न्युनतम मल्यांकित सारभुत रुपमा प्रभावग्राहि बोलपत्रदाताको नाम र ठेगाना |
|---|---|---|
| 02/05/TRM/082-83/UGNKY/GOODS | रु २२,०९,३८०।८५ | Nabadurga Construction Suppliers and Research Civil Center, Simikot-06, Humla |
| 02/06/TRM/082-83/BKNKY/GOODS | रु २१,४८,७८३।५९ | Nabadurga Construction Suppliers and Research Civil Center, Simikot-06, Humla |
| 02/07/TRM/08283/FWBKY/GOODS | रु १६,४८,९७२।२९ | Nabadurga Construction Suppliers and Research Civil Center, Simikot-06, Humla |

२ मिति २०८२/१०/१९ सार्यै राष्ट्रिय दैनिकमा न्युनतम मुल्यांकित सारभुत रुपमा प्रभावग्राहि रहेको भनि New Himali Construction and Order Suppliers को नाममा बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशन गरिएकोमा पुनःमल्यांकन गरिपाउँ भन्ने बोलपत्रदाता लगनशिल निर्माण सेवाको निवेदन पश्चात पुनः मल्यांकन गर्दा New Himali Construction and Order Suppliers ले Price Schedule हालेको भेटिएन तसर्थ New Himali Construction and Order Suppliers लाई फेल गराई त्यसपछिको न्युनतम मुल्यांकित सारभतु रुपमा प्रभावग्राहि रहेको निम्न बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्ने आशयको संशोधित सूचना प्रकाशन गरिन्छ ।

| ठेक्का नं. | कबोल रकम (मु.अ.क सहित) | न्युनतम मल्यांकित सारभुत रुपमा प्रभावग्राहि बोलपत्रदाताको नाम र ठेगाना |
|---|---|---|
| 04/TRM/082-83/ GGK/Goods | रु १९,७४,१३८।२५ | Lagansil Nirman Sewa, Adanchuli -03, 9848226208 |

प्रमुख प्रशासकीय अधिकृत
ताँजाकोट गाउँपालिका

### बोलपत्रद्वारा काठ दाउरा लिलाम बिक्रीको सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८२/१२/०६**

सिन्धुपाल्चोक जिल्ला लिसंखुपाखर गाउँपालिका वडा नं. ७ अन्र्तगत चुलिडाँडा-पाल्पेश्वरी जिपलाइन निर्माण कार्य कार्यन्वयन गर्न लागेकोमा सो प्रस्ताव कार्यान्वयन गर्न अघि उक्त प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन भईरहेको जानकारी गराईन्छ। प्रस्ताव कार्यान्वयन हुने स्थल र आयोजना निर्माण हुदाँ प्रभावित हुन सक्ने क्षेत्रहरु निम्नानुसार रहेका छन् ।

| प्रस्तावको व्यहोरा | प्रभाव पर्ने जिल्ला/ न.पा./ वडा नं. |
|---|---|
| लिसंखुपाखर गाउँपालिका अन्र्तगत चुलिडाँडा-पाल्पेश्वरी जिपलाइन निर्माण कार्य यस आयोजनाको सुरुवाति स्टेशन (Launch Station) समुद्री सतहबाट १८५२.६८३ मिटरको उचाइमा रहेको चुलिडाँडामा अवस्थित छ भने यसको अवतरण स्टेशन (Landing Station) १७०७.६५ मिटरको उचाइमा रहेको पाल्पेश्वरीमा पर्दछ । यो आयोजना कुल लम्बाई ८५१.२६ मिटर रहेको छ। | बागमती प्रदेश, सिन्धुपाल्चोक जिल्ला, लिसंखुपाखर गाउँपालिका, वडा नं. ७ |

माथि उल्लेखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली, सांस्कृतिक प्रणाली बीच के कस्तो प्रभाव प्रदछ भनी यकिन गर्न सो स्थानको गा.पा. तथा त्यस क्षेत्रका सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकाले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिन हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने निकाय र ठेगानाः**

| प्रस्तावकको नाम र ठेगाना | परामर्शदाताको नाम र ठेगाना |
|---|---|
| लिसंखुपाखर गाउँपालिका<br>गाउँ कार्यपालिकाको कार्यालय<br>अत्तरपुर, सिन्धुपाल्चोक<br>फोन नं. ०११-६९११८<br>इमेलःlisankhupakharmun@gmail.com | दुरद्रशी ईन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि.<br>सिद्धार्थनगर-८, रुपन्देही<br>फोन नं.: ९८४३८१८३३१<br>ईमेलः consult.durdarshi@gmail.com |

---

## Shivasatakshi Municipality
### Office Of The Municipal Executive

**Jhapa**
**Koshi Province, Nepal**

### Invitation For Online Bids

**Date of 1st Publication : 2082/12/06 (20-March-2026)**

1. Shivasatakshi Municipality invites electronic bids from eligible bidders for the following procurement work under National Competitive bidding procedures specified in Public Procurement Act 2063 and Regulations 2064.

| Contract Number | Description of Work | Bid Doc Fee | Estimated Amount Without Vat & PS | Bid Validity Perid | Minimun Bid Security Amount | Bid Security Validity Perid | Deadline For Submission of Bid | Opening of Bid |
|---|---|---|---|---|---|---|---|---|
| 26/SM/NCB/Cons/ 2082/83 | Smart School Infrastructure within Shivasatakshi Municipality, | Nrs 3000 | **Nrs** 59,72,605.68 | 90 Days After Bid opening | **Nrs** 1,52,000 | 30 Days beyond the Validity of Bid | 19-Apr-2026 12: 00 Hours | 19-Apr-2026 14: 00 Hours |

**Information to deposit the cost of Bidding document in Bank**
**Name of the Bank** : Nepal Investment Mega Bank Nepal LTD , Byangdada branch
**Name of Office** : Shivasatakshi Municipality
Office Account no. : **29601400000017**

2. If Bidder wishes to submit the Cash Security ,the Cash should be deposited in the name of shivasatakshi municipality office, Dharauti account No. **29601400000048** on behalf of of Shivasatakshi Municipality at Nepal Investment Mega Bank Nepal LTD , Byangdada branch and submit the recipt of deposited amount of cash along with sealed Bid.
3. A complete set of Bidding Documents may be download from PPMO website www.bolpatra.gov.np/egp. Bidder may obtain further information from the office of Shivasatakshi miunicipality ,Tel 023-470323 or visit website www.shivasatakshimun.gov.np.
4. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission..
5. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever

**CHIEF ADMINISTRATIVE OFFICER**

# निर्माणाधीन सडकमा दुर्घटनाको जोखिम

**सौर्य समाचार**

धादिङ। त्रिभुवन राजपथअन्तर्गत नागढुंगा-नौबिसे सडकखण्ड विस्तारको काम अहिले अन्तिम चरणमा पुगेको छ। सडक कालोपत्र भएर फराकिलो बने पनि सडक सुरक्षाका आवश्यक संकेत राख्न ढिलाइ हुँदा दुर्घटनाको जोखिम पनि उच्च देखिएको छ। यही सम्भावित जोखिमलाई मध्यनजर गर्दै ट्राफिक प्रहरी अहिले आफैँ कोदालो र खन्ती बोकेर जोखिमपूर्ण स्थानमा ट्राफिक सचेतनासम्बन्धी सूचना (बोर्ड) राख्ने काम थालनी गरेको छ। सडक विस्तारपछि ओरालो, उकालो र खतरनाक घुम्तीको पहिचान दिने बोर्ड नहुँदा चालक झुक्किने र दैनिकजसो सानाठुला दुर्घटना भइरहेका छन्। सडक संकेत राख्न अझै केही समय लाग्ने देखिएपछि ट्राफिक प्रहरीले जोखिमपूर्ण स्थान र अप्ठ्यारा घुम्तीमा आफ्नै पहलमा सचेतना बोर्ड राख्न सुरु गरेको हो।

सडक कालोपत्र भएर फराकिलो र चिल्लो बने पनि सडक सुरक्षाका आवश्यक संकेत राखिनसकेकाले दुर्घटनाको जोखिम कम गर्न ट्राफिक प्रहरी आफैँ बोर्ड गाड्न खटिएका जिल्ला ट्राफिक प्रहरी कार्यालय गजुरी, धादिङका प्रहरी निरीक्षक शिशिर थापाले जानकारी दिए। उनका अनुसार बुधबार मात्रै टोलीले नौबिसे-मलेखु खण्डका १३ वटा अतिजोखिमपूर्ण स्थानमा यस्ता बोर्ड राखेको छ। बजेट अभावका कारण ज्यालामा कामदार लगाउन कठिन भएपछि ड्युटीमा खटिएका ट्राफिक प्रहरी आफैँले कोदालो चलाएर खाल्डो खनेका प्रहरी निरीक्षक थापाले बताए। सेतो टोपी र पेटी बाँधेर सडकमा उभिने प्रहरी बोर्ड गाड्नका लागि खाल्डो खनिरहेको देख्ने स्थानीयले ट्राफिक प्रहरीले सम्मानयोग्य काम गरेको भन्दै प्रशंसा गरेका छन्।

'सडक विभाग र निर्माण कम्पनीले सडक सुरक्षाका प्राविधिक काम पूरा गरिनसकेको अवस्थामा प्रहरीको यो अग्रसरताले यात्रु र चालकलाई ठूलो राहत मिल्नेछ,' गल्छीका स्थानीय जगन्नाथ खतिवडाले भने। उनका अनुसार यात्रुको सुरक्षालाई पहिलो प्राथमिकतामा राखेर ट्राफिक प्रहरीले पहिला पनि ठुला दुर्घटना भएका र अहिले दुर्घटनाको उच्च जोखिम रहेका क्षेत्र पहिचान गरी सचेतना बोर्ड राखेको हो। 'सडकको नयाँ संरचना बन्ने क्रममा पुराना संकेत बोर्ड उखेलिएका छन्, जसले गर्दा चालकलाई सडकको अवस्था बुझ्न कठिन भएको छ,' प्रहरी निरीक्षक थापाले भने, 'दुर्घटना रोक्ने प्रयासस्वरूप हामी आफैँ कार्यक्षेत्रमा खटिएर यी बोर्ड गाडिरहेका छौँ।' सडक विस्तारसँगै सडक सुरक्षाका पूर्वाधार पनि उत्तिकै आवश्यक हुन्छन्। भौतिक रूपमा सडक सम्पन्न भए पनि संकेत बोर्डको अभावमा देखिने रिक्ततालाई ट्राफिक प्रहरीको यो सक्रियताले केही हदसम्म भए पनि कम गरेको स्थानीय बताउँछन्।

# मुआब्जा विवादले रोकियो रेल्वेको काम

**सौर्य समाचार**



महोत्तरी। मुआब्जा विवादले पूर्व-पश्चिम रेल्वेको काम रोकिएको छ। बर्दिबास नगरपालिका क्षेत्रमा १४ जनाको मुआब्जा विवादले काम रोकिएको हो। भारत सरकारको सहयोगमा भारतको जयनगरदेखि महोत्तरी जिल्लाको भंगाहा नगरपालिकास्थित रेल्वे स्टेसनसम्म रेल सञ्चालनमा आइसकेको छ तर मुआब्जा नदिँदा भंगाहाबाट बर्दिबाससम्मको काम रोकिएको छ। १४ जनालाई ७ देखि ८ करोड रुपैयाँ मुआब्जा तिर्न बाँकी छ।

विभागले रकम निकासका निम्ति भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयसँग अनुरोध गरेको जनाएको छ। बर्दिबासका पीडितहरूले मुआब्जाका लागि पटकपटक रेल विभागमा धाइराखे पनि मुआब्जा नपाउँदा उनीहरूले यसअघि धेरैपटक काम रोक्ने चेतावनी दिए पनि रेल्वेले सुनुवाई नगरेपछि अन्ततः पीडितहरूले बर्दिबासमा रेल्वे मार्गको निर्माण कार्य रोकेका छन्।

## नीतिगत सुधार...

स्थिर सरकार बन्ने भएपछि निजी क्षेत्र खुसी भएको उनले बताए। उनले भने, 'निजी क्षेत्र पूर्ण रूपमा निराश हुनुपर्ने अवस्था छैन। हामीले दिएका सुझावहरूमध्ये करिब ३० वटा कानुन, नियमावली र कार्यविधि परिवर्तन भइसकेका छन् भने कतिपय परिवर्तनको प्रक्रियामा छन्। आउने सरकारलाई सुझाव धेरै भए पनि समग्रमा विगतमा राजनीतिक अस्थिरताका कारण कतिपय काम हुन नसके पनि अब स्थिर सरकारसँगै ती समस्या समाधान हुने विश्वास छ।' महासंघका स्थल यातायात तथा पारवहन समितिका सभापति शिवप्रसाद घिमिरेले हालै सम्पन्न चुनावबाट प्राप्त परिवर्तित जनादेशको पृष्ठभूमिमा बन्ने नयाँ सरकारसँग निजी क्षेत्रले उच्च अपेक्षा राखेको बताए। उनले भने, 'नयाँ सरकारले लगानी सुरक्षा, कर प्रणालीमा सुधार, उद्योग-व्यवसाय सञ्चालनमा सहजीकरण तथा पूर्वाधार विकासमा प्राथमिकता दिनुपर्ने हुन्छ।'

नेपाल औषधि उत्पादक संघका अध्यक्ष विप्लव अधिकारीले औषधि अद्योगहरूलाई आवश्यक परेको मुख्य विषय नै नीतिगत सुधार भएको बताए। उनले भने, 'नेपाली औषधि उद्योग प्रविधिमा अगाडि बढिसकेको छ। नवीन प्रविधिहरू हामीले स्वदेशमै उपयोग गर्न थालिसकेका छौँ। हामीसँग प्रविधि पनि छ, विज्ञ पनि छन्। अब चाहिने भनेको नीतिगत सुधार हो।' आउने सरकारले नेपाली औषधिको उत्पादन र उपभोग बढाउन नीतिगत व्यवस्था गर्नुपर्नेमा उनले जोड दिए। नेपालमा बन्ने औषधि विदेशबाट आयात नगर्ने नीति ल्याउनुपर्नेमा जोड दिँदै उनले भने, 'यसो गर्दा उद्योगहरू पनि बढ्ने र रोजगारी पनि बढ्ने हुन्छ। हाल हामीसँग झन्डै २५ देखि ३० हजार प्रत्यक्ष रोजगार जनशक्ति छ। ३० हजार हाराहारी औषधि पसल छन्। ८४ वटा उद्योग सञ्चालनमा छन्। १३० वटा उद्योग दर्ता छन्, त्यसमा अन्य उद्योग पनि आउँदै छन्।' नेपाली उद्योगले जस्तोसुकै कठिन समयमा पनि औषधि उपलब्धताको कुरालाई सुनिश्चितता गर्ने उनले बताए। उनले भने, 'सुलभ मूल्यमा हामी औषधि उपलब्ध गराउँछौँ।'

नेपाल उद्योग परिसंघ (सिएनआई) का अध्यक्ष वीरेन्द्रराज पाण्डेले राजनीतिक र नीतिगत स्थायित्व नै अबको अपेक्षा भएको बताए। उनले नयाँ सरकारले अर्थतन्त्रको वृद्धि र विकासमा काम गर्दा निजी क्षेत्रले साथ, सहयोग र सुझाव पनि दिने बताए। स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान) का अध्यक्ष गणेश कार्कीले मध्यपूर्वमा जारी युद्धले आगामी सरकारको प्राथमिकता के हुनुपर्छ भन्ने प्रष्ट देखाइसकेको बताए। इन्धनमा समस्या आउँदा अबको विकल्प नै ऊर्जा भएको उजले बताए। उनले भने, 'अब भारतले पनि रिन्युएबल इनर्जी भन्न थालेको छ, हामीले ऊर्जा उत्पादन गरेर निर्यात गर्ने यो उपयुक्त समय हो।' अब नेपालमा उत्पादन बढीभन्दा बढी गरेर बिजुलीले कम्तीमा खाना पकाउने, गाडी चढ्ने, कृषिमा आफ्नै बिजुलीले उत्पादन बढाउने, उद्योगधन्दा कलकारखाना आफ्नै बिजुलीले चलाउने उद्देश्य आगामी सरकारले लिन सक्नुपर्नेमा कार्कीले जोड दिए। सरकार बनाउने तयारीमा रहेको रास्वपाले रोजगारीसम्बन्धी गरेको बाचाको लक्ष्य ऊर्जा उत्पादनसँग जोडिँदा मात्रै पूरा हुने कार्कीले उल्लेख गरे। उनले भने, 'ऊर्जा भएपछि मात्रै अन्य उद्योगहरू चल्छन्। त्यसकारण रोजगारीका कुराहरू पनि यसैबाट सम्भव छ। आर्थिक समृद्धिको कुरा पनि यसैबाट सम्भव छ।' रास्वपाले लगानीको वातावरण बनाउने भनेको छ। ऊर्जा क्षेत्रले लाखौँलाई रोजगारी दिन सक्ने र विद्युत् निर्यात गरी आम्दानी बढाउने बताए।

नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष रवि सिंहले अब बन्ने नयाँ सरकार बलियो र स्थिर हुने बताए। आफूहरूको मुख्य अपेक्षा कार्यान्वयनमा जटिलता देखिएका ऐनकानुनमा सुधार नै भएको बताउँदै उनले भने, 'ऐन, कानुन, नियमहरू कार्यान्वयनयोग्य नहुँदा भ्रष्टाचार मौलाएको छ। सुशासन कायम गर्न कानुनअनुसार काम गर्ने वातावरण सरकारले बनाइदिनुपर्छ। विकास निर्माणका कामलाई रास्वपाले एकदम तदारुकता दिन्छौँ, अननेसेसरी बर्डन हामी गर्दैनौँ भनेर भनेको छ। सार्वजनिक खरिद ऐन मात्र संशोधन गरेर पुग्दैन। पूर्वाधार निर्माणका लागि अवरोध हुने हरेक ऐन, वन तथा वातावरण ऐन, स्थानीय ऐन, आर्थिक ऐनलगायतलाई एकत्रित गरेर छाता ऐन बनाएर पूर्वाधार क्षेत्र चलायमान बनाउनुपर्छ।' निर्माण व्यवसायी सरकारसँग सहकार्य गर्न तयार रहेको बताउँदै उनले आफूहरू समृद्धिको संवाहक बन्न चाहेको उनी बताउँछन्। नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपाल (नाडा) का अध्यक्ष सुरेन्द्र उप्रेतीले सबैभन्दा पहिला दिगो सरकार चाहिएको बताए। उनले भने, 'दिगो सरकार र सुशासन चाहिएको छ। दिगो सरकार भयो भने अन्य नीतिहरू त बन्दै जान्छन्। बलियो यातायात प्रणाली नै अहिले मुख्य काम हुनेछ।'

# Gramthan Rural Municipality
## Office of The Rural Municipal Executive
**Tetariya, Morang**
**Koshi Province, Nepal**

### Notice for the Letter of Intent

**First Date of Publication 2082-12-06**

Pursuant to Sub Clause 27.2 and 27.3 of Public Procurement Act 2063, This is to notify all the Bidders who submitted their bids for the Contract Identification No mentioned below as per the Invitation for the Bids Published in the National daily Newspaper that the following listed Lowest Evaluated Substantially Responsive Bidder has been selected to award the contract.

| Contract Id | Name of the Work | Lowest Evaluated Substantially Responsive Bidder | Bid Price Inclusive VAT/LSPS |
|---|---|---|---|
| G.R/NCB/ WORKS/11-082-083 | Wada No. 2 Bibhinna Sadak Kalopatrey (Package2) | Suban Group Of Construction and Suppliers Pvt.Ltd., Dhankuta-5 | 1988040.50 |
| G.R/SQ/ WORKS/12-082-083 | Gramdev Schooldekhi Uttar Dangtol Jane Bato Kalopatre (2nd Part) | Luna Construction Gadhi-1, Sunsari | 533943.70 |
| G.R/NCB/ WORKS/13-082-083 | Gaunpalika Namuna Yojana Lakhantari Simariya Gidhaniya Sadak(Package2) +Wada Sadasya Chanar Devi Mushar Tolmaa Pitch | Suban Group Of Construction and Suppliers Pvt.Ltd., Dhankuta-5 | 3647981.02 |

# सुन्दरहरैँचा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**विराटचौक, मोरङ**

### बिद्युतीय माध्यमद्वारा बोलपत्र आब्हानको सूचना

**(प्रथम पटक सूचना प्रकाशन मिति: २०८२/१२/०६)**

यस कार्यालयको आ.व. २०८२/०८३ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार निम्न बमोजिमका निर्माण कार्यहरु खरिद गर्नुपर्ने भएकोले इजाजत प्राप्त इच्छुक कम्पनी/फर्महरुले रितपुर्वक बोलपत्र www.bolpatra.gov.np/egp मार्फत तोकिएको म्याद भित्र पेश गर्नुहुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

| सि. न. | बोलपत्रको विवरण | लागत अनुमान रु (भ्याट बाहेक र पिएस सहित) | बोलपत्र फाराम दस्तुर रु. | बोलपत्र जमानत रु. | बोलपत्र पेश गर्ने अन्तिम मिति |
|---|---|---|---|---|---|
| १ | SHM/NCB/W/32/2082/083, Construction Works of Interlocking Block Road (Road no. 25 & 02), Sundarharaicha 12 | ४८०६२३१.१७ | ३०००.०० | १३२०००.०० | २०८३/०१/०६ १२.०० बजे |
| २ | SHM/NCB/W/33/2082/083, Blacktopped Road Maintenance Works, Belepur-Sukrabare Road, Sundarharaicha 11&12 | ९०२४११९.७५ | ३०००.०० | २४८०००.०० | २०८३/०१/०६ १२.०० बजे |

**अन्य विवरण**

१. बोलपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट पेश गर्ने तथा खोल्ने मिति कायम हुनेछ। थप जानकारीका लागि सुन्दरहरैँचा नगरपालिकामा सम्पर्क राख्न सकिनेछ।
२. बोलपत्र स्वीकृत/अस्वीकृत गर्ने अधिकार यस नगरपालिकाको कार्यालयमा निहित रहने छ।

**प्रमुख प्रशासकीय अधिकृत**

# कालिमाटी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**रामपुर सल्यान**

### बोलपत्र स्वीकृति गर्ने आशयको सूचना

**(सूचना प्रकाशित मिति: २०८२।१२।०६)**

उपरोक्त विषयमा यस कार्यालयको: KRM/ NCB/GOODS/2082/83/15 का लागि प्रकाशित सूचना वमोजिम पर्न आएका बोलपत्रहरुमध्ये तपशिलको बोलपत्र न्युनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भनी बोलपत्र मूल्यांकन समितिबाट स्वीकृतिका लागि सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ उपदफा २र३ बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो आशयपत्र सम्बन्धी सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

| सि.नं | ठेक्का नं. | कामको विवरण | छनोट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मुअकर सहित) |
|---|---|---|---|---|
| 1. | KRM/NCB/ GOODS/2082/83/15 | Krishi upakaran kharida (minitaylor) | Sarobar Trade Concern birendranagar-surkhet | 6906108/00 |

**प्रमुख प्रशासकीय अधिकृत**

### एभरेष्ट बैंक लिमिटेड बिरगंज र बागबजार शाखा कार्यालयको तपसिलमा उल्लेखित ऋणीहरुलाई ऋणकर्जा चुक्ता भुक्तानी गर्न आउने बारेको ३५ दिने सूचना

यस एभरेष्ट बैंक लि. को तपसिलमा उल्लेखित शाखा कार्यालयहरुबाट तपसिलमा उल्लेखित ऋणीहरुले उपभोग गर्नु भएको विभिन्न ऋणकर्जा साथै क्रेडिट कार्ड कर्जा सुविधाको बैंकलाई तिर्नु बुझाउनुपर्ने साँवा, व्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाई वेवास्ता गरेकोले ऋणकर्जा चुक्ता भुक्तानी गर्न आउनुहुन यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुमा सम्पर्क राखी प्राप्त ऋणकर्जाको सम्पूर्ण साँवा, व्याज आदि चुक्ता भुक्तानी गर्नुहोला। यसरी दिईएको उक्त समयावधी भित्र कर्जा नियमित वा चुक्ता गर्न नसके बैंकले अन्य कानुनी कारवाही अवलम्वन गरी कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईएको छ। साथै तपसिलका ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको सुरक्षणमा व्यक्तिगत जमानी दिने तपसिल बमोजिमका व्यक्तीहरुलाई समेत उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्यादै भित्र कर्जा भुक्तानी गर्नु गराउनु हुन सूचित गरिएकोछ।

**शाखा कार्यालयः बिरगंज, फोन नं. ०५१-५२७१६३।**

**१. ऋणीको विवरण**

प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०६७/०८/०९ मा नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, बिरगंज, पर्सामा प्रा.फ.र.नं. ५११२/०६७/०६८ अन्तर्गत दर्ता कायम भएको तथा नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग/कार्यालय बिरगंज, पर्साको मिति २०६७/०८/१२ को पान नं. ३०४५१२९५७ अन्तर्गत दर्ता भएको दिपश्री फुड प्रोडक्ट्स।
ठेगानाः पर्सा जिल्ला, बिरगंज म.न.पा., वडा नं. २४, रामगढवा।
प्रोप्राईटरः रामगोबिन्द महतोको नाति, रामानन्द महतो नुनियाको छोरा पर्सा जिल्ला, सबैठवा गा.वि.स. वडा नं. ४ बस्ने वर्ष ५४ को (ना.प्र.नं. ८०२३१४१५, जारी मिति २०४४/१२/१०, जि.प्र.का. पर्सा) **शम्भु प्रसाद नुनिया।**

**२. ऋणीको विवरण**

रामगोबिन्द महतोको नाति, रामानन्द महतो नुनियाको छोरा पर्सा जिल्ला, सबैठवा गा.वि.स. वडा नं. ४ बस्ने वर्ष ५४ को (ना.प्र.नं. ८०२३१४१५, जारी मिति २०४४/१२/१०, जि.प्र.का. पर्सा) **शम्भु प्रसाद नुनिया।**

**व्यक्तिगत तथा धितो जमानी दिनेहरुको नाम, थर र ठेगाना**

*(माथी क्रम संख्या १ र २ मा उल्लेखित ऋणीहरु दिपश्री फुड प्रोडक्ट्स तथा शम्भु प्रसाद नुनियाले उपभोग गरेको ऋण कर्जामा व्यक्तिगत जमानी दिनुहुने)*

१) नथु चौधरीकी छोरी, रामानन्द महतो नुनियाकी बुहारी, शम्भु प्रसाद नुनियाकी पत्नी पर्सा जिल्ला, सबैठवा गा.वि.स. वडा नं. ४ बस्ने वर्ष ५२ की (ना.प्र.नं. ३४३०६८/३०, जारी मिति २०६३/१२/११, जि.प्र.का पर्सा) **रेन्जु देवी।**
२) रामगोबिन्द महतोको नाति, रामचन्द्र महतो नुनियाको छोरा पर्सा जिल्ला, सबैठवा गा.वि.स. वडा नं. ४ बस्ने वर्ष ५१ को (ना.प्र.नं. ८०२३१४५०, जारी मिति २०५८/०६/०७, जि.प्र.का पर्सा) **जयचन्द्र प्रसाद नुनिया।**
३) जादोलाल महतो नुनियाकी छोरी, रामचन्द्र महतो नुनियाकी बुहारी, जयचन्द्र प्रसाद नुनियाकी पत्नी पर्सा जिल्ला, सबैठवा गा.वि.स. वडा नं. ४ बस्ने वर्ष ४९ की (ना.प्र.नं. ३४-०१-७०-०८०२४, जारी मिति २०७०/०६/१६, जिल्ला पर्सा) **सरीता देवी।**
४) रामानन्द महतो नुनियाको नाति, शम्भु प्रसाद नुनियाको छोरा पर्सा जिल्ला, सबैठवा गा.वि.स. वडा नं. ४ बस्ने वर्ष २८ को (ना.प्र.नं. ३४-०१-७१-०१९८३, जारी मिति २०७१/०२/२८, जि.प्र.का पर्सा) **धनन्जय कुमार महतो।**

**धितोमा रहेको सम्पत्तिहरुको विवरण**

*(माथी क्रम संख्या १ र २ मा उल्लेखित एकै समूह अन्तर्गतका ऋणीहरु दिपश्री फुड प्रोडक्ट्स तथा शम्भु प्रसाद नुनियाले उपभोग गर्नु भएको ऋण कर्जाका लागि उपलब्ध गराइएको धितो सुरक्षणको विवरण)*

१) रामगोबिन्द महतोको नाति, रामानन्द महतो नुनियाको छोरा पर्सा जिल्ला, सबैठवा गा.वि.स. वडा नं. ४ बस्ने वर्ष ५४ को (ना.प्र.नं. ८०२३१४१५, जारी मिति २०४४/१२/१०, जि.प्र.का. पर्सा) शम्भु प्रसाद नुनियाको नाममा दर्ता श्रेस्ता कायम रहेको पर्सा जिल्ला, रामगढवा गा.वि.स. वडा नं. ८ स्थित **कित्ता नं.** ३४२ को **क्षेत्रफल** ११८.५१ (**व.मि.**) को जग्गा र भवन तथा सो जग्गा-भवनले चर्चेको सम्पूर्ण लिग लगापातहरु।
२) नथु चौधरीकी छोरी, रामानन्द महतो नुनियाकी बुहारी, शम्भु प्रसाद नुनियाकी पत्नी पर्सा जिल्ला, सबैठवा गा.वि.स. वडा नं. ४ बस्ने वर्ष ५२ की (ना.प्र.नं. ३४३०६८/३०, जारी मिति २०६३/१२/११, जि.प्र.का पर्सा) **रेन्जु देवी** तथा जादोलाल महतो नुनियाकी छोरी, रामचन्द्र महतो नुनियाकी बुहारी, जयचन्द्र प्रसाद नुनियाकी पत्नी पर्सा जिल्ला, सबैठवा गा.वि.स. वडा नं. ४ बस्ने वर्ष ४९ की (ना.प्र.नं. ३४-०१-७०-०८०२४, जारी मिति २०७०/०६/१६, जिल्ला पर्सा) **सरीता देवी** को संयुक्त नाममा दर्ता श्रेस्ता कायम रहेको पर्सा जिल्ला, बिरगंज म.न.पा वडा नं. १६ **कित्ता नं. ११३ र ११४** को **क्षेत्रफल क्रमशः ०,००४२.३२ र ०,००४२.३२ (व.मि.)** को जग्गा र भवन तथा सो जग्गा-भवनले चर्चेको सम्पूर्ण लिग लगापातहरु।

**३. ऋणीको विवरण**

श्री जनक नेपालीको नाति, सीयाराम नेपालीको छोरा पर्सा जिल्ला, वीरगंज नगर/गाँउ वडा नं. ९ बस्ने वर्ष ५० को (ना.प्र.नं. १६०३२०३१९, जारी मिति २०४९/१०/०५, जि.प्र.का. पर्सा) **राकेश नेपाली।**

**धितोमा रहेको सम्पत्तिको विवरण**

१) एभरेष्ट बैंक लि. र ऋणी श्री **राकेश नेपाली** को नाममा दर्ता रहेको सवारी साधन थान १ः
मोडेल नं.ः Honda Stunner
इन्जिन नं.ः JC40E-9033898
च्यासिस नं.ः ME4JC4041-88014343
दर्ता नं.ः NA 10 PA 7568

**शाखा कार्यालयः बागबजार, फोन नं. ०१-५३४२७१२/५३४७२६२।**

**१. क्रेडिट कार्ड कर्जा उपभोग गर्ने ऋणीको नाम, थर, ठेगाना**

लाल बहादुर भण्डारीको नाति, खड्क बहादुर भण्डारीको छोरा बाग्लुङ्ग जिल्ला, भकुण्डे गा.वि.स. वडा नं. ९ बस्ने वर्ष ३० को (ना.प्र.नं. ५०१००६/३३८०४, जारी मिति २०६९/०७/२०, जि.प्र.का. बाग्लुङ्ग) **सुजन भण्डारी।**

एभरेष्ट बैंक लिमिटेड
EBL EVEREST BANK LIMITED

प्रधान कार्यालय
लाजिम्पाट, काठमाडौं
फोन नं.: ०१-४५४३३७७।

**दिगो, दरिलो र विश्वासिलो**

# होर्मुज अवरोधले खाडी क्षेत्रमा महँगी चर्कियो



■ एजेन्सी

दुबई । मध्यपूर्वमा जारी युद्धका कारण रणनीतिक स्ट्रेट अफ होर्मुज अवरुद्ध भएपछि खाडी मुलुकहरूको खाद्य आपूर्ति प्रणालीमा गम्भीर दबाब परेको छ । यसको प्रत्यक्ष असर उपभोक्ता मूल्यमा देखिन थालेको छ । बजारमा वस्तुको अभाव नभए पनि मूल्य तीव्र रूपमा बढ्न थालेपछि दैनिक जीवनयापन महँगिएको छ ।

बहराइनका एक उपभोक्ता महमुद अलीले सुपरमार्केटमा सामान सहजै पाइए पनि पछिल्ला दिनहरूमा केही खाद्य वस्तुको मूल्य उल्लेखनीय रूपमा बढेको बताए । उनका अनुसार विशेष गरी मासुको मूल्य झन्डै दोब्बर भएको छ । खाडीका अधिकांश देशहरूजस्तै बहराइन पनि खाद्य आपूर्तिका लागि आयातमा निर्भर रहेकाले आपूर्ति मार्गमा आएको अवरोधले सिधै मूल्यमा असर पारेको हो ।

फेब्रुअरी २८ मा इरानविरुद्ध सुरु भएको इजरायल-अमेरिका आक्रमणपछि क्षेत्रीय द्वन्द्व चर्किंदा होर्मुज जलडमरू हुँदै हुने ढुवानी लगभग ठप्प भएको छ । यसले संयुक्त अरब इमिरेट्स, कतार, कुवेत र बहराइनका प्रमुख बन्दरगाहहरूमा कार्गो प्रशोधन या त स्थगित भएको छ वा उल्लेखनीय रूपमा घटाइएको छ । अर्थशास्त्री फ्रेडरिक स्नाइडरका अनुसार निरन्तर ड्रोन र क्षेप्यास्त्र आक्रमणका कारण हवाई ढुवानी पनि पूर्ण क्षमतामा सञ्चालन हुन सकेको छैन ।

यस अवस्थाले खाडीका प्रमुख समुद्री प्रवेशद्वारहरू प्रभावहीन बनेका छन् । अबुधाबीका बन्दरगाह, दुबईको जेबेल अली र साउदी अरबको दम्माम जस्ता केन्द्रहरूमा आवागमन अवरुद्धजस्तै भएको छ भने जहाजहरू ओमान तथा स्ट्रेटको दक्षिणतर्फका वैकल्पिक बन्दरगाहतर्फ मोडिएका छन् । साउदी अरेबियाले भने खुला हवाई क्षेत्र र लालसागरका बन्दरगाहमार्फत आफूलाई वैकल्पिक आपूर्ति केन्द्रका रूपमा स्थापित गर्ने प्रयास गरिरहेको छ ।

ट्राफिक अवरोध समाधान गर्न साउदी अरबले पूर्वी बन्दरगाहबाट डाइभर्ट गरिएका कार्गो व्यवस्थापनका लागि नयाँ रसद मार्ग र सञ्चालन कोरिडोर थप्ने पहल सुरु गरेको जनाएको छ । कतारतर्फ जाने सीमाक्षेत्रमा भारी ट्रकहरूको आवागमन बढेको देखिएको छ, जसले भूमि मार्गको प्रयोग बढ्दै गएको संकेत गर्छ । यद्यपि, सिरिया वा जोर्डन हुँदै भूमध्यसागर जोड्ने स्थलमार्गहरू सीमित, महँगा र अपर्याप्त भएको विज्ञहरूको भनाइ छ ।

विशेष गरी ताजा खाद्य सामग्रीहरू सबैभन्दा बढी प्रभावित भएका छन्, किनकि ती प्रायः एसियाबाट आयात गरिन्छन् र लामो समयसम्म भण्डारण गर्न सकिँदैन । यस्तो अवस्थामा खाडी मुलुकहरूको तयारी फरक-फरक देखिएको छ । साउदी अरेबियासँग लालसागरमार्फत वैकल्पिक पहुँच छ भने संयुक्त अरब इमिरेट्सले ४ देखि ६ महिनासम्म पुग्ने भण्डार रहेको जनाएको छ । सन् २०१७ को नाकाबन्दीपछि कतारले पनि रणनीतिक भण्डारणमा उल्लेखनीय लगानी गरेको थियो ।

तर बहराइन र कुवेतजस्ता देशहरूले भने प्रत्यक्ष प्रभाव महसुस गर्न थालेका छन् । कुवेतमा प्रारम्भिक दिनमै सुपरमार्केटहरूमा भिड बढेपछि सरकारले केही आधारभूत वस्तुको मूल्य नियन्त्रण र अनुदानित मासु आयात स्थगित गर्ने कदम चालेको थियो । कुवेती अधिकारीका अनुसार समग्र मूल्य स्थिर देखिए पनि मासु र माछाको मूल्य ३० प्रतिशतभन्दा बढीले बढेको छ, जसको कारण माछा मार्ने गतिविधि रोकिनु र इरान, भारत तथा पाकिस्तानबाट आयात अवरुद्ध हुनु हो ।

निजी क्षेत्रले पनि आपूर्ति व्यवस्थापन गर्न प्रयास गरिरहेको छ । लुलु रिटेल चेनले चाँडै नबिग्रने वस्तुहरूको ४ देखि ६ महिनासम्म पुग्ने भण्डार राखेको र ताजा खाद्य सामग्री ल्याउन विशेष उडान सञ्चालन गरिरहेको जनाएको छ । कम्पनीका अनुसार हालसम्म ३७ वटा चार्टर्ड उडानमार्फत ६ हजार टनभन्दा बढी ताजा सामग्री आयात गरिएको छ र यसबाट उत्पन्न अतिरिक्त लागत तत्काल उपभोक्तामा नथोपारिएको बताइएको छ ।

विश्लेषक स्नाइडरकाअनुसार अहिले मूल्य वृद्धि नियन्त्रणमै देखिए पनि युद्ध लामो समयसम्म जारी रहे आयातित खाद्य सामग्रीको मूल्य अझ बढ्ने ठोस जोखिम रहेको छ । त्यसैले होर्मुज अवरोध केवल सामरिक संकट मात्र नभई खाडी क्षेत्रका लागि खाद्य सुरक्षासँग जोडिएको दीर्घकालीन चुनौतीका रूपमा उभिएको देखिएको छ ।

# इरानी सुरक्षा प्रमुखको हत्या 'अस्वीकार्य' : चीन

■ एजेन्सी

बेइजिङ । चीनले बिहीबार इजरायली हवाई आक्रमणमा इरानी राष्ट्रिय सुरक्षा प्रमुख अली लारिजानीको हत्या भएको घटनाको कडा निन्दा गर्दै यसलाई 'अस्वीकार्य' ठहर गरेको छ । बेइजिङ इरानको साझेदार भए पनि अमेरिकी सैन्य अड्डा भएका खाडी राज्यहरूमाथि तेहरानले गरेको आक्रमणको पनि आलोचना गरेको छ । चीनको विदेश मन्त्रालयका प्रवक्ता लिन जियानले पत्रकार सम्मेलनमा भने, 'हामीले सधैँ अन्तर्राष्ट्रिय सम्बन्धमा बल प्रयोगको विरोध गरेका छौँ । इरानी राज्य नेताहरूको हत्या र नागरिक लक्ष्यहरूमा आक्रमण गर्ने कार्यहरू अझ अस्वीकार्य छन् ।' उनले सम्बन्धित पक्षहरूलाई तत्काल सैन्य कारबाही बन्द गर्न र क्षेत्रीय स्थिति नियन्त्रण बाहिर जानबाट रोक्न आग्रह गरे ।

फेब्रुअरी २८ मा सुरु भएको युद्धका क्रममा सर्वोच्च नेता अली खामेनी र अन्य वरिष्ठ व्यक्तिहरूको मृत्युपछि लारिजानी मारिने सबैभन्दा उच्च प्रोफाइल इरानी अधिकारी हुन् । चीनले यस घटनापछि आफ्ना मध्यपूर्वका विशेष दूत झाई जुनको भ्रमणलाई विशेष महत्त्व दिएको छ । उनले साउदी अरब, संयुक्त अरब इमिरेट्स, बहराइन, कुवेत र इजिप्टमा शीर्ष अधिकारीहरूलाई भेटेर युद्धमा मध्यस्थता प्रयास गरिरहेका छन् ।

प्रवक्ता लिनका अनुसार झाईले भ्रमणमा गैर-सैन्य लक्ष्यहरूमा आक्रमण नगर्न र ढुवानी लेनहरूको सुरक्षा सुनिश्चित गर्न जोड दिएका छन् । चीनले बेइजिङबाट जारी कूटनीतिक प्रयासलाई जारी राख्ने बताएको छ र इरान, लेबनान, जोर्डन र इराकमा मानवीय सहायता प्रदान गर्ने निर्णय गरेको छ ।


**हकदाबी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन, २०६३ वमोजिम मिति २०७९।१०।०९ मा दर्ता भएको प्रा.लि.नं. ३०५१७० को सहज सप्लायर्स प्रा.लि. को मिति २०८२।१२।०२ मा सम्पन्न वार्षिक साधारण सभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कुनै पनि कम्पनी, संस्था, फर्म, व्यक्ति वा कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सवैको जानकारीको लागी यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटर: कुमार कर्ण, इजाजतपत्र नं. ४६४, ठेगाना : काठमाण्डौं**
**फोन नं. ९८१९७२५२४८**



## Balephi Rural Municipality
### Office of the Municipal Executives
**Balephi, Sindhupalchok**
**Bagmati Province, Nepal**

**Invitation for Bids**

**Date of publication: 19th March, 2026)**

1. Balephi Rural Municipality, Office of the Rural Municipal Executive, Balephi, Sindhupalchok invites electronic bids from eligible bidders for the following works under National Competitive Bidding. Only eligible bidders should participate in this bidding.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents visit PPMO e- GP system www.bolpatra.gov.np/egp.
3. Bidder should submit necessary experience document as for bid Document.
4. Office reserves the right to accept or reject any Bids without assigning any reasons whatsoever, other terms and conditions not covered here will be in accordance to PPA-063 and PPR 2064.

| S.N | Contract ID No. / Description | Bid Security Amount (NRs) | Bid Fee Amount (NRs) | Estimated Amount Without VAT and ps | Last Date of Bid Submission | Bid opening Date |
|---|---|---|---|---|---|---|
| 1 | BRM/NCB/Goods-09/2082-083 Procurement supply and installation of ICT Material | 1,87,000.00 | 3000 | 7462520.00 | 12:00 Hrs. on 19th April 2026 | 13:00 Hrs. on 19 th April 2026 |

**Chief Administrative Officer**



# Thabang Rural Municipality
## Office Of The Rural Municipal Executive
**Thabang, Rolpa**
**Lumbini Province, Nepal**

**Invitation For Bids**

**Date of publication: 20-03- 2026 (2082/12/06)**

1. ***Thabang Rural Municipality*** invites electronic bids from Registered Nepalese eligible bidders for the following work.

| S.N. | Contract ID. | Description and location of work | Estimated Amounts (Including VAT) | Bid Security Amounts | Price of Bid Documents |
|---|---|---|---|---|---|
| 1 | TRM/W/NCB/08/2082-083 | Fabrication of Steel parts and Transportation upto Roadheads for Trail Bridge in Thabang Rural Municipality, Thabang 01, Kherbang-Funtibang, Rolpa | 13,43,592.37 | 35,000.00 | 3,000 |

2. Eligible Bidders may visit PPMO website www.bolpatra.gov.np/egp. for further information.
3. Bidder should submit their bid electronically and download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cos t (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank: Global IME Bank Ltd, Thabang**
   **Name of Office: Thabang Rural Municipality, Thabang, Rolpa**
   **Rajaswa Account no.: 28504010000009 ( Ga 1.1 Aantarik Rajaswa Khata Thabang )**
4. Sealed or electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on before **12:00 on 19/03/2026.** Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **13:00 on 19/03/2026** at the office of ***Thabang Rural Municipality Thabang, Rolpa***.
6. Bids must be valid for a period of ***90 days*** and must be accompanied by a scanned copy of the bid security in .pdf format for e-bid, which shall be valid for 120 days from the final bid submission date. If bidder wishes to submit the bid security in the form of cash the cash should be deposited in the bank account with the following information.
   **Name of the Bank: Global IME Bank Ltd, Thabang**
   **Name of Office: Thabang Rural Municipality, Thabang,**
   **Deposit Account no.: 28504010000003 ( Ga 3.1 Dharauti Khata Thabang )**
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Employer reserves the right to accept or reject , wholly or partly any or all the bids without assigning any reason. Matters not covered by this notice shall be in accordance with Public Procurement Act, 2063 and Public Procurement Regulations, 2064 and prevailing regulations.

**Chief Administrative Officer**



## उर्लाबारी नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
**उर्लाबारी, मोरङ**
**कोशी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

यस कार्यालयवाट मिति २०८२/१०/१४ गते राष्ट्रिय स्तरको बोलपत्रमा प्रकाशित सूचना बमोजिमको समयाधिभित्र दर्ता हुन आएका बोलपत्रहरु मध्ये तलशिलमा उल्लेख भएको बोलपत्र मूल्याङ्कित तथा सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ प्रयोजनका लागि सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीका लागि ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

**तपशिलः-**

| सूचना नं | आयोजना/कार्यक्रमको नाम | स्वीकृत फर्म | कवोल अंक (मू.अ.कर. सहित) |
|---|---|---|---|
| ०६/२०८२/०८३ जिन्सी | औषधि खरिद | यसोदा फर्मा ट्रेड प्रा.लि. विराटनगर मोरङ्ग | १७,९५,४३८।३५ ( अक्षरूपी रु. सत्र लाख पन्चानव्वे हजार चार सय अडतिस रुपैयां पैतिस पैसा मात्र) |

**प्रमुख प्रशासकीय अधिकृत**



## उर्लाबारी नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
**उर्लाबारी, मोरङ**
**कोशी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

यस कार्यालयवाट मिति २०८२/१०/२२ गते राष्ट्रिय स्तरको बोलपत्रमा प्रकाशित सूचना बमोजिमको समयाधिभित्र दर्ता हुन आएका बोलपत्रहरु मध्ये तलशिलमा उल्लेख भएको बोलपत्र मूल्याङ्कित तथा सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ प्रयोजनका लागि सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीका लागि ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

**तपशिलः-**

| सूचना नं | आयोजना/कार्यक्रमको नाम | स्वीकृत फर्म | कवोल अंक (मू.अ.कर. सहित) |
|---|---|---|---|
| ०५/२०८२/०८३ जिन्सी | स्यानिटरी प्याड | जसमिन हाइजिङ्ग प्रोडक्ट टंकी सिनिवारी मोरङ्ग | ८,७७,७२७।५० ( अक्षरूपी रु आठ लाख सतहत्तर हजार सात सय सत्ताइस रुपैयां पचास पैसा मात्र) |

**प्रमुख प्रशासकीय अधिकृत**

विदेशी खेलाडी विवाद

# अध्यागमन विभागको निर्देशनपछि एन्फाद्वारा राष्ट्रिय लिग स्थगित




**सौर्य समाचार**

काठमाडौं । अध्यागमन विभागको निर्देशनपछि अखिल नेपाल फुटबल संघ (एन्फा) ले सञ्चालन गरिरहेको राष्ट्रिय महिला तथा पुरुष लिग फुटबल प्रतियोगिता अनिश्चितकालका लागि स्थगित भएको छ। विभागले पर्यटक भिसामा नेपाल आएका विदेशी खेलाडीलाई प्रतियोगितामा सहभागी गराइएको भन्ने उजुरी प्राप्त भएपछि एन्फालाई औपचारिक पत्राचार गर्दै आवश्यक कानुनी प्रक्रिया पालना गर्न निर्देशन दिएको थियो। एन्फाले बिहीबार सहभागी क्लबहरूलाई पत्र पठाउँदै प्राविधिक कारण देखाउँदै लिगका बाँकी खेलहरू अर्को सूचना नआएसम्म स्थगित गरिएको जनाएको छ। एन्फाका प्रमुख कार्यकारी अधिकृत इन्द्रमान तुलाधरको हस्ताक्षरमा जारी पत्रअनुसार म्याच नम्बर ९७ र १०० देखि १३६ सम्मका खेलहरू रोकिएका छन्। हालसम्म लिगमा ३६ खेल बाँकी रहेको बताइएको छ।

अध्यागमन विभागका निर्देशक टीकाराम ढकालद्वारा हस्ताक्षरित पत्रमा विभिन्न क्लबहरूले पर्यटक भिसामा आएका विदेशी खेलाडीलाई समेत समावेश गरेको भन्ने उजुरी प्राप्त भएको उल्लेख गरिएको छ। विभागले यस्तो कार्य अध्यागमन नियमावलीविपरीत भएको स्पष्ट पारेको छ। अध्यागमन नियमावली, २०५१ अनुसार, कुनै पनि विदेशी नागरिकले प्राप्त गरेको भिसाको उद्देश्यभन्दा बाहिर गएर अन्य काम गर्न नपाउने प्रावधान छ। यसै सन्दर्भमा विभागले एन्फा तथा सम्बन्धित क्लबहरूलाई सचेत गराउँदै यदि विदेशी खेलाडीलाई प्रतियोगितामा सहभागी गराउनुपरेमा कार्य सहमति र श्रम स्वीकृति अनिवार्य रूपमा लिनुपर्ने जनाएको छ।

विभागले जारी गरेको निर्देशनमा भनिएको छ कि नियमानुसार आवश्यक कागजात पूरा नगरी विदेशी खेलाडीलाई खेलमा उतारिएमा कडा कारबाही गरिनेछ। साथै, यस विषयमा बिहीबारदेखि नै अनुगमन प्रक्रिया सुरु गरिएको जानकारी पनि विभागले दिएको छ। अनुगमनका क्रममा श्रम स्वीकृति नलिएका वा भिसाको उद्देश्यविपरीत गतिविधिमा संलग्न खेलाडी भेटिएमा तत्काल कारबाही अघि बढाइने चेतावनी दिइएको छ।

एन्फाले पनि विभागको निर्देशनलाई ध्यानमा राख्दै तत्कालका लागि लिग स्थगित गर्ने निर्णय गरेको बुझिएको छ। यस निर्णयले प्रतियोगितामा सहभागी क्लबहरू, खेलाडीहरू तथा समर्थकहरूमा अन्योल सिर्जना भएको छ। विशेषगरी विदेशी खेलाडीमा निर्भर रहेका क्लबहरूलाई यसको प्रत्यक्ष असर पर्ने देखिएको छ।

अध्यागमन विभागले यस विषयमा युवा तथा खेलकुद मन्त्रालय र राष्ट्रिय खेलकुद परिषद् (राखेप) लाईसमेत बोधार्थ पत्र पठाएको छ, जसले यो मुद्दा सरकारका सम्बन्धित निकायहरूको समेत ध्यानाकर्षणमा आएको संकेत गर्छ। खेल क्षेत्रमा विदेशी खेलाडीको सहभागिता सामान्य भए पनि त्यसका लागि कानुनी प्रक्रिया पूरा गर्नु अनिवार्य हुने भएकाले अबका दिनमा एन्फा र क्लबहरूले यस विषयमा थप सतर्कता अपनाउने अपेक्षा गरिएको छ। हालको अवस्थाले नेपाली फुटबल व्यवस्थापनमा कानुनी पक्षको पालना कति महत्त्वपूर्ण छ भन्ने कुरालाई पुनः उजागर गरेको छ। लिग पुनः सञ्चालन कहिलेदेखि हुने भन्नेबारे एन्फाले हालसम्म कुनै स्पष्ट मिति सार्वजनिक गरेको छैन। आवश्यक प्रक्रिया पूरा भएपछि मात्रै प्रतियोगिता पुनः सुचारु हुने अनुमान गरिएको छ।

## आर्मीलाई हराउँदै पुलिसले जित्यो जय ट्रफीको उपाधि

**सौर्य समाचार**



काठमाडौं। जय ट्रफी पुरुष एलिट कप क्रिकेट प्रतियोगिताको उपाधि विभागीय टोली नेपाल पुलिस क्लबले जितेको छ। प्रतियोगिताको तेस्रो दिन बिहीबार पुलिस क्लबले त्रिभुवन आर्मी क्लबलाई ४ विकेटले पराजित गर्दै उपाधि चुमेको हो। २२७ रनको लक्ष्य पछ्याउँदै दोस्रो पालीमा पुलिस क्लबले ६ विकेट गुमाएर २३० रन बनाउँदै लक्ष्य पूरा गर्‍यो। पुलिस क्लबका रासिद खानले १२८ बलमा ८१ रन बनाए, जसमा ३ छक्का र ८ चौका समावेश छन्। कुशल भुर्तेलले ६४ बलमा ५१ रन बनाए भने विकेटकिपर दिलसाद अलीले अविजित ३१ रन जोडे। ओपनर दिनेश खरेलले २५ रन थपेका थिए।

आर्मी क्लबका बलर साहब आलम र पवन कार्कीले समान २ विकेट लिए भने भीम सार्की र आकाश चन्दले १-१ विकेट हात पारे। पहिलेको पालीमा आर्मी क्लबले २ सय २६ रन बनाएको थियो, जसमा आकाश चन्द ३७, कुशल मल्ल ३६ र साहब आलम ३३ रन बनाएका थिए। पुलिस क्लबका बलर सागर ढकालले ४ विकेट लिए भने ललित राजवंशी र करण केसीले समान ३ विकेट हात पारे। पहिलो पालीमा पुलिस क्लबले २२१ रन बनाएको थियो, जसमा नवौं नम्बर ब्याट्सम्यान करण केसीले ७२ रन अविजित बनाए। कप्तान अरिफ शेखले ४४ रन योगदान दिए। रासिद खानले प्लेयर अफ दी म्याचको उपाधि हात पारे।

### सूर्य नेपाल वेस्टर्न ओपन

## भुवनलाई १ स्ट्रोकको अग्रता

**सौर्य समाचार**




पोखरा। सूर्य नेपाल गल्फ टुर २०२५-२६ अन्तर्गत पाँचौं प्रतियोगिता तथा २६औं संस्करणको सूर्य नेपाल वेस्टर्न ओपनको दोस्रो दिन भुवन नगरकोटी १ स्ट्रोकको अग्रतासहित शीर्षस्थानमा रहेका छन्। बिहीबार ३-अन्डर ६६ खेलेका उनले समग्रमा ३-अन्डर १३५ को स्कोरमा शुक्रबहादुर राईलाई १ स्ट्रोकले पछि पारेका हुन्। बिहीबार २-अन्डर ६७ खेल्दै समग्रमा २-अन्डर १३६ सहित शुक्र दोस्रो स्थानमा झरे। १-ओभर ७० को स्कोर बनाएका जयराम श्रेष्ठ समग्रमा १-ओभर १३९ सहित तेस्रो स्थानमा झरेका छन्। समग्रमा २-ओभर १४० को स्कोरमा सञ्जय लामा चौथो स्थानमा उक्लिए। उनले लगातार दोस्रो दिन १-ओभर ७० को कार्ड बनाए। पहिलो दिनका संयुक्त लिडर भुबहादुर गुरुङले बिहीबार ५-ओभर ७४ को प्रदर्शन गरे। समग्रमा ५-ओभर १४३ सहित घरेलु प्रो भुबहादुर पाँचौं स्थानमा तल झरे।

समग्रमा ६-ओभर १४४ स्कोर खडा गरेका रमेश अधिकारीले दोस्रो दिनको खेल ४-ओभर ७३ मा सकाए। उनी छैटौं स्थानमा रहे। समग्रमा ७-ओभर १४५ को स्कोरका साथ सुरेश तामाङ र भुवन कुमार रोक्काले सातौं स्थान बाँडे। बिहीबार सुरेशले २-ओभर ७१ र भुवनले ४-ओभर ७३ खेले। बिहीबार ४-ओभर ७३ स्कोर बनाएका रवि खड्का समग्रमा ८-ओभर १४६ सहित नवौं तथा समग्रमा ९-ओभर १४७ सहित नेपाल नम्बर १ गल्फर निरज तामाङ १०औं स्थानमा रहेका छन्। निरजले बिहीबार ४-ओभर ७३ को प्रदर्शन गरे। यसअघि लगातार २ प्रतियोगिता जितेका भुवनले शीर्षस्थानमा एकल अग्रता बनाउने क्रममा फ्रन्ट नाइन २-अन्डर ३२ मा सकाए। उनले तेस्रो, चौथो, पाँचौं र नवौं होलमा बर्डीको सफलता प्राप्त गरे। ५-पारको छैटौं होलमा डबल बोगी खेपे।

यसपछि १०औं र १३औं होलमा १-१ सट बचाउँदा ११औं होलको बोगीले ब्याक नाइन १-अन्डर ३४ मा पूरा गरे। शुक्रले फ्रन्ट नाइन १-ओभर ३५ मा सकाउने क्रममा पहिलो, तेस्रो र सातौं होलमा बोगी खेपे। दोस्रो र छैटौं होलमा १-१ सट बचाए। यसपछि ब्याक नाइनमा सम्हालिँदै ३-अन्डर ३२ को स्कोर निकाले। उनले १०औं, १५औं र १७औं होलमा बर्डीको सफलता प्राप्त गरे। जयरामले तेस्रो होलको बर्डीका विरुद्ध दोस्रो र चौथो होलमा बोगी प्रहार गर्दै फ्रन्ट नाइन १-ओभर ३५ खेले। यसपछि १०औं होलमा बर्डी र १८औं होलको बोगीले ब्याक नाइन इभन-पार ३५ मा सकाए। एमेच्योरतर्फ राहुल विश्वकर्मा ८ स्ट्रोकको अग्रतासहित शीर्षस्थानमा रहेका छन्। उनले बिहीबार ३-ओभर ७२ सहित समग्रमा ३-ओभर १४१ को स्कोर निकाले। पहिलो दिन संयुक्तरूपमा शीर्षस्थानमा रहेका राहुल समग्रमा भने पाँचौं स्थानमा झरे। किशन परियारले ३-ओभर ७२ मा दोस्रो दिनको खेल सकाए। उनले समग्रमा ११-ओभर १४९ स्कोर जोडे। एमेच्योरतर्फ यी २ ले मात्र कट बनाए। समग्रमा १२-ओभर १५० स्कोरमा कट लागू हुँदा १८ प्रो र २ एमेच्योर गरी २० जनाले अन्तिम दिनका लागि स्थान सुरक्षित गरे। प्रोतर्फ तोरणविक्रम शाही, रामे मगर, वसन्त राज गुरुङ, प्रदीप कुमार लामा, सुमन परियार, शिव कुमार माझी, दिनेश प्रजापति र दीपक मगरले कट बनाए।

कला

## वंशवृक्ष संयुक्त कविता कृतिको परिचर्चासँगै कवितावाचन

**सौर्य समाचार**

काठमाडौं। साहित्यिक पत्रकार संघ तथा मिलाप म्यागजिनको संयुक्त आयोजनामा 'वंशवृक्ष' नामक संयुक्त कविता कृतिको परिचर्चा तथा कविताावाचन कार्यक्रम सम्पन्न भएको छ। बिहीबार काठमाडौंमा आयोजित उक्त कार्यक्रममा कवि प्रा पुरुषोत्तम दाहाल र उनका छोरा अनिमेष दाहालद्वारा संयुक्त रूपमा लेखिएको वंशवृक्ष कविता कृतिबारे चर्चा भएको हो। कार्यक्रमको उद्घाटन गर्दै नेपाल संस्कृति विश्वविद्यालयका पूर्वउपकुलपति प्राडा कुलप्रसाद कोइरालाले युवा कवि अनिमेष दाहालको सिर्जनशीलताको प्रशंसा गरे। उनले अनिमेषलाई नेपाली कविता लेखन क्षेत्रमा उदाउँदै गरेको प्रतिभाशाली तारा भएको उल्लेख गर्दै उनका कविताहरूले पाठकको मन र मस्तिष्कमा गहिरो प्रभाव पार्न सफल भएको धारणा व्यक्त गरे।

प्राडा कोइरालाले भने, 'प्रा.पुरुषोत्तम दाहालका कविताहरू विगतदेखि नै अध्ययन गर्ने अवसर मिलेको थियो, तर अहिले उहाँका पुत्र अनिमेष दाहालका कविताहरू पढ्न पाउँदा निकै हर्ष लागेको छ। उनका कविताहरू मार्मिक, गहिरा र अध्ययनयोग्य छन्।' कार्यक्रममा युवा साहित्यकार घनेन्द्र ओझाले विदेशमा रहेर पनि अनिमेषले नेपाली साहित्यको विकासमा पुर्‍याएको योगदान प्रशंसायोग्य रहेको बताए। कार्यक्रममा वरिष्ठ समालोचक युवराज मैनाली, डा.ज्ञानु अधिकारी, महाकाव्यकार खेमनाथ दाहाल, कलानिधि दाहाल, वरिष्ठ साहित्यकार तथा साहित्यिक पत्रकार संघका अध्यक्ष राधेश्याम लेकालीलगायतले वंशवृक्ष कृतिको विभिन्न आयामबाट समीक्षा गरेका थिए। कार्यक्रमको समापन गर्दै वरिष्ठ साहित्यकार तथा साहित्यिक पत्रकार संघका अध्यक्ष राधेश्याम लेकालीले आगामी दिनमा पनि यस्ता साहित्यिक गतिविधिहरूलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरे।

## लालीबजारमा फरक भूमिकामा छु : स्वस्तिमा



**सौर्य समाचार**

काठमाडौं। अभिनेत्री स्वस्तिमा खड्काले सामाजिक विषयवस्तुमा आधारित रहेर तयार गरिएको चलचित्र 'लालीबजार' मा आफूले चाहेजस्तो काम गर्न पाएको र हालसम्म गरिरहेका भूमिकाभन्दा फरक रहेको बताएकी छिन्। उक्त चलचित्रको सावजनिक गीत तथा 'टिजर' लाई दर्शकले रुचाउँदै सकारात्मक प्रतिक्रिया दिएपछि पत्रकारसँग कुराकानी गर्दै अभिनेत्री खड्काले चलचित्र निर्माण गर्ने समूह षट्कोण आर्टसप्रतिको विश्वास र चलचित्रमा उठान गरिएको विषयवस्तुका कारण अभिनय गर्न थालेको एक दशकको यात्रा पार गरेपछि पहिलोपटक ' अडिसन' मार्फत चलचित्र 'लालीबजार' मा अभिनेत्रीका रूपमा अनुबन्धित भएको बताइन्।

अभिनेत्री खड्काले भनिन्, 'लालीबजार चलचित्रमा मैले अभिनेत्रीका रूपमा सोच्ने सबै काम गर्न पाएकी छु। यो विषयवस्तु मेरालागि पनि नयाँ र फरक थियो। एउटा कलाकारका लागि यस्तो भूमिका निर्वाह गर्न पाउनु अवसर र चुनौती दुवै हो। मैले निर्वाह गरेको भूमिकाका बारेमा बिस्तारै खुल्दै गएपछि दर्शकले बुझ्नुहुन्छ। मैले हालसम्म गरेको कामभन्दा भिन्न छ।' उनले चलचित्रमा यौन पेसाकर्मी महिलाको भूमिका निर्वाह गरेकी छन्। आगामी १८ वैशाखदेखि प्रदर्शन हुने उक्त चलचित्रमा अभिनेत्री खड्कासँगै रवीन्द्रसिंह बानियाँ, बालकलाकार समाइरा थापा, मुकुन्द श्रेष्ठ, अभय बराल, प्रेम पाण्डे, आशा पौडेल, गोविन्द सुनार, आभा अर्याल, तारा शर्मा, रमेश वादी, सरस्वती अधिकारी, नवअभिनेता विशाल देवकोटाले अभिनय गरेका छन्।

चलचित्रलाई यम थापाले निर्देशन गरेका छन्। चलचित्रको पटकथा तथा संवाद निर्देशक थापासँगै अर्का निर्देशक प्रदीप भट्टराईले संयुक्त रूपमा तयार गरेका हुन्। उक्त चलचित्रलाई दीपेश खत्री र रवीन्द्रसिंह बानियाँले संयुक्त रूपमा निर्माण गरेका हुन्।


**Panchapuri Municipality**
**Office of the Municipal Executive**
**Babiyachaur, Surkhet**
**Karnali Province, Nepal**

**Invitation for Electronic Bids**

**Date of Publication: 2026/03/20**

1. Panchapuri Municipality, Office of the Municipal Executive has allocated funds from its own resources & GoN towards the cost of following works and intends to apply the funds to cover eligible payments under the contract and is open to all eligible Nepalese Bidders.
2. Panchapuri Municipality, Office of the Municipal Executive invites electronic bids only from eligible bidders for the following works.

| IFB No. | Description of Work | Cost of Bidding Document (NRs.) | Estimated Amount | Bid Bond Amount (NRs.) | Last Date and Time of Bid Submission | Bid Opening Date and Time | Bid Security Validity Period | Remarks |
|---|---|---|---|---|---|---|---|---|
| PMO/SKT/SQ/WORKS/082/83-1(re) | Swasthya Chauki Adhuro Bhawan Nirman Panchapuri 7 Surkhet | 1000 (one thousands only) | **1,715,048.65** (Excluding VAT but including PS) | 50000 (Fifty thousands only) | 2026/04/05 (12:00) | 2026/04/05 (13:00) | 75 days from last day of bid submission | |
| PMO/SKT/SQ/WORKS/082/83-2(re) | Jamunikhola badh tatha sichai kulo nirman | 1000(one thousands only) | 1,725,557.42 (Excluding VAT but including PS) | 50000 (Fifty thousands only) | 2026/04/05 (12:00) | 2026/04/05 (13:00) | 75 days from last day of bid submission | |

3. Eligible Bidders may obtain further information at Panchapuri Municipality, Babiyachaur Surkhet , Nepal during office hours or may visit PPMO website www.bolpatra.gov.np/egp.
4. A complete set of bidding document is available online and can be downloaded from e-GP system: www.bolpatra.gov.np/egp. Interested bidders shall register in the e-GP system and deposit the above mentioned cost of bidding document in the **Rastiya Banijya Bank, and Account No. –** 4420100301010005, AC name:**PANCHAPURI NA.PA.(GA-1-1)-AANTARIK,** office code:80668402300
5. The bid security may either be in the form of a bid security issued by authorized Financial Institution according to format provided in Bid Document or cash deposited in **Panchapuri Municipallity, Deposit account, Rastriya Banijya Bank., Account No.** 4420100303000005 ,Account name **PANCHAPURI NA.PA.(GA-3)-DHARAUTI AC**





**सृजना इन्टरनेशनल मिडिया प्रा.लि.**द्वारा प्रकाशित । कार्यालय, पानीपोखरी, काठमाडौं, फोन: ०१४५२०१९५, पो.बनं.: १०३७८, इमेल: info@souryadaily.com, **मुद्रण**: समा पेपर्स एण्ड पब्लिकेसन लि., भैंसेपाटी, ललितपुर, **निर्देशक** : वसन्तनाथ पन्त, **प्रधान सम्पादक**: बोधराज त्रिपाठी